सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ चैत २०७९, मंगलबार (11 April 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३५२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ जनकपुर विकास परिषद्मा अनियमितता

एकै व्यक्ति चार उपभोक्ता समितिको अध्यक्ष



परिषद्मा भएका अनियमितताबारे यसअघि नै एक मुद्दा दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा पछिल्ला वर्षका अनियमिततामाथि पनि छानबिन जारी

(विस्तृत पृष्ठ ३)

डिफेन्स ल्याब : विज्ञान-प्रविधि विकासको सञ्जीवनी



नेपालले डिफेन्स ल्याबको अवधारणामार्फत विज्ञान-प्रविधिको विकासमा विकसित मित्रराष्ट्रहरूसँग सहकार्य गर्न सकेको भए आज सुनको कचौरामा भिख माग्ने स्थिति आउने थिएन

अग्रलेख

● डा. ध्रुवबहादुर खड्का

(पृष्ठ ४)

धेरै नेपालीलाई अस्पताल पुऱ्याउने प्रमुख रोग श्वासप्रश्वास, ग्यास्ट्राइटिस र टाउको दुखाइ

■ सरकारी तथ्यांकअनुसार ०७८/७९ मा श्वासप्रश्वासको समस्याले २६ लाख ८७ हजार ४४१, टाउको दुखाइबाट १८ लाख ११ हजार ७५३ र ग्यास्ट्राइटिसपीडित १६ लाख २८ हजार ६९ बिरामी पुगे अस्पताल

मञ्जु टेलर/नयाँ पत्रिका

सरुवाभन्दा नसर्ने रोगको विस्तार झन् भयावह बन्दै गएको छ। पछिल्ला केही वर्षको तथ्यांक हेर्ने हो भने अधिकांश बिरामी अस्पताल भर्नाको प्रमुख कारण नै नसर्ने रोग बनेका छन्।

सबैभन्दा धेरैलाई सताउने रोगमा श्वासप्रश्वासमा समस्या, टाउको दुखाइ र ग्यास्ट्राइटिस देखिएका छन्। स्वास्थ्य सेवा विभागको एकीकृत स्वास्थ्य सूचना प्रणालीको तथ्यांकअनुसार आर्थिक वर्ष ०७८/७९ मा सबैभन्दा धेरै श्वासप्रश्वाससँग सम्बन्धित बिरामी अस्पताल पुगेका छन्। अपर रेस्पिरेटोरी ट्र्याक इन्फेक्सन भएर १६ लाख ३८ हजार आठ सय पाँच तथा एक्युट रेस्पिरेटोरी इन्फेक्सन भएर १० लाख ४८ हजार ६ सय ३६ जना अस्पताल पुगेका थिए। त्यस्तै, १८ लाख ११ हजार सात सय ५३ जना टाउको दुखाइ र १६ लाख २८ हजार ६९ बिरामी ग्यास्ट्राइटिससँग सम्बन्धित समस्या लिएर अस्पताल पुगेको विभागको तथ्यांक छ।

त्यसअघिका तीन आर्थिक वर्ष ०७७/७८, ०७६/७७ र ०७५/७६ मा पनि यिनै तीन प्रकारका नसर्ने रोगका बिरामी धेरै देखिएका छन्। ०७७/७८ मा अपर रेस्पिरेटोरी ट्र्याक इन्फेक्सन भएर १३ लाख ६२ हजार दुई सय १९ तथा एक्युट रेस्पिरेटोरी इन्फेक्सन भएर नौ लाख १७ हजार एक सय ३२ जना अस्पताल पुगेका थिए। त्यस्तै, ०७६/७७ मा अपर रेस्पिरेटोरी ट्र्याक इन्फेक्सनका १५ लाख ४७ हजार आठ सय ५५ र एक्युट रेस्पिरेटोरी इन्फेक्सनका १० लाख ७३ हजार दुई सय ११ बिरामी अस्पताल पुगेका थिए। त्यस्तै, ०७५/७६ मा पनि सबैभन्दा धेरै अपर रेस्पिरेटोरी ट्र्याक इन्फेक्सनका १३ लाख ३५ हजार ३१ र एक्युट रेस्पिरेटोरी इन्फेक्सनका नौ लाख ४८ हजार आठ सय ८८ बिरामी अस्पताल पुगेको विभागको तथ्यांक छ।

धूम्रपान, आगोमा खाना पकाउँदाको धुवाँ, तीव्र सहरीकरण, पूरा सवारीसाधनको प्रयोगबाट निस्किने प्रदूषणलगायतले श्वासप्रश्वासमा संक्रमण निम्त्याउने गरेको छातीरोग विशेषज्ञ डा. नीरज बम बताउँछन्। 'वातावरण नै प्रदूषित भएपछि श्वासप्रश्वासमा समस्या विकराल बनेको छ। जहाँ बसे पनि श्वास त फेर्नैपर्छ, प्रदूषण एक व्यक्तिको नियन्त्रणमा हुँदैन। धूम्रपान गर्ने, धुवाँधुलोमा रहेर काम गर्ने,

» पृष्ठ २ मा क्रमशः



■ यी रोगका बिरामी पनि धेरै

उच्च रक्तचाप, ढाड दुखाइ, छालाको संक्रमण र हाडजोर्नीको समस्याले पनि धेरै नेपालीलाई अस्पताल पुऱ्याउँछ। स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार ०७८/७९ मा नौ लाख ७१ हजार १८२ जना हाडजोर्नीको समस्या, आठ लाख आठ हजार ८२८ जना ढाड दुखाइ, सात लाख ९५ हजार ८७ उच्च रक्तचाप र सात लाख ३५ हजार २२ जना छालासम्बन्धी रोग लिएर अस्पताल भर्ना भएका थिए।

सामान्य अवस्थामै औषधि खान नमान्दा उच्च रक्तचापले जटिलता निम्त्याउँदै छ



● **डा. अरुण मास्के**, मुटुरोग विशेषज्ञ

सामान्य लक्षणलाई बेवास्ता गर्दा अधिकांशमा जटिलता देखिने गरेको छ। अस्वस्थ जीवनशैली अर्थात् शारीरिक रूपमा सक्रिय नहुने, शारीरिक व्यायामको कमी, दिनभरिजसो कम्प्युटरमा बसेर काम गर्ने वा निहुरिएर बस्ने, अनियमित निद्राजस्ता कारणले रक्तचापको समस्या बढाइरहेको छ। साथै अल्कोहल र निकोटिनको बढ्दो प्रयोग, प्रशोधित खाद्यपदार्थको प्रयोगले पनि यसमा बढावा दिइरहेको छ। अस्वस्थ दैनिकीले निम्त्याइरहेको मोटोपन, मधुमेहजस्ता समस्याले समेत उच्च रक्तचापलाई सहयोग गरिरहेको छ। नेपालमा वयस्क जनसंख्याको २० देखि २५ प्रतिशतलाई उच्च रक्तचापको समस्या छ, जुन सामान्य होइन। औषधिको प्रयोगबाट यसलाई नियन्त्रण गर्न सकिने भए पनि त्यसलाई बेवास्ता गर्दा हृदयाघात, स्ट्रोक, मिर्गौला फेलजस्ता जटिलता बढ्दो छ। थप निम्तिन सक्ने जटिलता रोक्न नियमित औषधि सेवन गरेर रक्तचाप नियन्त्रण गर्नुपर्छ, तर बिरामीले समस्या थाहा पाएसमेत औषधि खान मान्दैनन्।

श्वासप्रश्वासले निम्त्याउने समस्या कुनै एक व्यक्तिको नियन्त्रणमा छैन



● **डा. नीरज बम**, छातीरोग विशेषज्ञ

धूम्रपान, आगोमा खाना पकाउँदा निस्कने धुवाँधुलो, तीव्र सहरीकरण, पुराना सवारीसाधनको प्रयोगजस्ता कारण निम्तिने प्रदूषणले श्वासप्रश्वासमा संक्रमण गराउँछ। विभिन्न कारणले वातावरणमा थुप्रिँदै गएको प्रदूषणले जन्मिने ब्याक्टेरियाले पनि श्वासप्रश्वासमा समस्या निम्त्याउने गरेका छन्। जहाँ बसे पनि श्वास त फेर्नैपर्छ, तर प्रदूषणको समस्या व्यक्तिको नियन्त्रणमा हुँदैन। श्वासनलीमा संक्रमण हुँदा नै उपचार गराए फोक्सोसम्म संक्रमण पुग्न पाउँदैन। तर, दम, निमोनिया, आस्थामालगायत समस्या भइसक्दासमेत उपचारका लागि अस्पताल नपुग्ने समस्याले थप जटिलता निम्त्याउने गरेको छ।

टाउको दुखाइ एक लक्षण हो, जुन विभिन्न रोगको संकेत हुन सक्छ



● **डा. दीपेश शाक्य**, वरिष्ठ स्नायुरोग विशेषज्ञ

टाउको दुखाइ सामान्य लक्षण मानिए पनि दुखाइको अवस्था, दुख्ने समय र ठाउँ आदिका आधारमा जटिलतासमेत फरक हुन्छ। यो एक लक्षण हो जुन विभिन्न रोगको संकेत हुन सक्छ। हालसम्मका अध्ययनले डेढ सयभन्दा धेरै किसिमको टाउको दुखाइ हुने देखाएको छ। शारीरिक र मानसिक तनाव, शरीरमा पानीको कमी, स्नायुमा समस्या र माइग्रेन टाउको दुख्ने प्रमुख कारण हुन्। पछिल्ला वर्षहरूमा कोभिड महामारी र यसले निम्त्याएको तनावलाई समेत टाउको दुखाइ बढ्नुको कारण मानिएको छ।

■ ब्याजदर घटाउने नीति लिँदै राष्ट्र बैंक

चौतर्फी दबाबपछि ब्याजदर घटाउने वातावरण तयार गर्दै राष्ट्र बैंक, आज पत्रकार सम्मेलन गरिँदै



अर्थतन्त्र सुधारोन्मुख : प्रधानमन्त्री दाहाल

ब्याजदर घटाउन र आर्थिक गतिविधि बढाउन चेम्बरको माग, अर्थमन्त्री भन्छन्- लगानीमैत्री वातावरण बनाउँछौं

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ तिब्बतीयनलाई नागरिकता प्रकरण

नागरिकतामै हस्ताक्षर गर्ने कर्मचारीलाई जोगाइयो

पक्राउ परेका दुवै शरणार्थीको नागरिकतामा प्रशासकीय अधिकृत लेखनाथ खतिवडाको हस्ताक्षर, तर अभियोगबाट उनलाई उन्मुक्ति

काठमाडौं/ आर्थिक चलखेलका आधारमा तिब्बती शरणार्थीलाई नेपाली नागरिकता दिलाएको घटनामा नागरिकतामै हस्ताक्षर गर्ने कर्मचारीलाई समेत प्रहरीले जोगाएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले सोमबार रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिलमा बुझाएकोमा जिल्ला प्रशासनका कर्मचारीलाई उन्मुक्तिको सिफारिस गरिएको छ।

नेपाली नागरिकता लिने दुई तिब्बतीयन शरणार्थीसहित

» पृष्ठ २ मा क्रमशः

■ गृह मन्त्रालय मौन

हाल दुईवटा नागरिकताको मुद्दा प्रक्रिया अधि बढेकोमा थप नागरिकताउपर छानबिन चलिरहेकै छ। हाल प्रहरीले ३० वटा शंकास्पद नागरिकतामाथि अनुसन्धान गरिरहेको छ। पक्राउ परेका बिचौलियाले करिब पाँच सयप्रति नागरिकता त्यसरी दिइसकेको बताएका छन्।

यसरी कर्मचारीकै मिलेमतोमा देशको राजधानीबाटै शरणार्थीलाई नागरिकता दिएको विषय बाहिर आउँदा पनि गृह मन्त्रालयले भने त्यसमा चासो दिएको छैन। न त त्यस विषयमा आन्तरिक छानबिनमै चासो दिइएको छ न त कारबाही नै। कतिसम्म भने, त्यससम्बन्धी कागजपत्र लुकाउन सक्ने कर्मचारीलाई समेत जिम्मेवारीबाट हटाइएको छैन। जसकारण यो प्रकरण प्रभावित बनेको छ।

गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेत अहिले आफूहरू प्रहरीको अनुसन्धानलाई नै सघाइरहेको र मन्त्रालयबाट कुनै छानबिन नभएको बताउँछन्। 'हामीले अहिले प्रहरी अनुसन्धानलाई नै सघाएका छौं, छुट्टै छानबिन गरेका छैनौं,' उनी भन्छन्, 'आवश्यक पऱ्यो भने छानबिन गर्छौं।'

संसदीय समितिमा दलहरूको हानथाप

१० वटा विषयगत र दुईवटा संयुक्तसहित संसद्का कुल १२ समितिमध्ये **कांग्रेस ५, एमाले ४, रास्वपा २, राप्रपा २, जसपा २, एकीकृत समाजवादी १, जनमतको १ मा दाबी**

राजनीतिक सहमतिका आधारमा अघि बढ्ने माओवादीको भनाइ



१० वटा विषयगत समितिमा कुन दलका कति सांसदले प्रतिनिधित्व गर्ने संख्या टुंगियो, सदनमा पेस हुन बाँकी

● **एकराम गिरी**, प्रवक्ता, संसद् सचिवालय



बुधबार समिति गठन हुन्छ। त्यसका लागि सभामुखज्यूले दलहरूसँग नाम माग्नुभएको छ। समिति गठन भएपछि ज्येष्ठ सदस्यले बैठकको सभापतित्व गर्नुहुन्छ। निर्वाचन तोकिएपछि सभापति चयनको प्रक्रिया अघि बढ्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभाका विषयगत समिति गठनको प्रक्रिया अघि बढेसँगै दलहरूले नेतृत्वमा आ-आफ्नो दाबी राखेका छन्। प्रतिनिधिसभाका १० वटा विषयगत समिति गठनका लागि सभामुख देवराज घिमिरेले दलहरूसँग नाम मागेका छन्।

मंगलबारसम्मको समय पाएका दलहरूले सांसदको नाम रुचि, क्षमता र अनुभवका आधारमा सिफारिस गर्ने तयारी गरेका छन्। प्रतिनिधिसभा नियमावलीको नियम १७५ मा प्रत्येक समितिमा सभामुखले प्रतिनिधिसभाको सहमति लिएर पदेन सदस्यबाहेक बढीमा २७ जना सदस्य मनोनयन गर्न सक्ने व्यवस्था छ।

बुधबार प्रतिनिधिसभा बैठकबाट संसदीय समिति गठनको तयारी हुँदा दलहरूले समितिको सभापतिमा आफ्नो दाबी सार्वजनिक गरेका हुन्। कार्यव्यवस्था परामर्श समिति सदस्यहरूका अनुसार १० वटा विषयगत र दुईवटा संयुक्तसहित कुल १२ वटा समितिमध्ये कांग्रेसले ५, एमालेले ४, रास्वपा, राप्रपा र जसपाले २-२ र एकीकृत समाजवादी र जनमतले १-१ समितिको नेतृत्व दाबी गरेको छ।

संसद्का नियमित तथा आकस्मिक कार्यहरूलाई

» पृष्ठ २ मा क्रमशः

■ यसकारण हुन्छ हानथाप

कानुन निर्माणमा महत्त्वपूर्ण प्रभाव पार्ने, राज्यसत्ता सञ्चालनसँग प्रत्यक्ष जोडिने, सम्बन्धित मन्त्रालयसँग सीधा जोडिने, निर्देशन दिने, कतिपय समयमा दलीय स्वार्थलाई स्थापित गर्न सक्ने, राजनीतिक अनुभव लिने र करिअर स्थापित गर्न सक्ने प्लाटफर्म, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध स्थापित गर्न सक्ने ठाउँ भएकाले सभापतिमा हानथाप रहन्छ।

■ के हुन्छ सुविधा ?

विषयगत समिति सभापतिले राज्यमन्त्रीसरह सुविधा पाउँछन्। संसद् सचिवालयका अनुसार प्रतिमहिना तलब ६९ हजार ३०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा २५ हजार ६०८, निजी सचिवालय बन्दोबस्त १७ सय ५०, गार्डघर १७ सय ५०, अतिथि सत्कार १७ सय, बिजुली धारा दुई हजार, सवारी इन्धन दुई सय लिटर पाउँछन्। थप सुविधामा प्रतिबैठक एक हजार भत्ता, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार तथा प्रत्येक तीन महिनामा पाँच लिटर मोबिल पाउने व्यवस्था छ। सचिवालयतर्फ स्वकीयसचिव राप द्वितीय एकजना, कम्प्युटर अप्रेटर एकजना, सवारीचालक दुईजना, कार्यालय सहयोगी एकजना, प्रिन्टरसहितको कम्प्युटर एउटा, साइकल एक, अंगरक्षक प्रहरी सहायक निरीक्षक एकजना, हेड प्रहरी कन्सटेबल एकजना र प्रहरी जवान चारजना पाउँछन्।

लुछाचुँडी र हानथाप गर्नुपर्ने आवश्यकता छैन



● **सूर्यकिरण गुरुङ**, पूर्वमहासचिव, संसद् सचिवालय

समिति महत्त्वपूर्ण हो। सदनले सबै गर्न सक्दैन। समितिले तोकिएको क्षेत्रको सम्पूर्ण कामकारबाही गर्ने हो। दलहरूले नेतृत्व लिन चाहनु स्वाभाविक हो। तर, स्वार्थ राख्ने र गलत तरिकाले प्रयोग गर्दा कार्यपालिकालाई चेक एन्ड ब्यालेन्स हुन सक्दैन। जस्तो सरकारको खर्चको विषय हेर्ने लेखा समिति प्रतिपक्षलाई जान्छ। समितिको सभापति सुविधाको हिसाबले पनि रुचिकर मानिन्छ। यद्यपि, लुछाचुँडी र हानथाप गर्नुपर्ने आवश्यकता छैन। विषयको जानकारी भएको सभापति भयो भने समिति प्रभावकारी हुन्छ। अनुभव र अभ्यस्त नभएका नयाँ सांसदले खासै काम गर्न सक्दैनन्। समितिको सभापति मेरो मान्छे हुँदा सजिलो हुन्छ भन्ने धारणा गलत हो। समिति सभापति क्षमतावान् र अनुभवी हुनु अतिआवश्यक छ।

■ आविष्कार केन्द्रले मर्मत गरेपछि 'बायो ग्यास प्लान्ट' सञ्चालनमा

फोहोरबाट दैनिक १४ किलोवाट बिजुली उत्पादन गर्न सकिने



रविनमान श्रेष्ठ, वातावरण विभाग प्रमुख, काठमाडौं महानगर

मेसिन आविष्कार केन्द्रले मर्मत गरिसकेको छ, अब यसमा फोहोर राखेर बिजुली उत्पादन गर्छौं। 'प्लान्ट चलाउन चाहिने बेलुन भारतबाट आयात गर्न लागेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाको 'बायो ग्यास प्लान्ट' मेसिन मर्मतपछि पुनः सञ्चालनमा आएको छ। दुई महिनाअघि राष्ट्रिय आविष्कार केन्द्रले मर्मत गरिदिएपछि सात वर्षदेखि थन्किएको मेसिन एक साताअघिबाट प्रयोगमा आएको हो।

सञ्चालनमा आएसँगै प्लान्टमा फोहोरबाट बिजुली निकाल्न 'कम्पोस्टिङ' कार्य सुरु भएको छ। यसमा दैनिक आठ टन फोहोर अट्छ। प्लान्टबाट दैनिक १४ किलोवाट बिजुली उत्पादन गर्न सकिने महानगरको अनुमान छ।

आविष्कार केन्द्रले दुई महिनाअघि प्लान्ट मर्मत गरिदिएपछि महानगरले सञ्चालनमा ल्याएको महानगरका वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठले जानकारी दिए। 'मेसिन आविष्कार केन्द्रले मर्मत गरिसकेको छ, अब यसमा फोहोर राखेर बिजुली उत्पादन गर्छौं,' उनले भने, 'प्लान्ट चलाउन



चाहिने बेलुन भारतबाट आयात गर्न लागेका छौं।'

उनका अनुसार हाल प्लान्टमा फोहोर राखेर त्यसलाई बिजुली बनाउने तयारी गरिँदै छ। आविष्कार केन्द्रले भारतबाट खरिद गरेर एक साताभित्र बेलुन ल्याउनेछ। त्यसलगतै फोहोरबाट बिजुली उत्पादन हुनेछ। उनका अनुसार अहिले बिजुली उत्पादनकै लागि फोहोर जम्मा गरेर 'कम्पोस्टिङ' गर्ने कार्य भइरहेको छ।

काठमाडौं महानगरमा फोहोर उत्पादन बढ्दै जान सक्ने अवस्थालाई मध्यनजर राख्दै ०७१ मा दाताको सहयोगमा बायो ग्यास प्लान्ट मेसिन भित्र्याइएको थियो। एक करोड ८६ लाख मूल्यको उक्त मेसिन ०७१ मा युरोपेली युनियन (इयू)ले महानगरको २० प्रतिशत र अन्य ८० प्रतिशत लागतमा खरिद गरिएको थियो।

मेसिङबाट बिजुली, ग्यासलगायत नवीकरणीय ऊर्जा उत्पादन गर्न सकिन्छ। यसमा सहरभित्रको अधिकांश कुहिने फलफूलजन्य फोहोरलाई 'कम्पोस्टिङ प्रविधिबाट' बिजुली निकाल्न प्रयोग सकिन्छ।

०७४ मा मेयरमा चुनिएलगतै विद्यासुन्दर शाक्यले बिजुली बालेर उद्घाटन गरेका थिए। परीक्षण गर्दा नौ किलोवाट क्षमताको बिजुली उत्पादन भएको थियो। उत्पादन गरिएको बिजुली टेकुस्थित महानगरको कार्यालय प्रयोजनमा प्रयोग गरिएको थियो। तर, लामो समयसम्म सञ्चालन नगर्दा प्लान्ट खिया लागेर बिग्रिएको थियो।

वैशाखदेखि काठमाडौंमा पनि सडकबत्ती राख्न सुरु गरिने

६०% महानगर र ४०% रकम विद्युत् प्राधिकरणले व्यहोर्ने

काठमाडौं/ काठमाडौं महानगरपालिकाभित्र पनि वैशाखदेखि सडकबत्ती राख्न सुरु गरिने भएको छ। राष्ट्रिय सडकबत्ती प्रवर्द्धन आयोजनाका प्रमुख प्रमोद रिजालले वैशाखदेखि सडकबत्ती राख्ने काम सुरु हुने जानकारी दिए। 'हामीले आशयको सूचना निकालिसकेका छौं। अब त्यसमा कसैको उजुरी परेन भने सम्झौता गर्छौं। र, वैशाखबाट निर्माण कार्य नै थाल्छौं,' उनले भने।

यो योजना एक वर्षमा सम्पन्न हुनेछ। महानगरभित्र सडकबत्ती राख्न महानगर र नेपाल विद्युत् प्राधिकरणबीच गत माघ २४ गते सम्झौता भएको थियो। सडकबत्ती जडान गर्न ११ करोड ९९ लाख ७४ हजार नौ सय २५ रुपैयाँ लाग्नेछ। जसमध्ये ६० प्रतिशत रकम महानगर र ४० प्रतिशत रकम विद्युत् प्राधिकरणले व्यहोर्ने सम्झौतामा उल्लेख छ। सम्झौताअनुसार महानगरको लगानीमा लैनचौरदेखि महाराजगन्जसम्म, माइतीघर मण्डलादेखि बागबजारसम्म, बागबजारदेखि शीतलनिवाससम्म, सिनामंगल अन्तर्राष्ट्रिय विमानस्थल, गौशाला हुँदै कमलपोखरीसम्म, चाबहिलदेखि जोरपाटीसम्म बत्ती जडान गरिनेछ। प्राधिकरणको लगानीमा सिनामंगल विमानस्थलदेखि तिनकुने, बानेश्वर, माइतीघर मण्डला, त्रिपुरेश्वर, टेकु, कालीमाटी हुँदै कलंकीसम्म, त्रिपुरेश्वरदेखि लैनचौरसम्म र टुँडिखेलबरिपरि बत्ती जडान हुने सम्झौतामा उल्लेख छ। निर्माण सम्पन्न भएपछि सञ्चालन र व्यवस्थापनका लागि महानगरलाई हस्तान्तरण हुनेछ।

हाल ललितपुर महानगरपालिकाले २० भन्दा बढी स्थानमा स्मार्ट स्ट्रिट लाइट जडान गरिसकेको छ। तर, काठमाडौं महानगरमा भने उक्त कार्य रोकिँदै आएको थियो। महानगरले बल्ल अघि बढाउन लागेको छ। पछिल्लो समय महानगरभित्रका अधिकांश सडक रातिको समयमा अन्धकार हुने गरेका छन्। कतिपय ठाउँमा भएका सडकबत्ती पनि मधुरा भइसकेका छन्।

ट्राफिक बत्ती मर्मत सुरु

काठमाडौं उपत्यकाका विभिन्न चोक र सडकमा रहेका ट्राफिक बत्तीको मर्मत सुरु भएको छ। सडक विभाग, सडक सुरक्षा तथा ट्राफिक शाखाले १९ वटा चोकमा 'अपरेसन एन्ड मेन्टेनेन्स' कार्यक्रमअन्तर्गत मर्मत अघि बढाएको हो। विभिन्न समयमा जडान भएका यी ट्राफिक बत्ती निरन्तर मर्मत भइरहेको शाखाकी इन्जिनियर आश्मा न्यौपानेले बताइन्। उनका अनुसार अहिले बानेश्वर, तिनकुने, सिंहदरबारलगायत भक्तपुरका विभिन्न चोकमा मर्मत भइरहेको छ। काठमाडौं उपत्यकामा चालू आर्थिक वर्षमा थप स्थानमा बत्ती जडानको योजना नरहेको र पहिले जडान भइसकेको बत्तीलाई नै मर्मत गरेर सञ्चालन गर्ने लक्ष्य रहेको इन्जिनियर न्यौपानेले जानकारी दिइन्। शाखाले चालू आवमा सातदोबाटो, महालक्ष्मीस्थान, चापागाउँ दोबाटो, धोबीघाट, बल्खु र कलंकीमा ट्राफिक बत्ती जडान गरिसकेको छ।

हकदावीको सूचना

दोलखा जिल्ला विगु गाउपालिका स्थायी घर भई हाल काठमाण्डौ जिल्ला काठमाण्डौ महानगर पालिका वडा नं. ६ बौद्ध तिनचुली बस्ने सर्की शेर्पाको नाती सागेछिरी शेर्पाको छोरा छोडोमा शेर्पाको श्रीमान् सोम तेंजिड शेर्पाको यहि मिति २०७८/०२/०५ गते मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०२४०५०२०२५८४३२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती छोडोमा शेर्पाले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक-दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जान व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय
बौद्ध, काठमाण्डौं
फोन नं:- ०१४९१५१२९
०१४९१५७२२
फ्याक्स :- ०१४९१५१२३

पुचौंडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाँट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्विकृत गर्ने आशयको सूचना
(प्रकाशित मितिः- २०७९/१२/२८)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/१०/०३ को " अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिका" तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली wwwbolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई मुल्याङ्कन समितिबाट स्विकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ कुनै दावि विरोध भए सुचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	योजनाको नाम	ठेक्का नं.	न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता	कबोल अंक (मू.अ.क. बाहेक)
१	Procurement of Supply and Delivery of Sanitary Pad	PNP/BTD/NCB /12/079/080	श्री यूनिग्लोब ड्रग सप्लायर्स धनगढी वर्डा नं०१, कैलाली।	११,४४,०००.००

प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
प्रदेश नं १, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मिति २०७९।१२।२८

यस कार्यालयको मिति २०७९/१०/२३ गते प्रथम पटक प्रकाशित तपसिलमा उल्लेखित ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन पश्चात प्राविधिक प्रस्ताव स्वीकृत भएका फर्महरुको आर्थिक खोल्ने मिति २०७९/१२/२७ मा आर्थिक प्रस्ताव खोलिएपछि न्यूनतम मूल्याङ्किकत सारभूत रुपमा प्रवाभग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल:

S.N.	Contract No.	Description of Works	Name and Address of Successful Bidders	Accepted Bid Amount including VAT &PS NRs
1.	AM/NCB/WORKS/ 08-079/80	Construction of Paver Block Road on Different Wards of Arjundhara Municipality	Saroj/Nivil J.V., Bhrikuti Marg, Birtamode	3,77,19,647.5

धेरै नेपालीलाई...

पृष्ठ १ बाट क्रमशः

आगोमा खाना पकाउनेहरूमा मात्र नभई यसको असर नजिकका अन्य व्यक्तिलाई समेत पर्छ,' उनले भने, 'श्वासनलीमा संक्रमण हुँदा नै उपचार गराएर फोक्सोसम्म संक्रमण फैलिनबाट जोगाउन सकिन्छ, तर संक्रमणले दम, निमोनिया, आस्थामालगायत समस्या विकसित भइसक्दासमेत अस्पताल नपुग्ने अर्को समस्या छ।'

०७८/७९ मा टाउको दुखाइका बिरामीको चाप दोस्रो नम्बरमा रहेकामा ०७७/७८ मा उक्त स्थान ग्यास्ट्राइटिसका बिरामीले लिएका छन्। देशभरका स्वास्थ्य संस्थामा उपचारका लागि पुगेका बिरामीको तथ्यांकअनुसार सोही वर्ष १४ लाख ६७ हजार एक सय ८७ बिरामीमा ग्यास्ट्राइटिससम्बन्धी समस्या देखिएको हो। त्यस्तै, ०७६/७७ र ०७५/७६ मा पनि दोस्रो नम्बरमा ग्यास्ट्राइटिसकै बिरामी क्रमशः १५ लाख ३५ हजार नौ सय ३४ र १३ लाख ४१ हजार आठ सय ८५ जना अस्पताल पुगेको विभागको तथ्यांक छ।

यी वर्षहरूमा धेरै बिरामी अस्पताल पुऱ्याउने तेस्रो रोग देखिएको छ टाउको दुखाइ। ०७७/७८ मा १३ लाख ५६ हजार चार सय ७५, ०७६/७७ मा १२ लाख ९० हजार नौ सय ३० र ०७५/७६ मा ११ लाख ४२ हजार दुई सय ३९ जना टाउको दुखाइको समस्या लिएर अस्पताल पुगेका थिए।

स्नायुरोग विशेषज्ञ डा. दीपेश शाक्य एक लक्षणको रूपमा देखिने टाउको दुखाइ विभिन्न रोगको संकेत हुन सक्ने बताउँछन्। शारीरिक र मानसिक तनाव, शरीरमा पानीको कमी, स्नायुमा समस्या र माइग्रेन टाउको दुख्ने प्रमुख कारण देखिने उनले बताए। 'टाउको दुखाइ सामान्य लक्षण मानिए पनि दुखाइको अवस्था, दुख्ने समय र ठाउँ आदिका आधारमा जटिलतासमेत फरक हुन्छ। हालसम्मका अध्ययनले डेढ सयभन्दा धेरै किसिमको टाउको दुखाइ हुने देखाएको छ,' डा. शाक्यले भने, 'पछिल्ला वर्षहरूमा कोभिड महामारी र यसले निम्त्याएको तनावलाई समेत टाउको दुखाइ बढ्नुको कारण मानिएको छ। तर, माइग्रेनबाहेकका अन्य दुखाइलाई पेनकिलरको प्रयोगबाट नियन्त्रणमा राख्ने गरिन्छ।'

उच्च रक्तचाप, ढाड दुखाइ, छालामा संक्रमण र हाडजोर्नीमा समस्या निम्तिने बिरामीको चाप पनि अस्पतालमा अग्रपंक्तिमा छ। ०७८/७९ मा नौ लाख ७१ हजार एक सय ८२ जना हाडजोर्नीको समस्या, आठ लाख आठ हजार आठ सय २८ जना ढाड दुखाइ, सात लाख ९५ हजार ८७ उच्च रक्तचाप र सात लाख ३५ हजार २२ जना छालासम्बन्धी रोग लिएर अस्पताल भर्ना भएको सरकारी तथ्यांकले देखाउँछ। त्यस्तै, ०७७/७८ मा हाडजोर्नीको समस्या लिएर १० लाख ६१ हजार ६७, छालाको संक्रमण भएका सात लाख २७ हजार ६ सय ६९, ढाड दुखेर ६ लाख ७७ हजार चार सय २० र उच्च रक्तचापका ६ लाख ५७ हजार एक सय ६३ बिरामी अस्पताल पुगेका छन्। ०७६/७७ मा पनि हाडजोर्नीको समस्या भएका १० लाख १० हजार सात सय २२, उच्च रक्तचापका सात लाख ४१ हजार पाँच सय ८२, छालाको संक्रमण भएका ६ लाख ८७ हजार आठ सय ७२ र ढाड दुखाइका ६ लाख ६१ हजार तीन सय ४५ बिरामी अस्पताल पुगेको तथ्यांक छ। त्यस्तै, ०७५/७६ मा हाडजोर्नीको समस्या लिएर नौ लाख १३ हजार नौ सय नौ, ढाड दुख्ने समस्या लिएर पाँच लाख ५९ हजार तीन सय २७ र छालाको संक्रमण भएका पाँच लाख ५७ हजार तीन सय ४२ बिरामी अस्पताल पुगेको सरकारी तथ्यांक छ।

उच्च रक्तचापको कनेक्सन अन्य रोगसँग पनि हुन्छ, जुन समस्या भएका बिरामीको दर पनि उच्च नै देखिन्छ। मुटुरोग विशेषज्ञ डा. अरुण मास्के प्रारम्भिक चरणमै औषधि सेवन गर्न नमान्दा हाइपरटेन्सनको समस्या जटिल बन्दै गएको बताउँछन्। 'थप निम्तिन सक्ने जटिलता रोक्न नियमित औषधि सेवन गरेर रक्तचाप नियन्त्रण गर्नुपर्छ, तर बिरामीले समस्या थाहा पाएरसमेत औषधि खान मान्दैनन्,' उनले भने, 'सामान्य लक्षणलाई बेवास्ता गर्दा अधिकांशमा जटिलता देखिने गरेको छ।' उनका अनुसार अस्वस्थ जीवनशैली अर्थात् शारीरिक रूपमा सक्रिय नहुने, शारीरिक व्यायामको कमी, दिनभरिजसो कम्प्युटरमा बसेर काम गर्ने वा निहुरिएर बस्ने, अनियमित निद्राजस्ता कारणले रक्तचापको समस्या बढाइरहेको छ। साथै अल्कोहल र निकोटिनको बढ्दो प्रयोग, प्रशोधित खाद्यपदार्थको प्रयोगले पनि यसमा बढावा दिइरहेको छ। अस्वस्थ दैनिकीले निम्त्याइरहेको मोटोपन, मधुमेहजस्ता समस्याले समेत उच्च रक्तचापलाई सहयोग गरिरहेको छ।

कोभिड महामारीबाहेक डेंगु, झाडापखालाजस्ता सर्ने रोगहरू मौसमी रूपमा देखिने भए तापनि वर्षभरिको तथ्यांक हेर्दा नसर्ने रोगबाट बढी जनसंख्या प्रभावित भइरहेको चिकित्सक बताउँछन्। चिकित्सक डा. बाबुराम मरासिनी धूम्रपान, आगो बाल्दा निस्कने धुवाँ र बाहिरी प्रदूषणका कारण पुरानो दमखोकीका बिरामी जाडो समयमा बढी प्रभावित भएर अस्पताल पुग्छन्। त्यस्तै, जाडोयाममै रक्तचाप गडबड हुने, हाडजोर्नी दुख्ने र यसले निम्त्याउने लक्षणहरूले समेत अस्पताल पुग्नेको संख्या बढाउँछ। चाडबाडको समयमा अस्वस्थ खानपान र कामको प्रकृति पनि स्वस्थ नहुँदा नसर्ने रोगबाट प्रभावितको संख्या सधैं उच्च देखिन्छ। उनी भन्छन्, 'बर्खामा फोहोर पानीको प्रयोगबाट झाडापखाला, आउँ, जन्डिसजस्ता समस्या एकैचोटि बढ्छन्, जाडो मौसममा संक्रामक रोग नदेखिने र नसर्ने रोगको जोखिम रहिरहने भएकाले यस्ता रोगबाट प्रभावित हुने संख्या ठूलो छ।'

यसबाहेक अस्वस्थ खानपान, तनावपूर्ण जीवनशैली, मेडिकलबाट किनेर जथाभावी औषधिको प्रयोग आदि कारणले नसर्ने रोगको जोखिम उच्च रहेको डा. मरासिनीको बुझाइ छ। 'श्वासप्रश्वाससम्बन्धी समस्या पहिलेदेखि नै अगाडि देखिन्छ। अन्तर्राष्ट्रिय अध्ययनहरूले समेत भान्सामा दाउराको प्रयोग, धूम्रपानको खुला प्रयोगजस्ता कारणले बालबालिकामै रुघाखोकी, दम र फोक्सोमा समस्या देखिने गरेको निष्कर्ष निकालेका थिए। हाल सहरी क्षेत्रमा बढ्दो भिडभाड र प्रदूषणसमेत यसको अर्को कारण बनेको छ,' उनले भने।

संसदीय समितिमा...

पृष्ठ १ बाट क्रमशः

निरन्तर अगाडि बढाउन संसद्ले आफ्ना सदस्यहरू रहने गरी विभिन्न समिति गठन गर्ने चलन हुन्छ। संसद्को कार्यबोझ, आवधिक रूपमा चल्ने अधिवेशन, सीमित समय, हरेक निकायमा गहन ढंगले अध्ययन गर्न नसकिने अवस्थालगायतलाई मध्यनजर गर्दै संसद्को भूमिकामा ओझेल नपर्ने गरी यस्ता समिति बनाइन्छ।

समितिमा आफूअनुकूल निर्णय लिन सहज होस् भनेर दलहरूले सभापतिमा दाबी गर्छन्। कानुन निर्माणमा महत्त्वपूर्ण प्रभाव पार्ने, राज्यसत्ता सञ्चालनसँग प्रत्यक्ष जोडिने, सम्बन्धित मन्त्रालयसँग सीधा जोडिने, निर्देशन दिने, कतिपय समयमा दलीय स्वार्थलाई स्थापित गर्न सक्ने, राजनीतिक अनुभव लिने र करिअर स्थापित गर्न सक्ने प्लाटफर्म, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध स्थापित गर्न सक्ने ठाउँ भएकाले सभापतिमा हानथाप रहन्छ।

प्रतिनिधिसभामा अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, कानुन, न्याय तथा मानव अधिकार समिति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक मामिला समिति, राज्यव्यवस्था तथा सुशासन समिति, पूर्वाधार विकास समिति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, सार्वजनिक लेखा समिति छन्।

प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त रूपमा संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति छन्। संयुक्त समिति (कार्यसञ्चालन) नियमावलीअनुसार प्रतिनिधिसभाका १२ र राष्ट्रिय सभाबाट तीन सदस्य गरी दुवै समितिमा १५-१५ जना सदस्य हुन्छन्।

सोमबार बसेको कार्यव्यवस्था परामर्श समितिको पहिलो बैठकले प्रतिनिधिसभाका १० वटा विषयगत समितिमा कुन दलका कति सांसदले प्रतिनिधित्व गर्ने संख्या टुंगो लगाएको छ। संसद् सचिवालयका अनुसार संसद्को ठूलो दल कांग्रेसले अर्थ, अन्तर्राष्ट्रिय, उद्योग, कानुन, राज्यव्यवस्था र शिक्षा समितिमा आठ-आठजना सांसद प्रतिनिधित्व पाउनेछ। कृषि, महिला, पूर्वाधार विकास र लेखा समितिमा काग्रेसबाट नौ-नौजनाले प्रतिनिधित्व गर्नेछन्।

एमालेले अर्थ, अन्तर्राष्ट्रिय, उद्योग, कानुन, कृषि, महिला, राज्यव्यवस्था, पूर्वाधार र लेखा समितिमा आठ-आठ र शिक्षा समितिमा सातजनाले प्रतिनिधित्व पाउनेछन्। माओवादीले अर्थ, अन्तर्राष्ट्रिय, उद्योग, कानुन, कृषिमा तीन-तीन तथा महिला, राज्य व्यवस्था, पूर्वाधार, शिक्षा र लेखा समितिमा दुई-दुई सिट पाएको छ। रास्वपाले अन्तर्राष्ट्रियमा एक र बाँकी नौवटामा दुई-दुई सिट पाएको छ। राप्रपाले अर्थ, उद्योग, कृषि, महिलामा दुई-दुई र बाँकी ६ वटामा एक-एक सिट पाएको छ। जसपाले १० वटै समितिमा एक-एकजना प्रतिनिधित्व पाएको छ।

एकीकृत समाजवादीले पूर्वाधार विकासबाहेक नौवटा समितिमा एक-एक प्रतिनिधित्व पाएको छ। समाजवादीले सभामुख घिमिरेलाई नामसमेत बुझाइसकेको छ। प्रमुख सचेतक मेटमणि चौधरीका अनुसार अन्तर्राष्ट्रियमा माधव नेपाल, राज्यव्यवस्थामा राजेन्द्र पाण्डे, अर्थमा चौधरी, भौतिकमा धनबहादुर बुढा, कानुनमा शेरबहादुर कुँवर, शिक्षामा भानुभक्त जोशी, लेखामा प्रेम आले, पर्यटनमा अम्मरबहादुर थापा, उद्योगमा किसान श्रेष्ठको नाम सिफारिस गरिएको छ।

कार्यव्यवस्थामा भएको भागबन्डाअनुसार जनमत पार्टीले अर्थ, उद्योग, कानुन, महिला, शिक्षा र लेखा समितिमा एक-एकजना प्रतिनिधित्व पाएको छ। लोसपाले अन्तर्राष्ट्रिय, राज्यव्यवस्था र शिक्षा तथा नागरिक उन्मुक्तिले अन्तर्राष्ट्रिय, पूर्वाधार विकास र शिक्षामा एक-एक सिट पाएको छ। संसद्मा प्रतिनिधित्व गर्ने एक सिट भएका नेमकिपा, जनमोर्चा, आमजनता पार्टी र दुई स्वतन्त्र सांसदले भने कुनै समितिमा प्रतिनिधित्व पाएनन्।

कार्यव्यवस्थाले अर्थ, उद्योग, कृषि र महिला २६ सदस्यीय, अन्तर्राष्ट्रिय, कानुन, शिक्षा र लेखा २५ सदस्यीय तथा राज्यव्यवस्था पूर्वाधार विकास समिति २४ सदस्यीय बनाउने तय गरेको छ। यी सबै समितिको सभापतिको चुन्न सभामुखले निर्वाचन तोक्नुपर्छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले समिति गठन भइसकेपछि सभापति चयनको प्रक्रिया अघि बढ्ने बताए। 'बुधबार समिति गठन हुन्छ। त्यसका लागि सभामुखज्यूले दलहरूसँग नाम माग्नुभएको छ। समिति गठन भएपछि ज्येष्ट सदस्यले बैठकको सभापतित्व गर्नुहुन्छ। निर्वाचन तोकिएपछि सभापति चयनको प्रक्रिया अघि बढ्छ,' उनले भने।

समिति गठनसँगै दलहरूले आफ्नो संसदीय सिट संख्याको हैसियतअनुसार सभापतिमा दाबी गरेका छन्। कांग्रेसबाट कार्यव्यवस्था समिति सदस्य रामहरि खतिवडाले सहमतिकै आधारमा सभापति टुंग्याउने प्रयास हुने बताए। 'नेकपाको सरकार हुँदा प्रतिपक्षीलाई एउटा लेखा समिति मात्रै दिइएको थियो। तर, हामी अहिले सबैलाई समेटेर जाने भन्नेमा छौं। अरूले जस्तो व्यवहार गऱ्यो त्यस्तै गर्ने भन्ने छैन,' खतिवडाले भने, 'लेखा समिति प्रतिपक्षीलाई दिएर अरू हामी सहमति गर्छौं। पाँचवटा हामी र बाँकी अरू साथीहरूलाई दिएर मिलाउँछौं।' एमाले सदनमा रचनात्मक भूमिकाबाट जाने गरी सहमतिमा आए सरसल्लाह गरेर जाने आफूहरूको चाहना रहेको उनको भनाइ छ।

एमाले प्रमुख सतेचक पदम गिरीले लेखासहित चारवटा समितिमा आफूहरूको दाबी रहेको बताए। 'संसद्भित्रको दलीय स्ट्रेन्थका आधारमा एमालेले चारवटा समितिको नेतृत्व पाउँछ भन्ने हाम्रो कुरा हो। आगामी छलफल र संवादबाट यो विषय टुंगिएला,' उनले भने।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले समितिको नेतृत्वको विषयमा अहिलेसम्म कुनै दाबी नरहेको बताए। 'सरकारको नेतृत्व गरेको दल भएकाले सबैलाई समेटेर जानुपर्छ भन्ने मान्यता छ। राजनीतिक रूपमा सत्तापक्षसँग कुरा गरेपछि थाहा हुन्छ। अहिले नै यतिउति भन्ने छैन,' उनले भने। समितिमा पठाउने नाम तय गर्न मंगलबार साढे १२ बजे संसदीय दलको बैठक बोलाइएको उनले जानकारी दिए।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले कानुन निर्माणमा प्रभावकारी भूमिका मिनी संसद्का रूपमा रहेको समितिको नेतृत्व गरेर काम गर्न आफूहरूले दुईवटा समितिमा नेतृत्व दाबी गरेको बताए। 'नेतृत्व हुँदा धेरै काम गर्न सकिन्छ। अलि बढी काम गर्नुपर्छ बुझाइका कारण हाम्रो दाबी हो। स्वाभाविक रूपमा हामी दुईवटाको नेतृत्व पाउँछौं,' उनले दाबी गरे।

राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले सिट संख्याका आधारमा आफूहरूले दुईवटा समितिको नेतृत्व पाउनुपर्ने दाबी गरे। 'सिटका आधारमा हामीलाई दुईजना सभापति चाहिन्छ। यसलाई आपसमा छलफल गरेर टुंग्याउँछौं,' उनले भने।

जसपाका प्रदीप यादवले पनि दुईवटा समितिमा दाबी रहेको र सत्ताधारी गठबन्धनमा छलफल गरेर टुंगिने बताए। एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरी र जनमतकी अनिता देवीले एक-एक समितिमा आफ्नो दाबी रहेको बताए। 'राष्ट्रिय पार्टी भइसकेकाले एउटा समितिको सभापति चाहिन्छ,' देवीले भनिन्।

संयुक्त समितिको सदस्यमै विवाद

विषयगत समितिको सदस्यमा भागबन्डा मिले पनि प्रतिनिधिसभाबाट १२ र राष्ट्रिय सभाबाट तीन गरी १५ सदस्यीय संयुक्त समितिमा विवाद देखिएको छ। संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिमा सत्तापक्षले माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीलाई समेट्न खोजे पनि एमालेले दलीय सामर्थ्यका आधारमा बाँडफाँट हुनुपर्ने अडान लिएको छ।

संसद् सचिवालयले प्रस्तुत गरेको हिसाबमा प्रतिनिधिसभाबाट काग्रेसले चार, एमालेले तीन, माओवादी, रास्वपा, राप्रपा, जसपा र एकीकृत समाजवादीले एक-एकवटा पाउने उल्लेख छ। यद्यपि, संसद्मा एमालेको उपस्थिति ३.४९, जसपाको ०.४९ र एकीकृत समाजवादीको ०.४४ प्रतिशत छ। एमाले प्रमुख सचेतक गिरीले एकीकृत समाजवादीको ०.४४ भन्दा आफ्नो ०.४९ प्रतिशत भएकाले चारवटा पाउनुपर्ने दाबी गरे। सत्तारूढ पक्ष भने सबैलाई मिलाएर लाने भन्दै एसलाई समेटेर जान खोजेको काग्रेस सांसद खतिवडाले बताए। एकीकृत समाजवादीका प्रमुख सचेतक चौधरीले दलहरूबीच सहमतिका आधारमा आफूहरूले प्रतिनिधित्व पाउने दाबी गरे। संयुक्त समिति कार्यसञ्चालन नियमावली संशोधन नहुँदा यी दुई समिति गठनमा ढिलाइ भइरहेका वेला प्रतिनिधित्वको विषयमा पनि दलहरूबीच विवाद देखिएको छ। साना दलले पनि यसमा आफूहरूको प्रतिनिधित्व हुनुपर्ने माग गरेका छन्। जनमतले आफू राष्ट्रिय दल भन्दै संयुक्त समितिमा स्वाभाविक प्रतिनिधित्व हुनुपर्ने दाबी गरेको छ। यसैबीच, विषयगत समितिको नेतृत्व, संयुक्त समिति गठन प्रक्रिया, टिआरसीलगायत महत्त्वपूर्ण विधेयक टुंगोमा पुऱ्याउने र अधिवेशन अन्त्यको विषयमा सहमति जुटाउन आज बिहान प्रमुख दलका शीर्ष नेताको बैठक बस्दै छ।

नागरिकतामै...

पृष्ठ १ बाट क्रमशः

६ जनालाई प्रहरीले पक्राउ गरेको थियो। जसमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नायब सुब्बा देवराज गौतमसमेत छन्। थप कर्मचारीको संलग्नता बयानबाट नखुलेको भन्दै अरूतर्फ अनुसन्धान भएको छ।

प्रहरीले लेखापढी व्यवसायी कृष्णबहादुर कटवाल, हिरालाल सिवाकोटी, नक्कली बाबु बनेका न्युल्केश श्रेष्ठ र तनहुँको शरणार्थी क्याम्पमा बस्दै आएका लोब्साङ ठिन्लेलाई ५ चैतमा पक्राउ गरेको थियो। नासु गौतमलाई १७ चैतमा तथा नागरिकता लिने शरणार्थी निमा ल्हामो गुरुङलाई २३ चैतमा पक्राउ गरेको थियो। नासु गौतमले आफ्नै संलग्नता अस्वीकार गरेका आधारमा उनीमाथि माथिल्ला कर्मचारीतर्फ विस्तृत अनुसन्धान गरिएको छैन।

पक्राउ परेका दुवै शरणार्थीको नागरिकतामा प्रशासकीय अधिकृत लेखनाथ खतिवडाले हस्ताक्षर गरेका छन्। तर, अभियोगबाट उनलाई उन्मुक्ति दिइएको छ। नासु गौतमलाई भने पक्राउ परेका बिचौलियाले नाम किटान गरेकाले उनलाई मुद्दा चलाउनुपर्ने राय छ। पक्राउ परेका ६ र अर्को एक सर्वसाधारणलाई फरार प्रतिवादीका रूपमा मुद्दा अघि बढाएको छ। गृहकै दबाबका कारण यसरी कर्मचारीलाई जोगाइएको प्रहरी स्रोत बताउँछ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले गरेको अनुसन्धानमा एउटा नागरिकतामा पाँच लाख रुपैयाँसम्मको लेनदेन भएको उल्लेख छ। बिचौलियाहरूले नासु गौतममार्फत सिडिओ कार्यालयमा सेटिङ मिलाएको बयान दिएका थिए। नागरिकता दिँदा पनि एकै व्यक्ति पाँचजनाको बाबु बनेर उपस्थित हुँदा पनि कर्मचारीले त्यसमा मतलब गरेका थिएनन्।

अपराध अनुसन्धान कार्यालयका प्रमुख डा. मनोज केसीले आफूहरूले यसमा संलग्नलाई पक्राउ गरी जिल्ला परिसरमा बुझाइएको र अनुसन्धान प्रगतिबारे जानकारी नभएको बताउँछन्।

हाल दुईवटा नागरिकताको मुद्दा प्रक्रिया अघि बढेकोमा थप नागरिकताउपर छानबिन चलिरहेकै छ। हाल प्रहरीले ३० वटा शंकास्पद नागरिकतामाथि अनुसन्धान गरिरहेको छ। पक्राउ परेका बिचौलियाले करिब पाँच सयप्रति नागरिकता त्यसरी दिइसकेको बताएका छन्।

यसरी कर्मचारीकै मिलेमतोमा देशको राजधानीबाटै शरणार्थीलाई नागरिकता दिएको विषय बाहिर आउँदा पनि गृह मन्त्रालयले भने त्यसमा चासो दिएको छैन। न त त्यस विषयमा आन्तरिक छानबिनमै चासो दिइएको छ न त कारबाही नै। कतिसम्म भने, त्यससम्बन्धी कागजपत्र लुकाउन सक्ने कर्मचारीलाई समेत जिम्मेवारीबाट हटाइएको छैन। जसकारण, यो प्रकरण प्रभावित बनेको छ। गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेत अहिले आफूहरू प्रहरीको अनुसन्धानलाई नै सघाइरहेको र मन्त्रालयबाट कुनै छानबिन नभएको बताउँछन्।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन काठमाडौं
आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना
(प्रकाशित मिति : २०७९/१२/२८)

यस डिभिजनको मिति २०७९/११/१६ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ११/२०७९/८० को बोलपत्र आव्हान सूचना अनुसार तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ४ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका तपसिल बमोजिमका सफल बोलपत्रदाताको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१(ज) को उपनियम छ अनुसार मिति २०८०/०१/०५ गते दिनको १:०० बजे यस डिभिजनमा खोलिने भएकोले सफल बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस डिभिजनमा उपस्थितिको लागि समेत यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.स कार्य विवरण	सफल बोलपत्रदाता
RDKTM/337310113/079/80/054; Rehabilitation of Chobhar Dakshinkali Chhaimale Road	1. Devithan/ Krish/ Prasidhhi JV
RDKTM/337310113/079/80/056; Rehabilitation of Pepsicola Karkigaon Mulpani (Pipalbot) Road	1. Krish Construction 2. Sahu Construction
RDKTM/337310113/079/80/057; Rehabilitation of Khasibazar Kirtipur Machchhegaon Tinthana Road (Khasibazar Sita Petrol Pump Kirtipur Road)	1. DS Nirman Sewa 2. L.N.M. Nirman Sewa

डिभिजन प्रमूख

■ जनकपुर विकास परिषद्मा अनियमितता

एकै व्यक्ति चार उपभोक्ता समितिको अध्यक्ष

परिषद्मा भएका अनियमितताबारे यसअघि नै एक मुद्दा दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा पछिल्ला वर्षका अनियमिततामाथि पनि छानबिन जारी

नयाँ पत्रिका
काठमाडौं, २७ चैत

बृहत्तर जनकपुर विकास परिषद्मा उपभोक्ता समितिमार्फत अनियमितता भएको पाइएको छ। परिषद्मा एकै व्यक्तिका नाममा चारवटासम्म उपभोक्ता समिति बनाएर नियमविपरीत तीन करोडभन्दा धेरै खर्च भएको छ।

परिषद्मा भएका अनियमितताबारे यसअघि नै एक मुद्दा दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला वर्षका अनियमिततामाथि पनि छानबिन गरिरहेको छ। परिषद्भित्र पछिल्लो एक दशकयता नै नियमविपरीत काम हुने गरेको अख्तियारको प्रारम्भिक छानबिनमा भेटिएको छ।

परिषद्ले विजयकुमार चौधरीलाई अध्यक्ष बनाएर चारवटा उपभोक्ता समिति गठन गरी खर्च भएको थियो। यात्री निवास सौन्दर्यीकरण, यात्री निवास विवाहमण्डल सौन्दर्यीकरण, यात्री निवास गेट निर्माण उपभोक्ता समिति र जानकी मन्दिरमा सोलार जडान नाममा उपभोक्ता समिति गठन गरिएको थियो।

एकातर्फ बजेटअनुसार काम नभएको र अर्कोतर्फ त्यसबापतको पैसा भुक्तानी भएलगत्तै परिषद्का कर्मचारीले नै बैंकबाट निकालेकाले पनि यो विषय शंकास्पद बनेको छ। नक्कली उपभोक्ता समिति गठन गरी खर्च गरिएको आशंका छ।

२५ असार ०७६ मा उपभोक्ता समितिको नाममा ४५ लाख भुक्तान गरिएको थियो। लगत्तै परिषद्कै कर्मचारी कृष्णकुमारी सिंहले समितिको खाताबाट नौ लाख ९९ हजार निकालेकी थिइन्। त्यस्तै, रविनकुमार यादव, जितेन्द्रकुमार यादव, मदन चौधरीले पनि उपभोक्ता समितिको रकम निकालेका छन्।

त्यस्तै, सार्वजनिक खरिद नियमावलीविपरीत उपभोक्ता समितिमार्फत फर्निचरलगायत सामान खरिद भएको छ। परिषद्को गाडीसमेत व्यक्तिको कब्जामा छ। बा.१३च २०३७ नम्बरको गाडी जेन्डिल शेर्पाले परिषद्लाई दिएकोमा पूर्वकार्यकारी निर्देशक बलराम ठाकुरले सुरुमा श्रीमतीको नाममा नामसारी गरेको र हाल चालकको नाममा नामसारी गरेर गायब बनाएका छन्।

यात्री निवास लिजमा दिँदा अनियमितता भएको तथा जिन्सी सामानहरूसमेत गायब भएको विषयमा अख्तियारले अनुसन्धान गरिरहेको छ। कर्मचारी कल्याण कोषको पैसा पनि सेवा सुविधाबापत भनेर कर्मचारीले निकालेर अपचलन गरेको पाइएको अनुसन्धानमा आबद्ध अख्तियारका अधिकारी बताउँछन्। सेवा-सुविधाबापत भनेर कल्याण कोषको रकम निकालेर हिनामिना भएको छ।





चारवटा उपभोक्ता समितिका अध्यक्ष विजय चौधरी



● शीतल साह, अध्यक्ष, बृहत्तर जनकपुर विकास परिषद्

विगतमा धेरै अनियमितता भएको रहेछ। परिषद् भित्रका विकृति हटाउन पहल भइरहेको छ।

यस विषयमा गत वर्ष पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उपसचिव गणेशप्रसाद चालिसेको अध्यक्षतामा परिषद्को अनियमितताबारे एक समिति पनि गठन गरेको थियो। जुन प्रतिवेदन कार्यान्वयन हुन सकेको छैन। यात्री निवास लिजमा होटेल चलाउन दिएकोलगायतका विषयमा पनि विवाद छ। होटेलले मन्दिरपरिसरमा मदिरा तथा मासुको बिक्री गरेकोमा स्थानीयले विरोध गर्दै आएका छन्।

परिषद्का अध्यक्ष शीतल साह परिषद् भित्र समस्या रहेको बताउँछन्। 'विगतमा धेरै अनियमितता भएको रहेछ,' उनी भन्छन्, 'परिषद्भित्रका विकृति हटाउन पहल भइरहेको छ।' पछिल्लो समय साह र परिषद्का कर्मचारीबीचको विवादले पनि काम-कारबाही प्रभावित बनेको छ। कर्मचारीले साहलाई असहयोग गरेका छन्।

गत २० चैतमा विशेष अदालतले परिषद् का तत्कालीन अध्यक्ष दिगम्बर राय, कार्यकारी निर्देशक सूर्यदेव साह, नासु उषा मिश्रा, लेखापाल उत्तमराज शर्मा ढकाल र कार्यकारी निर्देशक राजेशकुमार साहलाई विशेष भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको थियो। विभिन्न परियोजनाको ठेक्का लगाउने क्रममा अनियमितता भएको भेटिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १० जनालाई विपक्षी बनाउँदै १५ कात्तिक ०७५ मा मुद्दा दायर गरेको थियो। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले भारतीय सरकारको सहयोगमा आठवटा परियोजनाको ठेक्का लगाउँदा अनियमितता भएको हो।

परिषद्बाट गठित बोलपत्र मूल्यांकन समितिले विभिन्न मितिमा मूल्यांकन गर्दा लागत अनुमान अंकमा बदनियतपूर्वक मूल्यांकन सिफारिस गरी अनियमितता गरेको पाइएको छ। लापरबाहीपूर्वक मूल्यांकन र बोलपत्र स्वीकृत गर्दा परिषद्लाई ६२ लाख ८८ हजार रुपैयाँभन्दा बढीको नोक्सानी भएको दाबीसहित अख्तियारले मुद्दा दायर गरेको थियो।

विद्यार्थी अभाव झेल्दै विश्वविद्यालयहरू

केयूमा चिकित्सा शिक्षामा पनि कोटाभन्दा कम विद्यार्थी

नयाँ पत्रिका
काठमाडौं, २७ चैत

उच्च शिक्षा अध्यापन गराउने सबैभन्दा ठूलो त्रिभुवन विश्वविद्यालयमा मात्र होइन, अन्य विश्वविद्यालयमा समेत विद्यार्थी अभाव देखिन थालेको छ। चिकित्सा शिक्षाको जनशक्ति उत्पादनमा अघि देखिएको काठमाडौं विश्वविद्यालय (केयू) ले चिकित्सा शिक्षाका कार्यक्रममा समेत कोटाअनुसारको विद्यार्थी पाएको छैन।

सीमित विद्यार्थी भर्ना गरेर पढाउँदै आएको केयूका स्कुल अफ मेडिकल साइन्ससहित अधिकांश स्कुलमा विद्यार्थी संख्या कम हुन थालेको देखिएको छ। सोमबार सञ्चारकर्मीसँगको अन्तर्क्रियामा काठमाडौं विश्वविद्यालयका प्राध्यापकहरूले विदेश जाने लहर र नेपालका विश्वविद्यालयले भर्ना, परीक्षा र नतिजा समयमै गर्दैन भन्ने मानसिकता बनेकाले पनि विश्वविद्यालयमा विद्यार्थी संख्यामा कमी हुँदै गएको बताए।

केयूमा समग्रमा करिब २२ प्रतिशत कोटा रिक्त छन्। चिकित्सा शिक्षाका एमबिबिएस, बिडिएसलगायतका केही कार्यक्रमबाहेकका अधिकांश कार्यक्रममा तोकिएको कोटाअनुसार उत्तीर्ण भएका छैनन्। सन् २०२२ मा सञ्चालित केयूमा चिकित्सा शिक्षाका कुल ३७ कार्यक्रममा दुई सय ७८ सिट रिक्त रहेका छन्। केयूका उपकुलपति प्रा.डा. भोला थापाले चिकित्सा शिक्षा आयोगले एकीकृत प्रवेश परीक्षा लिन सुरु गरेपछि चिकित्सा शिक्षामा विद्यार्थी कम हुन थालेको बताए। लामो र झन्झटिलो प्रक्रियाले विदेशी विद्यार्थी आउनसमेत कम भएको बताए। 'प्रक्रिया लामो छ, ६-७ महिना लाग्ने भएपछि विदेशी विद्यार्थी आउन कम भयो,' उनले भने, 'डाक्टर बन्न चाहनेको संख्या अहिले पनि धेरै छ, डाक्टरलाई सहयोग गर्ने महत्त्वपूर्ण जनशक्ति पढ्न आउनेहरू कम छन्।' चिकित्साका कार्यक्रममा छात्रवृत्तिको कोटामा समेत कोटा खाली भएका छन्।

नेपालमा प्रोत्साहन गर्नेभन्दा नियन्त्रण गर्ने धेरै भएका समस्या भएको उपकुलपति थापाले बताए। यसअघि मेडिसिनसँगै बुद्धिस्ट स्टडिजमा विदेशी धेरै आउने गरेका थिए। केयूका अनुसार बुद्धिस्ट स्टडिजमा ९० प्रतिशतभन्दा बढी विदेशी आउने गरेकोमा अहिले समस्या हुने गरेको छ। चिकित्सा शिक्षासँगै अन्य कार्यक्रममा पनि विद्यार्थी अपुग भएर सिट खाली हुने गरेको छ। सन् २०२२ को भर्नामा स्कुल अफ म्यानेजमेन्टका १५ कार्यक्रममा एक सय १४, स्कुल अफ आर्टसमा एक सय ५९, स्कुल अफ एजुकेसनमा ६० सिट रिक्त भएका छन्। स्कुल अफ इन्जिनियरिङ, स्कुल अफ साइन्समा भर्ना प्रक्रिया चलिरहेको छ। केयूको स्कुल अफ लमा विद्यार्थी कोटा पूरा भएको पाइएको छ।



● प्रा.डा. भोला थापा
उपकुलपति, केयू

चिकित्सा शिक्षा आयोगले एकीकृत प्रवेश परीक्षा लिन सुरु गरेपछि चिकित्सा शिक्षामा विद्यार्थी कम हुन थालेका हुन्। प्रक्रिया पूरा गर्नै ६-७ महिना लाग्ने भएपछि विदेशी विद्यार्थी आउन कम भएको हो।

काठमाडौं विश्वविद्यालयमा समग्रमा करिब २२ प्रतिशत कोटा रिक्त छन्, चिकित्सा शिक्षाका एमबिबिएस, बिडिएसलगायतका केही कार्यक्रमबाहेकका अधिकांश कार्यक्रममा तोकिएको कोटाअनुसार उत्तीर्ण भएका छैनन्

काठमाडौं विश्वविद्यालयमा १८ हजारभन्दा बढी विद्यार्थी छन्। प्रत्येक वर्ष ६ हजारको हाराहारीमा नयाँ भर्ना गर्छ। केयूमा दुई सयभन्दा बढी कार्यक्रम सञ्चालनमा छन्। विद्यार्थी संख्या कम भएका कारण केही कार्यक्रम बन्द गर्नुपर्ने अवस्थामा आएको केयूका पदाधिकारीको भनाइ छ। कम उत्तीर्ण हुने, उत्तीर्ण भएका विदेश जानेलगायतका कारणले विश्वविद्यालमा विद्यार्थी संख्या कम हुँदै गएको उनीहरूको विश्लेषण छ। केयूका प्रवक्ता डा. उद्धव प्याकुरेलले विदेशी विद्यार्थी ल्याउन छात्रवृत्तिको व्यवस्थासमेत गरेको बताए।

देशको सबैभन्दा ठूलो त्रिभुवन विश्वविद्यालयले समेत विद्यार्थीको खडेरी भोगेको छ। साधारण विषयमा मात्र होइन, महँगो र यसअघिसमेत आकर्षण मानिएका 'प्राइभेट' कार्यक्रममा विद्यार्थीको कमी भएको छ। त्रिविको डिन कार्यालयले सञ्चालन गर्ने सेमेस्टर प्रणालीका कार्यक्रमको सिम्याटमा विद्यार्थी कम भएपछि दोहोऱ्याएर प्रवेश परीक्षा लिएको थियो।

नेपालमा सुर्तीजन्य पदार्थमा मापदण्डभन्दा ३४ प्रतिशत कम कर

नसर्ने रोगको मुख्य कारण बन्दै सुर्तीजन्य पदार्थको प्रयोग

● मञ्जु टेलर/नयाँ पत्रिका

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डअनुसार सुर्तीजन्य पदार्थमा ७५ प्रतिशत कर लगाउनुपर्ने मान्यता छ, तर नेपालले सुर्तीजन्य वस्तुमा ४१ प्रतिशत मात्रै कर उठाउँदै आएको छ। बजारमा सुर्तीजन्य पदार्थ सर्वसुलभ हुँदा यसबाट निम्तिने स्वास्थ्य जटिलता नियन्त्रणभन्दा बाहिर हुँदै गएको चिकित्सकहरूको भनाइ छ।

सुर्तीजन्य वस्तुमा करको दर एकैचोटि बढाउन नमिल्ने भएकाले डब्लुएचओको मापदण्ड नपुगेको स्वास्थ्य कर कोषको सचिवालयका अध्यक्ष रेशराज शर्माले बताए। 'अर्थ मन्त्रालयको करको ट्रेन्डअनुसार प्रत्येक वर्ष बढिरहेको छ। यो वर्ष पनि सुर्तीजन्य पदार्थमा करको दायरा बढाउने भनेर पहल गरिरहेका छौं। तर, अर्थ मन्त्रालयले आफ्नै मापदण्डअनुसार वस्तुमा करको दायरा बढाउँछ। एकैपटक धेरै कर बढाउन मिल्दैन, तर हामीले सुर्तीजन्य पदार्थमा कर सकेसम्म धेरै बढाउने कोसिस गरिरहेका छौं,' उनले भने। हाल सुर्तीजन्य पदार्थमा भारतले ५३ प्रतिशत, पाकिस्तानले ५६ प्रतिशत, बंगलादेश र श्रीलंकाले ७०-७० प्रतिशत कर उठाउँछन्।

सुर्तीजन्य पदार्थको प्रयोगका कारण नसर्ने रोगको जोखिम बर्सेनि बढिरहेको विभिन्न तथ्यांकले देखाउने गरेको छ। हाल देशभर ३२ प्रतिशतभन्दा बढी जनसंख्याले सुर्तीजन्य पदार्थ सेवन गरिरहेको अनुमान गरिएको छ। नेपालमा वयष्कको २९ प्रतिशत जनसंख्याले सुर्तीजन्य पदार्थ सेवन गर्छन्। नेपालमा बर्सेनि हुने कुल मृत्युको करिब २० प्रतिशत मृत्युको कारण सुर्तीजन्य पदार्थको सेवनलाई मानिन्छ।

नेपाल विकास अनुसन्धान परिषद्को तथ्यांकअनुसार हाल कुल मृत्युको ७० प्रतिशतभन्दा बढी नसर्ने रोगले ओगटेको छ। जसमध्ये पनि बर्सेनि सुर्तीजन्य पदार्थको सेवनबाट हुने रोगका कारण ३७ हजारभन्दा बढीले मृत्युवरण गर्छन्।

सुर्तीजन्य पदार्थको बढ्दो प्रयोगका कारण स्वास्थ्य समस्या बढ्दै गएको र सोही दरमा मृत्युदर पनि बढिरहेको तथ्यांकले देखाउँछ। पछिल्लो ३० वर्षको अन्तरालमा मात्रै नसर्ने रोगका कारण हुने मृत्यु ६० प्रतिशतले बढेको देखिन्छ। यदि सुर्तीजन्य पदार्थको प्रयोग यही दरमा बढ्दै जाने हो भने आगामी ३० वर्षमा बर्सेनि १३ लाख ४० हजारको मृत्यु हुने अनुमान गरिन्छ।

रोगको भार थोपरिरहेको सुर्तीजन्य पदार्थ बजारमा सहजै बिक्री-वितरण भइरहे पनि नियन्त्रण चासोको विषय नबनेको स्वास्थ्यविज्ञहरूको भनाइ छ। सुर्तीजन्य पदार्थसम्बन्धी समस्या निवारणमा सरकारको ध्यान पुग्न नसक्दा यसको प्रयोग स्वास्थ्यमा मुख्य चुनौतीको रूपमा बढ्न थालेको नेपाल अर्बुद रोग निवारण संस्थाका अध्यक्ष महेश श्रेष्ठले बताए। 'विश्वकै तुलनामा हामी सुर्तीजन्य पदार्थमा कर कम गर्ने र सबैभन्दा धेरै सुर्तीजन्य पदार्थको प्रयोग गर्ने देशमा गन्निन्छौं। तर, सरकारी तवरबाट होस् वा अन्य सरोकार निकायवालाहरूले यसबारे चासो दिएको पाइँदैन,' उनले भने। हाल २४ वर्षमुनिका करिब आठ लाख जनसंख्याले चुरोटलगायतको सुर्तीजन्य वस्तुको प्रयोग गरिरहेको एनएचआरसीको तथ्यांकले देखाएको छ। तर, चुरोट र सुर्तीजन्य पदार्थहरू बजारमा सजिलै उपलब्ध हुँदा प्रयोगकर्तासमेत अत्यधिक रहने र यसको स्वास्थ्यमा पार्ने प्रभावसमेत उच्च रहने भए पनि राज्यले यो विषयलाई बेवास्ता गर्दै आएको विज्ञहरूले बताउँदै आएका छन्।

■ सुर्तीजन्य पदार्थको प्रयोगले क्यान्सर रोग बढाउँदै

फोक्सो, श्वासप्रश्वास, मुख, घाँटीलगायतका क्यान्सर प्रभावितको संख्या बढ्नुमा चुरोटलगायतका सुर्तीजन्य वस्तुको प्रयोग मुख्य कारण रहेको चिकित्सकहरूको भनाइ छ। क्यान्सर प्रभावितको संख्या बढेसँगै उपचारमा आर्थिक भारसमेत बढिरहेको अध्ययनले देखाएका छन्।

एक्सन नेपालको पछिल्लो अध्ययनअनुसार सुर्तीजन्य पदार्थको सेवनले गर्दा हुने क्यान्सर रोगको पहिचान र उपचारमा एक व्यक्तिको खर्च सरदर नौ लाख ८१ हजार तीन सय ७० रुपैयाँ लाग्ने पाइएको छ। सुर्तीजन्य पदार्थको सेवनले गर्दा क्यान्सर भएको पुष्टि भएका केसहरूमा गरिएको अध्ययनले १८ वर्षदेखि ६५ वर्षसम्म उमेर समूह प्रभावित भएको पाइएको छ। यसबाहेक क्यान्सर भएको तेस्रो र चौथो चरणमा मात्रै उपचारका लागि अस्पताल पुग्ने बिरामीको दर अत्यधिक रहेको र जसमध्ये उपचारका लागि घरजग्गा बेच्नुपर्ने अवस्था रहेको अध्ययनले देखाएको थियो।

एक्सन नेपालले देशभरका विभिन्न क्यान्सर अस्पतालमा क्यान्सरको उपचार गरिरहेका एक सय तीनजनामा गरेको सर्वेक्षणमा करिब १६ प्रतिशतले उपचारका लागि घरजग्गा बेचेको पाइएको थियो। क्यान्सर रोग विशेषज्ञ डा. रश्मी पुनले नेपालमा मात्रै नभई विश्वभर सुर्तीजन्य पदार्थको प्रयोगका कारण क्यान्सर प्रभावितहरू बढिरहेको बताइन्। उनका अनुसार सुर्तीजन्य पदार्थ, मद्यपान र धूम्रपानको अत्यधिक सेवन हुने स्थानमा मुख, फोक्सोलगायतका क्यान्सर बढी देखिएका छन्। 'चुरोट र गुट्खाजन्य वस्तुको प्रयोगका कारण विशेष गरी युवाहरू मुखको क्यान्सरबाट प्रभावित भइरहेका छन्। ग्लोबल क्यानको २०२० को तथ्यांकले नेपालमा २० हजार पाँच सय आठजना क्यान्सर प्रभावितमध्ये दुई हजार तीन सय २७ जनामा मुखको क्यान्सर देखिएको थियो। जब कि त्यो वर्ष मुखको क्यान्सरबाट मृत्यु हुनेको संख्या नै एक हजार ७० थियो,' उनले भनिन्।

पदार्थको प्रयोगबाट मृत्यु हुने देशमा गन्निन्छौं। तर, सरकारी तवरबाट होस् वा अन्य सरोकार निकायवालाहरूले यसबारे चासो दिएको पाइँदैन,' उनले भने। हाल २४ वर्षमुनिका करिब आठ लाख जनसंख्याले चुरोटलगायतको सुर्तीजन्य वस्तुको प्रयोग गरिरहेको एनएचआरसीको तथ्यांकले देखाएको छ। तर, चुरोट र सुर्तीजन्य पदार्थहरू बजारमा सजिलै उपलब्ध हुँदा प्रयोगकर्तासमेत अत्यधिक रहने र यसको स्वास्थ्यमा पार्ने प्रभावसमेत उच्च रहने भए पनि राज्यले यो विषयलाई बेवास्ता गर्दै आएको विज्ञहरूले बताउँदै आएका छन्।

अनेमसंघको अध्यक्षमा हमाल र महासचिवमा लामा

काठमाडौं/ अखिल नेपाल महिला संघको सातौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा टुका हमाल निर्वाचित भएकी छिन्। आइतबार सम्पन्न महाधिवेशनले हमाल अध्यक्ष रहेको दुई सय २५ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मत चयन गरेको हो। १७ सदस्यीय पदाधिकारीहरूमध्ये उपाध्यक्षमा शर्मिला कार्की, विमला राई पौडेल, रूक्मणी राना, मेनका पोखरेल, मेनुका काफ्ले पोखरेल र सुमित्रा बिसी चयन भएका छन्।

त्यस्तै, महासचिवमा पेम्बा लामा र उपमहासचिव शान्ति अधिकारी निर्वाचित भएका छन्। सचिवहरूमा विणा राई, विना साह, शारदा कुमाल, नरदेवी पुन, विना ज्ञवाली, मीना रखाल, आशा विक र कोषाध्यक्षमा इन्दिरा फुँयाल निर्वाचित भएका छन्।

अध्यक्षमा निर्वाचित हमाल यसअघि संघको गण्डकी प्रदेश संयोजक थिइन् भने महासचिव लामा सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख थिइन्। लामाले केन्द्रीय कमिटीको बैठकबाट स्थायी समिति गठन हुने र पाँच प्रतिशत केन्द्रीय सदस्यपछि मनोनीत गरिने बताइन्। गत २५ चैतमा एमाले अध्यक्ष केपी ओलीले संघको महाधिवेशन उद्घाटन गरेका थिए। ०६९ मा पोखरामा सम्पन्न छैटौं राष्ट्रिय महाधिवेशनपछि १० वर्षसम्म संघको महाधिवेशन भएको थिएन। छैटौं महाधिवेशनबाट पूर्वराष्ट्रपति विद्या भण्डारी संघको अध्यक्ष निर्वाचित भएकी थिइन्।

कृष्णले पाए ७७ वर्षमा नागरिकता

सुर्खेत/ कालीकोटमा एक वृद्धले ७७ वर्षको उमेरमा नागरिकता लिएका छन्। नरहरिनाथ गाउँपालिका- ४ गोठीका कृष्ण कामीले आइतबार जिल्ला प्रशासन कार्यालय कालीकोटमा पुगेर नागरिकता लिएका हुन्। १० वैशाख ००२ मा जन्मिएका कामीले ६० वर्ष पुगेदेखि सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनुपर्थ्यो। तर, नागरिकता नभएकाले त्यसबाट वञ्चित भएको उनका भतिजा जगे कामीले बताए। 'अहिलेसम्म नागरिकता नहुँदा सामाजिक सुरक्षाको रकम पाउनुभएन,' उनले भने, 'विगतमा नागरिकता नहुँदा पनि सामाजिक सुरक्षा भत्ता पाउनुहुन्थ्यो। तर, बीचमा सामाजिक सुरक्षा भत्ता रोकियो।'

गरिबी र अशिक्षाले गर्दा रोजगारीका लागि १५ वर्षको उमेरमै भारतको मुम्बई जानुपरेकाले नागरिकता पाउन नसकेको कृष्ण कामीले बताए। 'नागरिकता नहुँदा हरेक काममा समस्या आउनेरहेछ। अहिले आएर नागरिकता पाएँ। धेरै खुसी छु,' उनले भने, 'बल्ल खुसीको सास फेर्न पाएँ। अब सामाजिक सुरक्षा भत्तालगायतका अन्य कुरामा सहज हुन्छ।' आफू पहिलोपटक सदरमुकाम आएको कृष्णले बताए। 'आउन एक दिन लाग्छ। नागरिकताका लागि मात्रै पनि सदरमुकाम आउने कुरा भएन, अरू काम केही परेन,' उनले भने, 'म पहिलोपटक सदरमुकाम आएको हुँ।'

सांसदको अडियो सार्वजनिक भएपछि रास्वपाले सदनमै माग्यो माफी

सांसदहरू आक्रोशित, छानबिन समिति गठन गर्न माग

नयाँ पत्रिका
काठमाडौं, २७ चैत

राष्ट्रिय स्वतन्त्र पार्टीले सांसद ढाकाकुमार श्रेष्ठको अडियो डिलको विषयबारे संसद्मै माफी मागेको छ। सोमबारको संसद् बैठकमा विभिन्न दलका सांसदहरूले रास्वपाका सांसद श्रेष्ठले मन्त्री बन्न व्यापारीसँग दुई करोड रुपैयाँ मागेको अडियो डिलबारे संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेपछि सो पार्टीका प्रमुख सचेतक सन्तोष परियारले सदनमै माफी मागेका थिए।

अडियोबारे पार्टीको अनुशासन तथा आचरण समितिले सत्य तथ्य छानबिन गरिरहेको र छानबिन नसकिएसम्म सांसद र साधारण सदस्यका हैसियतले कुनै काम गर्न नपाउने गरी निलम्बन गरिएको उनले जानकारी गराए। 'सुशासन र भ्रष्टाचार नियन्त्रणलाई प्रमुख अभियान ठानेको रास्वपा र हामी यो घटनाबाट सदनको सम्मानमा परेको चोट र गरिमामा पर्न गएको मानमर्दनप्रति क्षमायाचना गर्दछौं,' उनले भने, 'संसद्को गरिमा बढाउने अभियानमा अक्षुण्ण रहनेछौं। यो घटनाले कतै पनि विचलित गर्नेछैन। भविष्यमा यस्ता घटना हुन नदिने गरी लोकतन्त्रलाई अझै सुदृढ र समृद्ध बनाउन कटिबद्ध छौं।'

सांसदहरूले भ्रष्टाचार काण्डमा संलग्न जतिसुकै पहुँचवाला व्यक्ति भए पनि कानुनको कठघरामा ल्याउन माग गरेका छन्। सांसदहरूले राष्ट्रिय स्वतन्त्र पार्टीका समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठको मन्त्री बन्न व्यापारीसँग दुई करोड रुपैयाँ मागेको अडियो, सत्तारूढ दलकै सांसद विनोद चौधरी जोडिएको ललितपुरको बखुन्डोलस्थित समिट अपार्टमेन्ट निर्माणमा भएको अनियमितता र पूर्वमन्त्री एवं एमाले सचिव टोपबहादुर रायमाझी जोडिएको नक्कली भुटानी शरणार्थी अमेरिका पठाउने भन्दै करोडौं उठाउने काण्डका सम्बन्धमा निष्पक्ष छानबिन गरी खुट्टा नकमाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएका थिए।

काग्रेस उपसभापति धनराज गुरुङले प्रतिनिधिसभा सदस्यले मन्त्री बन्न कुनै व्यवसायीसँग करोडौंको वार्तालाप गर्नु लज्जास्पद भएको बताए। 'वार्तामा कोर टिम सुनिन्छ। कोर टिम भनेको के हो ? छानबिन गर्नुपर्दैन ? वार्तालाप, भ्रष्टाचार कमिसनको सन्दर्भमा संसद् चुप लागेर बस्नुहुँदैन। एउटा संसदीय समिति बनाएर निष्पक्ष छानबिन गर्न माग गर्दछु,' उनले भने। गुरुङले भ्रष्टाचारजन्य गतिविधि गरेर पारदर्शिताको कुरा गर्नु दूधको साक्षी बिरालो बसेजस्तै भएको भन्दै रास्वपालाई व्यंग्यसमेत गरे।


गुरुङले नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भनेर सयौं जनाबाट करोडौं असुलउपर गर्ने गिरोहमा ठूला नेता पनि जोडिएको भन्दै प्रश्न गरे, 'ठूलोलाई चैन सानोलाई ऐन हुन्छ कि हुँदैन ? होइन भने जति ठूलै नेताको नाम जोडिए पनि गृह प्रशासन काँप्नुहुँदैन। दह्रो खुट्टा टेकेर संलग्न जतिसुकै ठूलो भए पनि कानुनको कठघरामा ल्याएर कारबाही गर्नैपर्छ।'

एमाले सांसद ऋषिकेश पोखरेलले स्वास्थ्यमन्त्री बन्न दुई करोड आवश्यक पर्नुले चरम भ्रष्टाचार देखाएको र नेताहरू सामाजिक बहिष्करणमा पर्ने चेतावनी दिए। उनले यसमा संलग्नलाई छानबिन र कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरे।

राप्रपा सांसद धवलशमशेर जबराले देशमा काण्डैकाण्ड भइरहेको बताए। 'एनसेल काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, दुईवटा धितोपत्र बोर्ड काण्ड, दुई करोड अडियो काण्ड राप्रपाले हेरिरहेको छ,' उनले भने, 'हामी भ्रष्टाचार हुन दिनेछैनौं। तपाईंहरू सचेत रहनुस्। सरकारमा बसेका ठूला मन्त्रीका छोराछोरी ठुल्ठूला घटनामा संलग्न भइरहेका छन्। सरकारले यिनीहरूलाई कठघरामा उभ्याउनुपर्छ।' राप्रपाकै रोशन कार्कीले समिट अपार्टमेन्टमा सरकार र मन्त्रीकै मिलेमतोमा अनियमितता भएको भन्दै कारबाहीको माग गरिन्। निर्माणकर्ता ठूलाबडा पहुँचकर्ता र सरकारलाई दबाब दिएर निर्णय फेर्ने खालका रहेको भन्दै उपमेयरको छानबिन समिति प्रभावकारी हुन नसक्ने जिकिर गरिन्।

नेमकिपाका सांसद प्रेम सुवाललले सत्तापक्षकै सांसदले मन्त्री हुन दुई करोड माग्नुले गठबन्धन सरकारले सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाउन खोजेको आरोप लगाए। यसबारेमा गठबन्धनका नेताले सदनमा जवाफ दिनुपर्ने उनको भनाइ थियो। सत्तागठबन्धनकै एक सांसदको लगानी भएको ललितपुरको समिट अपार्टमेन्टमा बनाउन उपकरण चलाइँदा घर भासिएर ज्यान जोगाउन रातारात अन्त सर्नुपरेको भन्दै सुवालले सोधे, 'जुन सांसदको एक वर्षमा ४० अर्ब सम्पत्ति बढेको छ, तर राजस्व कति तिरेको छ, यो जानकारी किन सार्वजनिक हुँदैन ?' मन्त्री भइसकेका व्यक्तिका छोराले भुटानी शरणार्थीलाई अमेरिका पठाउन करोडौं ठगी गरेको भन्दै सुवालले अख्तियारको ध्यानाकर्षण गराएका थिए।

काग्रेस महामन्त्री गगनकुमार थापाले बागदरबार र सिंहदरबारबीच देखिएको टकराव समाधान गर्न सरकारको ध्यानाकर्षण गराए। 'काठमाडौं महानगरपालिकाले फोहोर नउठाउने भनेर मेयरले अत्यावश्यक सेवा अवरुद्ध गरेर माग सुनुवाइ गराउने शैली, प्रयोग गरेको भाषा लवज ठीक वा बेठीक बहस गर्दै गरौंला। तर, अहिलेलाई कुनै विलम्ब नगरी संवाद गरियोस्। जुन-जुन विषय अहिले सल्टाउन सकिन्छ सल्टाइयोस्, समझदारी हुने विषयमा गरियोस्, जायज माग पूरा गरियोस्' र हामी काठमाडौंका जनप्रतिनिधिलाई पनि यो प्रक्रियामा सम्मिलित गराइयोस्,' थापाले भने।



● सन्तोष परियार, प्रमुख सचेतक, रास्वपा

सुशासन र भ्रष्टाचार नियन्त्रणलाई प्रमुख अभियान ठानेको रास्वपा र हामी यो घटनाबाट सदनको सम्मानमा परेको चोट र गरिमामा पर्न गएको मानमर्दनप्रति क्षमायाचना गर्दछौं। संसद्को गरिमा बढाउने अभियानमा अक्षुण्ण रहनेछौं। यो घटनाले कतै पनि विचलित गर्नेछैन। भविष्यमा यस्ता घटना हुन नदिने गरी लोकतन्त्रलाई अझै सुदृढ र समृद्ध बनाउन कटिबद्ध छौं।

एमाले सांसद रघुजी पन्तले भारतीय सुरक्षाकर्मी अवैध रूपमा नेपाल प्रवेश गर्नु आपत्तिजनक रहेको भन्दै सरकारको ध्यानाकर्षण गराए। भारतका खालीस्तानी आन्दोलनकारी अमृतपाल सिंह नेपाल प्रवेश गरेको आशंकामा उनलाई खोज्ने नाममा भारतीय सुरक्षाकर्मी पस्नुले नेपालको सुरक्षा संयन्त्रको क्षमतामाथि नै प्रश्न उठ्ने उनको भनाइ थियो। 'नेपाली सुरक्षाकर्मीले खोजतलास गर्दा पत्ता लागेको छैन। तर, वीरगन्ज र बाँकेको जमुनाह नाकाबाट भारतीय सुरक्षाकर्मीहरू नेपाल प्रवेश गरेर अमृतपाल खोजिरहेका छन्,' उनले भने।

● नक्सापासको प्रक्रिया अघि बढेको छ : समिट होटेल

काठमाडौं/ नक्सापासविनै समिट अपार्टमेन्टको जग्गा खन्दा आसपासका घर भासिएको घटनालाई लिएर चौतर्फी आलोचना भएपछि अपार्टमेन्ट निर्माण कम्पनीले पहिलोपटक आफ्नो धारणा सार्वजनिक गरेको छ। समिट होटेलको तर्फबाट सोमबार सार्वजनिक विज्ञप्तिमा अपार्टमेन्ट निर्माणका लागि नक्सापासको प्रक्रिया काठमाडौं उपत्यका विकास प्राधिकरणमा अघि बढेको उल्लेख छ।

होटेलको प्रोजेक्ट सञ्चालक संचित श्रेष्ठको नाममा जारी विज्ञप्तिमा भनिएको छ, 'परियोजनाको नक्सा पाससम्बन्धी मामिला काठमाडौं उपत्यका विकास प्राधिकरणले हेर्ने भएकाले सोही कार्यालयबाट अगाडि बढाइएको जानकारी गराइन्छ। साथै, नक्सा र वातावरणीय प्रभाव मूल्यांकनसहितको प्रगति विवरण ललितपुर महानगरपालिकामा पेस गरिनेबारे नगरप्रमुखलाई जानकारी गराइसकिएको अवगत गराइन्छ।'

जग खन्ने क्रममा जमिन भासिँदा निम्तिएको समस्या समाधान गर्न निर्माण कम्पनी, स्थानीय र जनप्रतिनिधिबीच छलफल भइसकेको हुँदा सोही सहमतिअनुसार काम अघि बढाउने समिट होटेलले जनाएको छ। 'समस्या देखिएलगत्तै निर्माण कम्पनी, स्थानीय र जनप्रतिनिधिसमेतको रोहवरमा छलफल गरी समस्या समाधानका लागि सहमति भइसकेको र सोही सहमतिअनुसार काम अघि बढाइनेछ,' विज्ञप्तिमा भनिएको छ।

■ सांसदले सोधेका प्रश्नको जवाफ दिन सरकारलाई सभामुखको रुलिङ

सभामुख देवराज घिमिरेले प्रतिनिधिसभामा सांसदबाट उठेका विषय तथा जिज्ञासामा जवाफ दिन सरकारलाई निर्देशन दिएका छन्। 'विगतका बैठक

डिफेन्स ल्याब : विज्ञान-प्रविधि विकासको सञ्जीवनी

नेपालले डिफेन्स ल्याबको अवधारणामार्फत विज्ञान-प्रविधिको विकासमा विकसित मित्रराष्ट्रहरूसँग सहकार्य गर्न सकेको भए आज सुनको कचौरामा भिख माग्ने स्थिति आउने थिएन



● डा. ध्रुवबहादुर खड्का

अग्रलेख

एक्काइसौँ शताब्दी आर्टिफिसियल इन्टेलिजेन्सको युग हुँदै छ। मानव जनशक्तिको ठूलो हिस्सालाई मेसिनले प्रतिस्थापन गर्दै छ। स्वच्छ ऊर्जाको नयाँ-नयाँ विकल्पको द्रुत गतिमा विकास हुँदै छ। मानव सभ्यता अन्य ग्रहमा विस्तार गर्ने तयारी भइरहेको छ। पहिलो विश्व विज्ञान-प्रविधिको वायुपंखी घोडामा गतिशील भइरहँदा हामी भने कछुवामा सवार छौं। विज्ञान-प्रविधिको जग दरिलो बनाउने चेत हाम्रो नेतृत्वमा अझै आएको छैन। राज्यले समयको गति पक्रिन सकेको छैन। गतिशील विश्वलाई पछ्याउन, राज्य सञ्चालकले चर्चित अमेरिकी सिनेटर मिट रोम्नीको एक प्रसिद्ध कथन 'देशमा अनुसन्धान र इन्नोभेसनको खडेरी लाग्नु भनेको आर्थिक अनिकाल निम्त्याउनु जस्तै हो' लाई मनन गर्न अत्यावश्यक छ। तर, राज्यले विज्ञान-प्रविधिको विकास तथा सदुपयोगमा ठोस पहल नगरेर देशको अर्थतन्त्रमा अनिकाल निम्त्याइरहेको छ। युवाशक्तिलाई विदेश पलायन गराएर रेमिट्यान्सले देश चलाउनु भनेको अनिकालमा अन्नको बिउ खानु जस्तै हो। त्यसैले, निकट भविष्यमा आउन सक्ने आर्थिक संकटको ठोस समाधान विज्ञान-प्रविधिको सदुपयोगमा आधारित आर्थिक उन्नयन नै हो। नयाँ युगको लोकमार्गका चालक युवाशक्तिलाई बनाउनुपर्छ, न कि राजनीतिक स्वार्थका ढोलक। यस आलेखमा सान्दर्भिक वैकल्पिक मार्गबारे बहस गर्ने जमर्को गरेको छु।

'मटेरियल रिसर्च सोसाइटी'को 'कन्फरेन्स- २०१७' मा एरिजोनाको फिनिक्समा इजरायली मूलका पदार्थ विज्ञानका विख्यात वैज्ञानिक प्रा. डेभिड काहेनसँग अन्तर्क्रिया गर्ने मौका पाएको थिएँ। प्रा. काहेनले दुई साता लामो नेपाल भ्रमणमा अन्नपूर्ण पदयात्राको निकै रोचक अनुभव सँगालेका रहेछन्। कुराकानीका क्रममा, नेपालको विज्ञान-अनुसन्धानको जमिनबारे उनको जिज्ञासाको छिपछिपे उत्तर दिँदै इजरायलको प्रगतिपथबारे प्रतिजिज्ञासा राखेँ। प्रतिरक्षा प्रणाली र वैज्ञानिक कृषिमा इजरायलले गरेको क्रान्तिको उदाहरण दिँदै यसमा रक्षा मन्त्रालयअन्तर्गतको 'रक्षा अनुसन्धान र विकास निर्देशनालय'को अन्तर्राष्ट्रिय सहकार्यले अन्य क्षेत्रका वैज्ञानिक-अनुसन्धानको ढोका खोलेको बताए। त्यही जगमा 'ग्लोबल इन्नोभेसन इन्डेक्स'को उत्कृष्ट देशको सूचीमा इजरायल १६औँ स्थानमा छ। इजरायललाई राजनीतिक अस्थिरता र सदाबहार द्वन्द्वले गाँज्दा पनि आर्थिक सबलता कायम हुनुमा विज्ञान-प्रविधिमा उभिएको आर्थिक जग रहेछ। यो सुनिरहँदा नेपालले सैन्यशक्तिको गर्विलो इतिहास र सामरिक कूटनीतिको सदुपयोग गर्दै डिफेन्स ल्याबको अवधारणामार्फत विज्ञान-प्रविधिको विकासमा सहकार्य गरेको भए सुनको कचौरामा भिख माग्ने स्थिति आउने थिएन भन्ने आभास भइरह्यो।

डिफेन्स ल्याबबारे जानकारी भने हाम्रो अनुसन्धान समूहमा भिजिटिङ वैज्ञानिकका रूपमा काम गरेका, प्रा. बोब्बी बेक्कर र अमेरिकन नेभीअन्तर्गतको 'नवल रिसर्च ल्याबोरोटोरी'का स्टाफ वैज्ञानिक डा. वुजुन युनसँगको साक्षात्कारबाट पाएको थिएँ। संयोगवश, वैज्ञानिक कन्फरेन्समा भाग लिने क्रममा, नेपाली वैज्ञानिकद्वय डा. तारा ढकाल र डा. सोम दाहालको सहयोगमा एरिजोना स्टेट विश्वविद्यालयमा अवस्थित डिफेन्स ल्याब भ्रमण गर्ने र केही बुझ्ने मौका पाएको थिएँ। डिफेन्स ल्याबका अनुसन्धान अक्सर रक्षा प्रविधिको विकासमा केन्द्रित भए पनि आधारभूत तथा व्यावहारिक विज्ञानको अनुसन्धान पनि गरिँदो रहेछ।

हामीले चनाखो भएर बुझ्नुपर्ने तथ्य के भने विध्वंसको प्रतीक भए पनि जापानमा खसालिएको एटम बम, डिफेन्स विभाग-विश्वविद्यालयबीचको सहकार्यको एक चर्चित उदाहरण हो। अमेरिकाले सेनाको कमान्डमा सन् १९४१-१९४५ सम्मको वैज्ञानिक जुलियस रोबेर्ट ओपनहाइमरको नेतृत्वमा विश्वविद्यालयका न्युक्लियर वैज्ञानिकको सहकार्यबाट नौ करोड डलर (आजको मूल्यमा १.५ अर्ब डलरभन्दा बढी) को अनुसन्धान कोषबाट सुरु गरेको थियो। दोस्रो विश्वयुद्धको समाप्तिपछि वैज्ञानिकले एटम बमको सिद्धान्तलाई सदुपयोग गर्दै नियन्त्रित ऊर्जाबाट विद्युत् निकाल्ने प्रविधि विकास गरे। जुन प्रविधिले विकसित देशमा ऊर्जाको ठूलो हिस्सा पूर्ति गरेको छ।

खासमा देशको डिफेन्स विभाग निकै संवेदनशील हुने भएकाले धेरै कुरा बाहिर आउँदैनन्। चीन, रुस र उत्तर कोरियाजस्ता देशको त भन्नै गोपनीय हुन्छ। 'वर्ल्ड पपुलेसन रिभ्यु'को 'रिपोर्ट'अनुसार डिफेन्समा सबैभन्दा बढी खर्च गर्ने देशमामा पहिलो नम्बरमा रहेको अमेरिकाले सात सय ५० अर्ब डलर खर्चिने रहेछ। दोस्रो स्थानको चीनको खर्च दुई सय ३७ अर्ब डलर रहेछ। चाखलाग्दो तथ्य के छ भने शीर्ष दश देशका डिफेन्स खर्च जोड्दा पनि अमेरिकाको खर्च बढी हुने रहेछ।

त्यसो त अमेरिकाले वैज्ञानिक अनुसन्धानका लागि भनेर 'डिफेन्स एडभान्स रिसर्च प्रोजेक्ट एजेन्सी'मार्फत मात्र ३.८६ अर्ब डलर बजेट आर्थिक वर्ष २०२२ मा खर्च गऱ्यो। यहाँ उल्लेखनीय के छ भने विश्वकै शक्तिशाली सेना रहेको अमेरिकाले विज्ञान-प्रविधिको इन्नोभेसनलाई महत्त्व दिँदै वायु, थल र जल सेना विभागअन्तर्गत विशिष्टीकृत केन्द्रीय अनुसन्धान केन्द्रहरू जस्तो कि एयर फोर्स रिसर्च ल्याबोरोटरी, आर्मी रिसर्च ल्याबोरोटोरी, आर्मी इन्जिनियर रिसर्च एन्ड डिभलपमेन्ट सेन्टर अफ द आर्मी कोप्स अफ इन्जिनियर र नाभाल रिसर्च ल्याबोरोटरी स्थापना गरेको छ। जहाँ अर्धसैनिक नेतृत्व र गैरसैनिक नागरिक खोज-अनुसन्धानको कर्ममा आबद्ध हुन्छन्।



अनुकरणीय तथ्य के छ भने अमेरिकाको डिफेन्स विभागअन्तर्गत विशिष्टीकृत अनुसन्धान केन्द्रहरूका अलावा विश्वविद्यालयअन्तर्गत डिफेन्स विभाग फन्डेड अनुसन्धान केन्द्र खोलिएका छन्। जस्तो कि एमआइटीमा डिफेन्स विभागको लिंकन ल्याबोरेटोरी र इन्स्टिच्युट फर सोल्जर न्यानोटेक्नोलोजी, युटा स्टेट विश्वविद्यालयमा मिसाइल डिफेन्स एजेन्सीको स्पेस डायनामिक ल्याबोरेटोरी, हवाई विश्वविद्यालयमा नौसेनाको अप्लाइड रिसर्च ल्याबोरेटोरीजस्ता दर्जनभन्दा बढी विधागत अनुसन्धान केन्द्र खोलिएका छन्। बेलायतको डिफेन्स विभागले त सुरुवाती चरणदेखि नै डिफेन्स क्षेत्रको आधुनिकीकरण गर्न राडार, सेन्सर, रोबर्ट, सूचना तथा प्रतिरक्षा प्रणालीलगायत क्षेत्रमा विश्वविद्यालयसँग मजबुत सहकार्य गर्दै आएको छ। ठूला र विकसित देश जस्तो कि रुस, चीन, भारत, जापान, कोरिया प्रायद्वीपलगायतले डिफेन्स ल्याबकै अवधारणअन्तर्गत रही विज्ञान-प्रविधिको जगमा सुरक्षा प्रविधिको इन्नोभेसनमा ठूलो फड्को मारेका छन्।

> हिजोका हाम्रा शासकले विकसित देशसँगको दौत्य सम्बन्धलाई मुख्यतः आफ्नो सत्ता टिकाउन दुरुपयोग गरे, देशको वैज्ञानिक-उन्नयनमा सदुपयोग गरेनन्। जसका कारण हामी आज विज्ञान-प्रविधि विकासको दरिलो सहकार्यका जगमा आर्थिक छलाङ मारेका मुलुकको अघोषित कमारो हुन विवश भएका छौं।

हाम्रो जमिनी अवस्था : पहिलो विश्वमा वैज्ञानिक-आर्थिक क्रान्तिको ठूलो उभार आइरहेको वेला हाम्रो देशले अदूरदर्शी शासकको स्वार्थकेन्द्रित नजरबन्द भेल्नुपर्यो। वि. सं. १९२४ मा सत्ता समालेका जापानी सम्राट् मैजीले युरोपसँग सहकार्य गरेर विज्ञान-प्रविधिको जगमा देशको कायापलटको सुरुवात गर्दा सोही कालका नेपाली शासक बेलायती महारानीसँग सिकार खेल्न र बेलायती रंगीन दुनियाँमा मस्त थिए। उनीहरूले विकसित देशसँगको दौत्य सम्बन्धलाई मुख्यतः आफ्नो सत्ता टिकाउन दुरुपयोग गरे। देशको वैज्ञानिक-उन्नयनमा कहिल्यै सदुपयोग गरेनन्। जसका कारण हामी आज विज्ञान-प्रविधि विकासको दरिलो सहकार्यका जगमा आर्थिक छलाङ मारेका मुलुकहरूको अघोषित कमारो हुन विवश भएका छौं।

आजका दिनसम्म पनि विज्ञान-प्रविधिको विकासलाई कलुषित राजनीतिले भाषणमा सीमित गरेको छ। अबको बाटो भनेको राजनीतिक चलखेल नहुने राज्यको स्थायी संयन्त्रमार्फत विज्ञान-प्रविधि विकासमा नयाँ पहल गर्नु नै हो। सुरक्षा निकायले विद्यालय शिक्षा, स्टाफ कलेज, मेडिकल तथा अन्य अन्तर-सम्बन्धित प्राविधिक कलेजहरू सञ्चालन गरेका छन्। नेपाली सेनाले आफ्नो प्राविधिक क्षमता विकास तथा अध्ययन अनुसन्धानको क्षेत्रमा गरिरहेको प्राज्ञिक गतिविधिलाई थप गतिशील बनाउन सकिन्छ। खुसीको कुरा ०७७ पुस २७ गते नेपाली सेनाले नेपालका राष्ट्रिनर्माता पृथ्वीनारायण शाहको २९९औँ जन्मोत्सव तथा राष्ट्रिय एकता दिवसका दिन 'पृथ्वीनारायण शाह अध्ययन केन्द्र' स्थापना गरेको रहेछ। नेपाली सेनाको सैन्य प्रशिक्षण र सिद्धान्त महानिर्देशनालयले मेजर जनरल प्रमुख सम्पादक रहेको 'युनिटी' जर्नलमा सुरक्षा तथा सामरिक महत्त्वका विविध क्षेत्रका गुणस्तरीय अनुसन्धान लेखहरू वार्षिक प्रकाशित गर्ने रहेछ। यसले सैन्य संरचनाभित्र रहेको प्राज्ञिक छवि उच्च हुँदै गरेको देखाउँछ।

दुःखको कुरो हाम्रा विश्वविद्यालय राजनीतिक भागबन्डा र नियुक्तिका अखडा बनाइएका छन्। प्राज्ञिक उर्वरताको गुणात्मक वातावरण छैन। विज्ञान-प्रविधि केन्द्रित अनुसन्धान केन्द्रहरू वर्षौंदेखि सुस्ताएर बसेका छन्।

डिफेन्स ल्याब विज्ञान-प्रविधिको गोरेटो : लामो संक्रमणकालीन अन्योलबीच राजनीतिक रूपमा अक्षुण्ण रहेको हाम्रो नेपाली सेनाले विकसित देशका रक्षा मन्त्रालयले डिफेन्स ल्याबअन्तर्गत विज्ञान-प्रविधि विकासको नयाँ-गोरेटो कोर्न सक्छ। हामी सैन्य महाशक्ति भएका देश भारत र चीनको बीचमा अवस्थित भएकाले हाम्रो सैन्य संख्या र शक्तिको जमिनी पुनर्संरचना गर्नु बुद्धिमानी हुन्छ। अहिलेको संख्यालाई सीमित गरेर गुणात्मक वृद्धिमा जोड दिनुपर्छ। सैन्य संरचनाको प्राविधिक कमान्डमा रहने गरी विषयगत क्षेत्रमा विज्ञान-प्रविधिको अनुसन्धान केन्द्र बनाउन ठोस कार्यनीति ल्याउन आवश्यक छ।

सैनिक संरचनाअन्तर्गत रहने गरी अर्ध वा गैरसैनिक प्रकृतिका अनुसन्धान केन्द्र बनाउँदा त्यस्ता केन्द्र राजीतिक हस्तक्षेपबाट मुक्त हुन सक्छन्। सैन्य कूटनीतिमार्फत प्रतिरक्षा प्रणाली, महामारी नियन्त्रण र प्राकृतिक प्रकोप न्यूनीकरणको क्षेत्रमा विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापनामा संयुक्त राष्ट्र संघ तथा अन्य विकसित देशसँग सहकार्य गर्न सकिन्छ। सुरुवाती चरणमा विकसित मुलुकजस्तै विश्वविद्यालयको सम्बन्धनमा डिफेन्स फन्डेड अनुसन्धान केन्द्र खोलेर वैज्ञानिक अनुसन्धानमा सेनाको कल्याणकारी कोषलाई सदुपयोग गर्न सकिन्छ। हाल सेनाले सञ्चालन गर्दै आएको मेडिकल कलेजलाई स्वास्थ्य विज्ञानको अनुसन्धान केन्द्रका रूपमा विकास गर्नैपर्छ। सेनाको प्राविधिक विभागअन्तर्गत विज्ञान-प्रविधि अनुसन्धान केन्द्र स्थापना गर्न सकिन्छ।

डिफेन्स ल्याबको अवधारणाअन्तर्गत विज्ञान-प्रविधि विकासमा हाम्रो उत्कृष्ट जनशक्तिलाई सदुपयोग गर्न सकिन्छ। देशको प्रतिभा पलायनलाई केही हदसम्म रोक्न सकिन्छ। उल्लिखित सिनेटर रोम्नीको कथनजस्तै राष्ट्रको उर्वरतालाई अनुसन्धान र इन्नोभेसनको खडेरीबाट जोगाउनैपर्छ। त्यसका लागि राज्यले प्रशासनिक बोझका नयाँ विश्वविद्यालयभन्दा पनि क्षेत्रगत अनुसन्धान केन्द्र स्थापना गर्न आवश्यक छ। सुरुवाती चरणमा सैन्य संरचनाअन्तर्गत डिफेन्स ल्याबको छानामुनि देशकै माटोमा अनुसन्धान र इन्नोभेसनको अंकुरण गराउन सकिन्छ। प्रतिरक्षा प्रणालीको विकासमार्फत रचनात्मक सहकार्य गर्दै प्रविधि विकास र आर्थिक क्रान्तिको गतिशील सेतुहरू बनाउन राज्यले ठोस कदम चालोस्। जसबाट विज्ञान-प्रविधिको जग दरिलो बनाउँदै राष्ट्रको आर्थिक उन्नयनको सञ्जीवनी बनाउन सकियोस्।

(डा. खड्का जापानको राष्ट्रिय अनुसन्धान संस्थानमा स्टाफ वैज्ञानिकका रूपमा कार्यरत छन्)
@Dhrubakhadka99

३ प्रश्न

काठमाडौं महानगरपालिकाका प्रवक्ता **नवीन मानन्धर**लाई



महानगरले सिंहदरबारभित्रको फोहोर उठाउन छाड्नुको कारण के हो ?

यसबारे मेयरसापले नै भनिसक्नुभएको छ। केन्द्रीय सरकारले स्थानीय सरकारलाई सहयोग गर्दैन र स्थानीय सरकारको मर्म बुझ्दैन भने स्थानीय सरकारले केन्द्र सरकारलाई किन सहयोग गर्ने ? केन्द्रीय सरकार र स्थानीय सरकारबीचको सम्बन्ध सुमधुर भएको भए आज यो अवस्था आउने नै थिएन। सिंहदरबारले बाहिरको कुरा सुन्नुपर्छ। स्थानीय तहसँग मिलेर अघि बढ्नुपर्छ भन्ने हाम्रो मान्यता हो।

सिंहदरबार महानगरको के सर्त वा माग पूरा गरिदियो भने सिंहदरबार क्षेत्रको फोहोर उठ्छ ?

यसबारे पनि मेयरसापले सामाजिक सञ्जालबाट प्रतिक्रिया जनाउनुभएको छ। महानगरसँग सिंहदरबारले देखाएको व्यवहारका आधारमा महानगरले पनि सोही किसिमको व्यवहार देखाएको हो। जबसम्म सिंहदरबारले महानगरका समस्या बुझ्दैन र समन्वय हुँदैन, त्यतिवेलासम्म त्यहाँबाट फोहोर उठ्दैन। यसबारे मेयरसापले प्रस्ट भनिसक्नुभएको छ। सिंहदरबारले हाम्रो कुरालाई गम्भीर रूपमा लिएर समाधान गर्नुपर्छ।

यसरी केन्द्र सरकारसँग मनमुटाव र दूरी बढाएर सहरी समस्या समाधान होलान् ?

यो दूरी हामीले बढाएका होइनौं, सिंहदरबारले बढाएको हो जस्तो लाग्छ। स्थानीय सरकारलाई आवश्यक सहयोग गर्नु केन्द्र सरकारको दायित्व पनि हो। तर, सिंहदरबारले महानगरको कुरा सुन्दै सुनेन। जनतालाई अत्यावश्यक पर्ने काम गर्न खोज्दा सधैं नजरअन्दाज भयो।

प्रेरक प्रसंग

एक कप चिया

एक प्राध्यापक आफूलाई निकै विद्वान् ठान्थे। उनी हत्तपत्त अरूसित हार मान्दैनथे। आफू अनेक विषयको विज्ञ भएको अभिमान उनमा थियो। एकपटक कक्षामा एक छात्रले उनीसित बौद्ध दर्शनका बारेमा निकै गहन प्रश्न सोधे। उत्तर दिने क्रममा प्राध्यापक निकै अलमलिए र उनले विद्यार्थीको जिज्ञासा शान्त पार्न सकेनन्। परिणामतः उनले आफूले बौद्ध दर्शनबारे धेरै बुझ्न बाँकी नै रहेको अनुभव गरे।

अर्को दिन उनी आफ्नो निवासबाट नजिकै रहेको एक गुम्बामा बस्ने बौद्ध भिक्षुलाई भेट्न गए। उनी पुग्दा भिक्षुले भर्खरै आफ्नो ध्यान पूरा गरेका थिए। प्राध्यापकले भिक्षुलाई आफ्नो समस्या सुनाए र आफूलाई बौद्ध दर्शनबारे ज्ञान दिन अनुरोध गरे। उनको समस्या बुझेर भिक्षुले उनलाई शान्त रहन आग्रह गर्दै सहयोगीहरूबाट चिया मगाए। भिक्षुको आग्रहमा मौन रहनुको साटो प्राध्यापक आफ्ना बारेमा बढाई चढाई गरेर भिक्षुलाई सुनाउन थाले। भिक्षु शान्त भई उनका कुरा सुनिरहे। प्राध्यापक अनेक कुरा सुनाइरहे।

केहीबेरमा भिक्षुका सहयोगीले एक चियादानीमा चिया र दुई खाली कप ल्याइदिए। भिक्षु चियादानी लिएर कपमा चिया खन्याउन थाले। तर, कप भरिइरहँदा पनि उनले चिया खन्याउन रोकेनन्। त्यो देखेर प्राध्यापकले सचेत गराउँदै भने- भन्ते, कप भरिइसक्यो। अब त्यसमा थप चिया अट्दैन। हजुर किन चिया खन्याइरहनुभएको छ ?



प्राध्यापकको कुरा सुनेपछि मुसुक्क हाँस्दै भिक्षुले भने- हो, तपाईंले एकदम ठिक भन्नुभयो। जसरी यो कप भरिइसकेपछि यसमा थप चिया अट्दैन, त्यसैगरी तपाईं पनि आफ्नो विचार र सोचले भरिनुभएको छ। तपाईंको दिमागमा नयाँ कुरा अट्ने ठाउँ छैन। त्यसैले, म तपाईंलाई कसरी बौद्ध दर्शनको ज्ञान दिन सकुँला र ? भिक्षुको प्रश्न सुनिसकेपछि प्राध्यापकलाई आफ्नो गल्तीको महसुस भयो। उनले भिक्षुसित क्षमा मागे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्यानिटरी प्याड गुणस्तरीय होस्

२७ चैतको नयाँ पत्रिकामा प्रकाशित गुणस्तर मापनविनै कमसल स्यानिटरी प्याड आयात भइरहेको समाचार पढियो। स्यानिटरी प्याडजस्तो महत्त्वपूर्ण साधन अनिवार्य रूपमा गुणस्तरीय हुनुपर्ने होइन र ? देशको आधा आकाशभन्दा बढी ढाक्दै आएका महिलाले प्रयोग गर्ने स्यानिटरी प्याड गुणस्तरीय नहुँदा महिलामा यौनजन्य संक्रामक रोगको जोखिम बढ्न थालेको सम्बन्धित चिकित्सकले नै बताइरहँदा पनि राज्यले यसबारे कुनै चासो नदिनु दुःखद छ। फन् अब गर्मीयाम सुरु भएकाले यस्ता गुणस्तरहीन स्यानिटरी प्याडको प्रयोगबाट थप रोग फैलिन सक्ने भएकाले यसतर्फ समयमै सबै सचेत बनौं।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

पीडितलाई राहत देऊ

आगलागीबाट रौतहटमा २२ घर जलेको समाचार पढियो। साथै, समाचारमा आगलागी सुरु भएको डेढ घन्टापछि मात्र दमकल पुगेको पनि थाहा पाइयो। के स्थानीय सरकारहरूले आफ्नो पालिकाभित्र कम्तीमा एउटा दमकलको व्यवस्था गर्न सक्दैनन् ? जे नहुनु थियो, त्यो त भई नै सक्यो। अब तीनै तहका सरकारले पीडितलाई आआफ्ना तर्फबाट तत्काल राहत र बसोवासको व्यवस्था मिलाउन ढिलो गर्नु हुँदैन। साथै, क्षतिअनुसार पीडितको स्थायी बसोवासका लागि पनि राहतको व्यवस्था गरिनु जरुरी छ।

● **गोविन्द बिसुन्खे**
दक्षिणढोका, काठमाडौं

स्वदेशी उत्पादन प्रयोग गरौं

हाल नेपालमा दैनिक ६७ लाख पिस स्यानिटरी प्याड उत्पादन हुने गरेको समाचार पढ्दा खुसी लाग्यो। तीमध्ये आधा पनि देशभित्र खपत नहुने र बाँकी निर्यात हुने गरेको पनि सुनियो। नेपाली उत्पादन निर्यात हुनु स्वागतयोग्य विषय हो। तर, नेपालमा उत्पादित स्यानिटरी प्याड निर्यात गर्ने र कम गुणस्तरका विदेशी प्याड आयात भइरहने अवस्थाले गर्दा नेपाली उत्पादनको बजार कमजोर भएको छ। विदेशी उत्पादनलाई विस्थापित गरौं र सकभर स्वदेशी उत्पादनको प्रयोग बढाऔं।

● **सुनिता चौधरी**
टाँडी, चितवन

मेयरलाई असफल बनाउने प्रपञ्च

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको कदममा सरकार र ठूला भनिएका दलहरूले साथ दिएका छैनन्। हिजोका दिनमा फोहोरमैला व्यवस्थापनमा होस् या आज सुकुम्बासी बस्ती हटाउने कार्यमा होस्, महानगरले संघीय तथा प्रदेश सरकारको साथ र सहयोग पाउन सकेको छैन। महानगरले बागमती किनारमा रहेको अनधिकृत बस्ती हटाउन पटकपटक गरेको प्रयास विफल भएको छ। बागमती किनार ओगटेर बसेका सुकुम्बासीका नाउँमा 'हुकुम्बासी'ले त्यहाँ रजाइँ गरिरहेका छन्। राजधानीमा दिउँसै घरेलु हतियार लिएर निक्लिँदा पनि सरकार मौन बस्यो। अहिले सरकारलाई यसको असर नपर्ला तर कालान्तरमा यसले ठूलो असर पार्ने निश्चित छ। हाम्रो स्पष्ट भनाइ छ- वास्तविक सुकुम्बासीलाई राज्यले हेर्नुपर्छ। तर, सुकुम्बासीका नाउँमा हालीमुहाली गर्ने हुकुम्बासीलाई हेर्नुपर्छ भन्ने छैन।

पटकपटक सहयोग माग्दा पनि सरकारले काठमाडौंका मेयर बालेन साहलाई बेवास्ता गरेको समचार आएको छ। राज्यको नीति, नियम र कानुन मजबुत नहुँदा यस्ता हुकुम्बासीको हरेक क्षेत्रमा दादागिरी देखिएको छ। सित्तैमा राजधानीका खोलाकिनार ओगटेर बस्न पाइन्छ भने यहाँ जो पनि सुकुम्बासी बन्छ। म वर्षौंदेखि त्यहाँ बसेको हुँ र त्यहीं बस्न पाउनुपर्छ भन्ने माग पनि सही हुन सक्ला र ? यदि कोही सुकुम्बासी छन् भने पनि जुन जिल्लाका सुकुम्बासी हुन्, तिनलाई त्यही ठाउँमा जग्गा दिनुपर्छ, राजधानीमै दिनुपर्छ भन्ने छैन। सुकुम्बासी भएरै राजधानीमा जग्गा पाइन्छ भने जो पनि सुकुम्बासी बन्न तयार हुन्छ। यस्तो गलत कार्य तत्काल रोक्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@nayapatrikadaily.com

चीन-खाडी सम्बन्धले अमेरिका आत्तिनुपर्दैन

अमेरिकालाई खाडी मुलुकसँगको बेइजिङको तेल सम्झौताबाट भन्दा कैयौं गुणा ठूलो खतरा इजरायल-चीन सम्बन्धबाट छ





देश/विदेश

● सुल्तान बराकत ● लक्ष्मी वेणुगोपाल मेनन

चीनले मात्र ६ महिनाको अवधिमा अमेरिकाले महत्त्वपूर्ण मान्ने मध्यपूर्व र पूर्वी युरोपमा ठूलो कूटनीतिक सफलता हात पाऱ्यो। अमेरिकाका युरोपेली साझेदारहरूले आफ्नै लागि ग्यास आपूर्ति सुरक्षित गर्न धौधौ परिरहेका वेला चीन र दोहाले गत नोभेम्बरमा हालसम्मकै सबैभन्दा लामो अवधिको अर्थात् २७ वर्षका लागि तरल प्राकृतिक ग्यास आपूर्ति सम्झौता गरे।

चीनले फेब्रुअरीमा आफूलाई शक्तिशाली मध्यस्थकर्ताका रूपमा प्रस्तुत गर्दै युक्रेनमा युद्ध अन्त्य गर्नका लागि 'शान्ति योजना' अघि साऱ्यो। त्यसपछि मार्चको प्रारम्भमा दुई शत्रुमुलुक साउदी र इरानबीच सम्बन्ध विकास गर्न मध्यस्थता गऱ्यो अर्थात् उसले यी दुई मुलुकबीच पूर्ण कूटनीतिक सम्बन्ध पुनर्स्थापित गरिदियो। बेइजिङको खाडीसँगको संलग्नताले अमेरिकालाई स्वाभाविक रूपमा बेचैन बनाएको छ। किनभने खाडीका धेरै मुलुक अमेरिकाका साझेदार हुन्। तर, यो परिस्थितिमा वासिंगटनले ओबामा प्रशासनका वेला लिइएको कूटनीतिक निर्णयको स्मरण गर्नु आवश्यक छ। किनभने ओबामाको 'पिभोट टु एसिया' (पूर्वी एसियामा सम्बन्ध प्रगाढ बनाउने) नीतिका कारण अमेरिकाले खाडी क्षेत्रलाई उपेक्षा गर्ने हो कि भन्ने भय सञ्चार भएको थियो।

खाडी मुलुक मात्रै चिन्तित छैनन्। हामीसँगको व्यक्तिगत संवादमा इराकका लागि युरोपियन युनियनका पूर्वराजदूतले इराकमा पश्चिमको संलग्नताको कमीलाई 'महँगो विध्वंसात्मक उपेक्षा'को संज्ञा दिएका छन्। 'चीन अहिले पश्चिमको उपेक्षाका कारण उत्पन्न 'रिक्त स्थानलाई पूर्ति गर्दै इरान, साउदी अरेबिया, युएई र अन्य क्षेत्रीय खेलाडीसँग साझेदारी बढाइरहेको छ,' उनी थप्छन्।

अमेरिकीहरू 'पिभोट टु एसिया'ले खाडी क्षेत्रमा प्रभाव घटाउँदैन भनेर प्रमाणित गर्न ठूलै जोड दिइरहेका छन्। वास्तवमा वासिंटनले चीनको क्षेत्रीय सम्बन्ध विस्तारबारे धेरै बेचैन हुनुहुँदैन। किनभने चिनियाँ सम्बन्ध एकदमै सतही छ। निःसन्देह हालैका वर्षमा चीन र खाडी मुलुकबीच व्यापारको परिमाण बढेको छ। गल्फ कोअपरेसन काउन्सिलका ६ मध्ये चार राष्ट्रको अहिले अमेरिकासँगको तुलनामा चीनसँगको द्विपक्षीय व्यापार निकै ठूलो छ। यो वासिंटनका लागि हैरानीको विषय हुन सक्छ। तर, वासिंटनले चीन-खाडी सम्बन्धको केन्द्रमा चिनियाँ ऊर्जा आवश्यकता छ भन्ने बुझ्नुपर्छ। अर्को भाषामा भन्ने हो भने यो सम्बन्ध रणनीतिक नभई सामान्य लेनदेनको सम्बन्ध हो।

पछिल्लो साउदी-इरान सम्झौताले चीन लेनदेनको साझेदारीबाट बाहिर निस्कन खोजिरहेको र खाडी क्षेत्रमा प्रभावका लागि अमेरिकासँग प्रतिस्पर्धा गर्न खोजिरहेको संकेत देखिन्छ। यद्यपि, अमेरिकाको प्रभावलाई माथ खुवाउनु भने निकै चुनौतीपूर्ण हुनेछ। अमेरिका खाडीको शीर्ष सुरक्षा साझेदार हो। उसको खाडी राष्ट्रसँग बहुआयामिक सम्बन्ध छ, जहाँ व्यापार मात्र नभई सैन्य, कूटनीतिक, सांस्कृतिक, शैक्षिक र सामाजिक सम्बन्ध पनि पर्छन्। वासिंटनले सन् २०२१ मा गरेको हस्तक्षेपपछि युएईबाट चिनियाँ सैन्य टुकडीलाई हतारमा फिर्ता लिनुले लेनदेनयुक्त साझेदारीको वास्तविकता प्रतिबिम्बित हुन्छ। बरु ठिक विपरीत सन् १९८० को दशकदेखि इजरायलले चीनसँग पर्याप्त प्राविधिक साझेदारी कायम गरेको छ। इजरायली कम्पनीले बेइजिङलाई संवेदनशील उच्च-प्रविधियुक्त सैन्य उपकरण बिक्री गरेको आरोप लाग्ने गरेको छ। यद्यपि अमेरिकी दबाबमा सो बिक्री रोकिएको बताइएको छ। इजरायलले अझै पनि चिनियाँ अधिकारीलाई स्पाइवेयर (जासुसी सफ्टवेयर) बिक्री गरिनैरहेको छ र इजरायलको प्राविधिक क्षेत्रमा ठूला चिनियाँ लगानीलाई स्वागत गरिएकै छ। सन् २०१८ मा यस्तो लगानी ३२ करोड ५० लाख डलर थियो।



तस्बिर : अलजजिरा

इजरायली अधिकारीले दोहोरो-प्रयोग प्रविधि उत्पादन गर्ने व्यवसायमा लगानीलाई ठिकसँग नियमन नगरेका कारण वासिंटन केही समयका लागि हैरान भएको थियो।

विशेषतः प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको नेतृत्वमा चीन र इजरायलबीचको व्यापारिक सम्बन्ध फस्टाएको छ। सन् २०२१ मा यी मुलुकबीचको द्विपक्षीय व्यापार २२ अर्ब ८० करोड डलर पुगेको थियो। चिनियाँ कम्पनीले हाइफानजिकैको रणनीतिक बन्दरगाहजस्ता ठूला पूर्वाधार परियोजनामा ठेक्का हात पारेको छ। यसले त्यहाँ रहेका अमेरिकी नौसेना जहाजमा चिनियाँ जासुसी हुने भन्दै अमेरिकी रक्षा अधिकारी चिन्तित छन्। चिनियाँ र इजरायली सरकार स्वतन्त्र व्यापार सम्झौताका लागि वार्ता पनि गरिरहेका छन्। यदि उनीहरूबीच स्वतन्त्र व्यापारमा सम्झौता भयो भने त्यो मध्यपूर्वको पहिलो सम्झौता हुनेछ।

अर्को शब्दमा भन्नुपर्दा खाडी राष्ट्रको तुलनामा इजरायलको चीनसँग गहिरो सम्बन्ध छ। इजरायल अमेरिकी हितलाई ठूलो खतरा हुन सक्ने गतिविधिमा संलग्न छ। अर्थात् बेइजिङको खाडी मुलुकसँगको तेल सम्झौताभन्दा कैयौं गुणा ठूलो खतरा इजरायलमा चीनको संलग्नताबाट छ।

यसबाहेक इजरायलले क्षेत्रीय स्थायित्वको अवरोधमा पनि भूमिका खेलेको छ। इजरायलले इरानसँग तनाव बढाएको छ र द्वन्द्वलाई प्रोत्साहन गरेको छ। यति मात्र होइन, इजरायल इरानी भूमिभित्रको आक्रमणमा पनि संलग्न छ। उसले अमेरिकाले कैयौं प्रयासपछि सफल भएको इरानको आणविक सम्झौतालाई कमजोर पार्न खोजेको छ।

वासिंटनले इरानसँग सम



फाइटरमा व्यस्त अनिल

६६ वर्षको उमेरमा पनि अनिल कपुर निकै फिट देखिन्छन् । उनी अहिले आफ्नो नयाँ प्रोजेक्ट 'फाइटर'को तयारीमा व्यस्त छन् । यसका लागि उनले फिटनेसमा थप मिहिनेत गरिरहेका छन् । मास्क लगाएर वर्कआउट गरिरहेको अनिलको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल छ ।



एक्सन अवतारमा सलमान

सलमान खानको फिल्म 'किसी का भाइ किसी की जान'को ट्रेलर रिलिज भएको छ । यो फिल्म एक्सन लभस्टोरी हो । ट्रेलरमा सलमान खान एक्सन अवतारमा देखिएका छन् । पूजा हेगडेसँग उनको केमेस्ट्री पनि निकै राम्रो देखिएको छ । इदको अवसर पारेर २१ अप्रिल २०२१ मा यो फिल्म रिलिज हुँदै छ ।

किन जाने बुटिक ?



बुटिकमा तयार गरिने कपडा र रेडिमेडमा फरक हुन्छ । जो मान्छेलाई फेसनेबल कपडा लगाउने रहर हुन्छ, उसलाई बुटिक राम्रो माध्यम हुन सक्छ । किनकि, यहाँ फेसन डिजाइनर बसेको हुन्छ । उसले मानिसको हाइट, मोटाइ, शारीरिक डिजाइन सबै हेरेर उसैको रोजाइअनुसारको कपडा तयार गर्छ ।

केही बढी खर्च गरेर भए पनि राम्रो डिजाइनको लगाउनुपर्छ भन्नेहरू बुटिकमा आउने हुन् । प्रायः क्वालिटीमा कम्प्रमाइज नगर्ने र फेसनेबल देखिन चाहनेहरू बुटिक जान्छन् ।



रोजिना श्रेष्ठ
सञ्चालक, कायरा बुटिक

बुटिकमा कपडा बनाउँदा धेरै खर्च हुन्छ भन्ने भ्रम पनि कतिपयमा छ, तर त्यस्तो होइन । मिडियम रेन्जका कपडा पनि बुटिकमा बन्छन् । डिजाइन र त्यसमा लाग्ने मिहिनेत हेरेर फरक-फरक मूल्य पर्ने गरेको छ । ग्राहकको चाहना हेरेर मिडियम र हाई रेन्जका डिजाइन बन्छन् ।

कलर कम्बिनेसन मिलाएर लगाउँदा साधारण कपडामा पनि मानिसलाई स्टाइलिस देखिन्छ । महँगो लगाउँदैमा राम्रो देखिन्छ भन्ने होइन । ठिक्क रेन्जका डिजाइन पनि बुटिकमा पाइन्छन् । कलर कम्बिनेसन र फिनिसिङले ठिक्क रेन्जको कपडामा पनि मानिसलाई स्मार्ट देखाउँछ ।

डिजाइनबारे अलमलमा परेका ग्राहकलाई बुटिकमा रहेका डिजाइनरले कस्तो खालेे कपडा म्याच गर्छ भनेर सुझाव पनि दिन्छन् ।

यसकारण देखिन्छ थाइराइड



डा. नरेश पराजुली
मधुमेह, थाइराइड तथा हर्मोन रोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल



हाम्रो शरीरमा विभिन्न ग्रन्थि हुन्छन् । ती ग्रन्थिमध्ये घाँटीमा रुद्रघण्टीमुनि पुतली आकारको ग्रन्थि हुन्छ, त्यो ग्रन्थिलाई थाइराइड भनिन्छ । यस ग्रन्थिले थाइरोक्सिन (टी-३) र ट्राइआयोडो थाइरोनिन (टी-४) हर्मोन उत्पादन गर्छ । यी हर्मोनका कारण शरीरलाई ऊर्जा प्रदान हुन्छ । थाइराइड ग्रन्थिमा समस्या भयो भने थाइराइडको समस्या भएको मानिन्छ । हर्मोन बढी हुनुलाई हाइपर थाइराइड र हर्मोन कम हुनुलाई हाइपोथाइराइड भनिन्छ । हर्मोन बढी भएको अवस्थामा गलगाँड हुने, ग्रन्थि सुन्निने समस्या देखिन्छ । कहिलेकाहीं गाँठागुठी बनेर क्यान्सरको समस्या पनि हुन सक्छ ।

कारण

थाइराइड जटिल र डराउनुपर्ने खालको समस्या होइन । यो धेरै कारणले हुन्छ । हर्मोनको कमीले गर्दा हाइपोथाइराइड देखिने समस्या बढी हुन्छ । आयोडिनको कमीले पनि यस्तो हुने गर्छ । अटो इम्युनको कारणले गर्दा पनि हुन्छ । हर्मोन कम हुँदा र बढी हुँदा फरक-फरक लक्षण देखिन्छ । हर्मोन बढी वा कम हुनु नै थाइराइडसम्बन्धी समस्या हो । सामान्यतया थाइराइड हर्मोनमा आउने गडबडी र इम्युन सिस्टमका कारण थाइराइड हुने गर्छ ।

हर्मोन कम हुँदा

- शरीर आलस्य हुने, थकान हुने ।
- महिलामा महिनावारी गडबड हुने ।
- शरीरमा अत्यधिक मात्रामा बोसोको मात्रा बढ्ने ।
- हाइट नबढ्ने ।
- कपाल झर्ने ।
- जिउ सुन्निने, फुलिने, घाँटी सुन्निने ।

बढी हुँदा

- हातखुट्टा काम्ने ।
- चिटचिट पसिना आउने ।
- तौल घट्दै जाने ।
- शरीर तातो हुने ।
- निद्रा नलाग्ने ।
- मुटुको धड्कन बढेजस्तो हुने ।

बच्ने उपाय

- थाइराइड जुनसुकै उमेरका व्यक्तिलाई पनि हुने समस्या हो । त्यसैले थाइराइड भए-नभएको जाँच गर्नुपर्छ ।
- समस्या भएको छ भने नियमित औषधि सेवन गर्नुपर्छ ।
- जीवनशैलीमा परिवर्तन गर्ने, चिल्लो कम खाने गर्नुपर्छ ।
- आयोडिनयुक्त नुन प्रयोग नगर्ने ।
- स्वस्थकर खाना खाने गर्नुपर्छ ।
- तनाव, चिन्ता र हतासलाई न्यूनीकरण गर्ने ।
- अनावश्यक रूपमा एक्सरे नगर्ने, सिटीस्क्यान आदि पटक-पटक नगर्ने, धेरै चिया, कफी तथा चुरोट नपिउने, सक्रिय जीवनशैली अवलम्बन गर्नुपर्छ ।
- नियमित व्यायाम गर्नुपर्छ ।

उपचार विधि

- थाइराइड नराम्रो अवस्थामा छ भने शल्यक्रिया नै गर्नुपर्ने हुन सक्छ ।
- परीक्षणपश्चात् थाइराइड ग्रन्थिको रोग देखिए तत्कालै विशेषज्ञ चिकित्सकको सल्लाहअनुसार उपचारमा लाग्नुपर्छ ।
- आयोडिन, रेडियोएक्टिभ तथा एन्टिथाइराइड औषधि र शल्यक्रिया (हाइपर थाइराइडिज्मका लागि) र थाइराइड हर्मोन चक्की (हाइपो थाइराइडिज्मका लागि) लगायतका विभिन्न रासायनिक हर्मोनको प्रयोगले यसको प्रभावकारी उपचार हुन्छ ।
- आवश्यकताअनुसार विशेष तथा लाक्षणिक उपचार हुन्छ ।

घरमै बनाउन सकिन्छ पाउरोटी



आवश्यक सामान : मैदा एक केजी, चिनी ५० ग्राम, इस्ट २० ग्राम, नुन १० ग्राम, ब्रेड इम्प्रुभर १० ग्राम, बटर १०० ग्राम, अन्डा तीनवटा, पानी ६ सय मिलिलिटर, ओभन

पकाउने विधि : एउटा सफा भाँडामा मैदा, चिनी, इस्ट, बटर, नुन, अन्डा र ब्रेड इम्प्रुभर मिक्स गर्नुपर्छ । यसमा पानी हालेर राम्रोसँग नरम हुने गरी १० मिनेटसम्म मुछ्ने । त्यसलाई सानो-सानो रोल बनाउनुपर्छ । यसलाई डोभ बनाएर फुलाउने । र, त्यसलाई १८० डिग्रीमा ओभनमा १० मिनेटसम्म पकाउने । आधा घन्टा चिसो बनाउने र पाकिसकेपछि यसलाई सानो बर्गरजस्तो बनाएर खान पनि मिल्छ । चिया, कफीसँग खान पनि मिल्छ ।

मैदा मात्र नभएर कोदो, फापरको पिठोबाट पनि ब्रेड बनाउन सकिन्छ । यो ३० मिनेटमा तयार गर्न सकिन्छ ।

यात्रामा निस्कँदा ...

- गन्तव्यस्थलको छनोट गरेर पूर्वतयारीसहितको योजना बनाउने । गन्तव्यस्थलमा खाना, वासको सुविधा भए/नभएको स्थितिबारे जानकारी लिने ।
- बाटोघाटोको अवस्थाबारे जानकारी लिने ।
- आफू कुन क्षेत्रमा जान लागेको हो, के-के गतिविधि गर्ने हो, त्यसका लागि बजेट आकलन गर्ने ।
- मौसमअनुसारको कपडा, ड्राई फ्रुट, प्राथमिक उपचार किट बोक्ने ।
- स्वास्थ्यवर्द्धक खानपानमा जोड दिने ।
- जथाभावी प्लास्टिकलगायतका फोहोर नफाल्ने ।
- यात्रामा निस्कँदा दिगो पर्यटनका अभ्यास र उत्तरदायी पर्यटनका व्यवहार के हुन् भन्ने कुरालाई ध्यान दिने ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: भरतपुर, चितवन, फोन: ०५६-५३३२४०/४१

को

शाखा कार्यालय भरतपुर, चितवनको तपसिल उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७९/१२/२८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/१०/२४ गतेको अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/१२/०७ मा प्रा.फ.र.नं. ११६५/०७३/०७४ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ३, बालकुमारी कलेज चोक स्थित **लेस अप**
(प्रोप्राइटर : शुसील कुमार श्रेष्ठ)

व्यक्तिगत जमानतकर्ताहरू

नाम : शुसील कुमार श्रेष्ठ	**नाम : अनिता श्रेष्ठ**	**नाम : सुशान्त श्रेष्ठ**
बाबु : लक्ष्मण श्रेष्ठ	पति : शुसील कुमार श्रेष्ठ	बाबु : शुसील कुमार श्रेष्ठ
बाजे : श्री प्रसाद श्रेष्ठ	ससुरा : लक्ष्मण श्रेष्ठ	बाजे : लक्ष्मण श्रेष्ठ
ठेगाना : भरतपुर-३, चितवन	ठेगाना : भरतपुर-३, चितवन	ठेगाना : भरतपुर-३, चितवन
ना.प्र.प.नं. : २२४९, चितवन	ना.प्र.प.नं. : ३४७६२/०६३, चितवन	ना.प्र.प.नं. : ३५१०२५/६३०४, चितवन

धितोमा रहेको सम्पत्तिको विवरण

शुसील कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ६, सिट नं. ६ख स्थित कित्ता नं. ४०७८,४०८५, ४०८३, ४०८०, ७४९८ र ४०८१ को क्रमस क्षेत्रफल ०-०-६-०, ०-०-३-०, ०-०-१.७५-०, ०-०-२.७५-०, ०-०-३.२५-० र ०-०-९.५-० (विघा) को जग्गाहरू तथा सो जग्गाहरूले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरू :

१. बोलपत्र आवेदन फारम मिति २०७९/१२/२८ गते मंगलवारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०१/१२ गते मंगलवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय, भरतपुर, चितवनमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०१/१३ गते बुधवार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय, भरतपुर, चितवनमा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय, भरतपुर, चितवनबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय भरतपुर, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४६२३३/०७६/७७, स्थानीय व्यापार, अर्न्तगत मिति २०७६/१०/२६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ स्थित **सुर्यन सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : कन्या कुमारी अहिर** स्थायी ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : राम अजोर यादव ससुरा : रुद्रनारायण अहिर पति : नारसल अहिर	**२) नारसल अहिर** ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : रुद्रनारायण अहिर बाजे : बरन अहिर

जमानीकर्ताको विवरण

१) कन्या कुमारी अहिर स्थायी ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : राम अजोर यादव ससुरा : रुद्रनारायण अहिर पति : नारसल अहिर	**२) उषा देवी यादव** स्थायी ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : बुद्ध अहिर ससुरा : रुद्रनारायण अहिर पति : बनारसी प्रसाद यादव	**३) नारसल अहिर** ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : रुद्रनारायण अहिर बाजे : बरन अहिर	**४) बनारसी प्रसाद यादव** स्थायी ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : रुद्रनारायण अहिर बाजे : बरन अहिर
५) रुद्रनारायण अहिर स्थायी ठेगाना : रुपन्देही जिल्ला, बरगदवा गा.वि.स. वडा नं. २ हालको ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : बरन अहिर बाजे : श्रीपाल अहिर	**६) सुवास चन्द्र यादव** स्थायी ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ हालको ठेगाना: रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : रुद्रनारायण अहिर बाजे : बरन अहिर	**७) सिरमती यादव** स्थायी ठेगाना : रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बाबु : बहोरी अहिर ससुरा : रुद्रनारायण अहिर पति : सुवास चन्द्र यादव अहिर	

धितोको विवरण

१) श्रीपाल अहिरको नाती, बरन अहिरको छोरा, रुपन्देही जिल्ला, बरगदवा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बस्ने रुद्रनारायण अहिरको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बिसुनपुरा गा.वि.स. वडा नं. ४ स्थ (हाल जैडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ९५४ को क्षेत्रफल ९५०६.६२ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।
२) राम अजोर यादवकी छोरी, रुद्रनारायण अहिरकी बुहारी, नारसल अहिरकी पत्नी, रुपन्देही जिल्ला, विष्णुपुरा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, जैडहवा गा.पा. वडा नं. ३ बस्ने कन्या कुमारी अहिरको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बिसुनपुरा गा.वि.स. वडा नं. ४ स्थ (हाल जैडहवा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४२२ को क्षेत्रफल ३२२८.२२ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) सुर्यन सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
२)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ११७२७५/०७०/७१ अन्तर्गत मिति २०७०/०३/०५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा, वडा नं. ३४, मिलनचोक स्थित **मन्जु श्री ट्रेड** **प्रोप्राईटर तथा जमानतकर्ता: मन्जु पहाडी** स्थायी ठेगाना : सिन्धुली जिल्ला, स्याङ्गासाङ्ग गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, मिलनचोक बाबु : लिलानाथ खतिवडा ससुरा : श्याम लाल पहाडी पति : ध्रुब प्रसाद पहाडी	**१) रुद्रहरी अधिकारी** ठेगाना : काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ५ बाबु : ठेक प्रसाद अधिकारी बाजे : खडिलाल अधिकारी

धितोको विवरण

१) सवारी मोडल : TATA CVD SCV CARGO ACE HT 2 BS 111 (BLUE) | च्यासिस नं. : MAT445064GVJ43110 | ईन्जिन नं. : 2751DI06JTYS95973 सवारी दर्ता नं. : बा १६ च ५३०४
२) सवारी मोडल :TATA CVD SCV CARGO ACE HT 2 BS 111 (BLUE) | च्यासिस नं. : MAT445064GYK17629 | ईन्जिन नं. : 2751DI06KTYSB2425 सवारी दर्ता नं. : बा १६ च ८२३२

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २८ चैत ०७९

ब्याजदर घटाउने नीति लिँदै राष्ट्र बैंक

चौतर्फी दबाबपछि ब्याजदर घटाउने वातावरण तयार गर्दै राष्ट्र बैंक, आज पत्रकार सम्मेलन गरिँदै

पवन तिमिल्सिना / नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले ब्याजदर घटाउने नीति अवलम्बन गर्ने भएको छ। अर्थतन्त्रको बाह्य क्षेत्रमा परेको चापलाई न्यून गर्न केन्द्रीय बैंकले अघिल्लो वर्षदेखि नै मागमा संकुचन ल्याउने गरी ब्याजदर वृद्धिको नीति लिँदै आएको थियो। चौतर्फी दबाबपछि केन्द्रीय बैंक ब्याजदर बढाउने नीतिबाट क्रमशः पछि हट्ने भएको छ। खासगरी प्रधानमन्त्रीकै चासोपछि केन्द्रीय बैंक लचक बनेको हो।

सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थमन्त्री डा. प्रकाशशरण महत, मुख्यसचिव शंकरदास बैरागी, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, गृहसचिव विनोदप्रकाश सिंह, अर्थसचिव तोयम रायलगायत पदाधिकारीलाई बोलाएर छलफल गरेका थिए। बैठकमा बैंकका सञ्चालकहरूको संस्था बैंक तथा वित्तीय संस्था परिसंघ नेपालका पदाधिकारीसमेत उपस्थित थिए।

त्यसो त गत शुक्रबारदेखि नै ब्याजदर घटाउने उपायको खोजी गर्ने भन्दै प्रधानमन्त्री केन्द्रीय बैंकका गभर्नरलगायतका सरोकारवालासँग छलफलमा थिए। अन्ततः सोमबारको बैठकले समाधान निकालेको बैठकमा उपस्थित एक अधिकारीले जानकारी दिए।

ती अधिकारीले भने, 'ब्याजदर घटाउन गत शुक्रबारदेखि नै प्रधानमन्त्रीले गभर्नर, अर्थमन्त्रीलगायतका सरोकारवालासँग बसेर छलफल गरिरहेका थिए। सोमबारको बैठकले निष्कर्ष निकालेको छ।'

राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले मंगलबार महत्त्वपूर्ण निर्णय सार्वजनिक गर्ने तयारी रहेको जानकारी दिए। उनले समसामयिक विषयमा पत्रकार सम्मेलनसमेत राख्ने बताए। तर, के निर्णय गर्ने भन्ने उनले खुलाउन चाहेनन्। उनले भने, 'भोलि (मंगलबार) हामी महत्त्वपूर्ण निर्णयसहित पत्रकार सम्मेलन गर्दै छौं।'

त्यस्तै, परिसंघले पनि सोमबार प्रधानमन्त्री कार्यालयमा भएको छलफलको विषयमा जानकारी गराउने भन्दै पत्रकार सम्मेलन डाकेको छ। परिसंघले 'चैत २७ गते प्रधानमन्त्री, अर्थमन्त्री, मुख्यसचिव, गभर्नरलगायत विभिन्न मन्त्रालयका सचिवहरूसँग भएको भेटघाट तथा छलफलका विषयमा जानकारी गराउने' बताएको छ। साथै, विगत केही समयदेखि बैंक तथा वित्तीय संस्था तथा कर्मचारीहरूका विरुद्धमा भइरहेका विभिन्न



गतिविधि, देशको वर्तमान आर्थिक एवं बैंकिङ स्थिति र सुधारका सम्भावित उपायहरूका विषयसमेत उल्लेख गर्ने बताएको छ।

'केन्द्रीय बैंकले ब्याजदर घट्ने गरी स्पेस क्रिएट गर्न खोजेको, छ अहिले सिआरआरमा लचकता अपनाउने, संस्थागततर्फको निक्षेपको दर घटाउने, आधारदर गणना विधिमा परिवर्तन गर्ने, पुनर्कर्जा बढाउने, बैंकदर घटाउनेलगायत विषयमा छलफल भइरहेको छ,' एक बैंकरले भने, 'चौतर्फी दबाबपछि राष्ट्र बैंकले ब्याजदर घटाउने वातावरण बनाउने प्रयास थालेको देखिन्छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ कति छ ब्याजदर घटाउने स्पेस ?

सरकार र राष्ट्र बैंकले जति नै जोडबल गरे पनि बजारमा माग भएअनुसार ब्याजदर घटाइहाल्न सम्भव नभएको जानकारहरू बताउँछन्। तत्काल नै ब्याजदर घटाउनका लागि केन्द्रीय बैंकसँग खासै धेरै आधारहरू नभएको एक बैंकरले बताए। उनले भने, 'अहिलेकै अवस्थामा ब्याजदर घटाउन राष्ट्र बैंकका लागि सम्भव देखिँदैन।'

उनका अनुसार पहिलो आधार, केन्द्रीय बैंकले चालू आर्थिक वर्षमा लिएको कसिलो नीतिमा लचकता देखाउने आश्वासन दिन सक्नेछ। यद्यपि, यसले अहिले आक्रान्त बजारलाई केही हदसम्म शान्त बनाउन मद्दत पुग्ला, तर ब्याजदर नै घटाउन भने सम्भव नहुने उनको बुझाइ छ। दोस्रो आधार, केन्द्रीय बैंकले बैंकदर घटाउन सक्ने विकल्प बाँकी नै रहेको ती बैंकरको बुझाइ छ।

केही समयअघि बैंकका सञ्चालकहरूको टोलीले अर्थमन्त्री डा. महतलाई भेटी क्यास रिजर्भ रेसियो (सिआरआर) ३ प्रतिशतमा झार्ने, बैंकदर घटाउने र स्थानीय तहको सञ्चित कोषमा रहेको रकमलाई शतप्रतिशत निक्षेप गणना गर्न दिइनुपर्ने व्यवस्थाको माग गरेका थिए। चालू आवको मौद्रिक नीतिले यसलाई ४ प्रतिशत पुऱ्याएको थियो।

त्यस्तै, बैंकदरलाई पनि १.५ प्रतिशतले बढाएर ८.५ प्रतिशत पुऱ्याएको थियो। संस्थागत निक्षेपको दर घटाउने विषयमा समेत ब्याजदर घटाउन सकिने स्पेस देखिन्छ। जसमा नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोषजस्ता सरकारी संस्थानहरूको वर्चस्व देखिन्छ।

त्यसबाहेक केन्द्रीय बैंकले प्रत्येक त्रैमासमा आधारदर समायोजन गरी कर्जाको ब्याजदर तोक्ने व्यवस्थालाई मासिक बनाउन सक्ने सम्भावना उत्तिकै रहेको ती बैंकरको भनाइ छ।

■ ब्याजदर घटाउन प्रधानमन्त्रीको अग्रसरता

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बैंकहरूको ब्याजदर घटाउने उपाय खोजिरहेको बताएका छन्। प्रधानमन्त्री सचिवालयले जारी गरेको विज्ञप्तिमा उक्त कुरा उल्लेख गरिएको छ।

सोमबारको बैठकमा प्रधानमन्त्रीले भने, 'मैले नै यो बैठकको आयोजना गरेको हुँ। अर्थतन्त्रमा देखापरेको दबाबलाई कम गर्न लगातार छलफलमा छौं। बैंकको ब्याजदर घटाउने उपायहरू खोजिरहेका छौं। हामी छिट्टै एउटा निष्कर्षमा पुग्छौं।'

विदेशी मुद्रा सञ्चितिको दबाब कम हुँदै गएकाले समाधान निकाल्न सहज हुने उनको धारणा छ। 'विदेशी मुद्रा सञ्चितिको दबाबबाट अलि सजिलो महसुस हुँदै छ। अहिले विदेशी मुद्रा सञ्चिति र विप्रेषणमा सुधार आएको छ,' प्रधानमन्त्रीले दाहालले भने, 'बजेट बनाउनुअघि निजी र सरकारी क्षेत्रका प्रतिनिधिहरूसँग बृहत् छलफल गर्ने सोच्दै छु।' उनले एक-अर्कालाई आरोपित गरेर समस्या समाधान नहुने बताए।


अहिले अर्थतन्त्रमा संकट आउनुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै कारण जिम्मेवार रहेको उनको भनाइ छ। उनले भने, 'यसमा भूकम्प, कोभिड, रुस र युक्रेनको युद्धलगायतका कारण छन्। आयात-निर्यातसम्बन्धी निर्यातमा भएका सीमाहरूको कारण पनि छ। राजस्व संकलनमा वृद्धि ल्याउन, राजस्व चुहावट नियन्त्रण गर्न निकै गम्भीर रूपमा लागेका छौं।' उनले बैंकको ऋण लिएर नतिर्ने भन्ने समूहमाथि कठोर हुनेसमेत बताए।

'बैंकको ऋण लिने, तर तिर्दिनँ भन्नेहरूलाई छोड्नुहुँदैन। त्यस्तो अराजक प्रवृत्तिलाई छुट दिन सकिँदैन,' प्रधानमन्त्रीले भने, 'हुलहुज्जतको सहज सकिँदैन, त्यसमा सरकार कठोर हुन्छ।'

छलफलमा विभिन्न बैंकका कार्यकारी अधिकृतलगायत बैंक तथा वित्तीय क्षेत्रका प्रतिनिधिहरूले बैंक र कर्मचारीहरूको सुरक्षामा सरकारले ध्यान दिनुपर्ने र व्यवसायी एवं आमनागरिकको चासो सम्बोधनका लागि सरकारको आग्रहअनुरूप आफूहरू अगाडि बढ्ने बताए।

झापाको जुरोपानी सबस्टेसन सञ्चालनमा

विद्युत् आपूर्तिमा सुधार



नयाँ पत्रिका
काठमाडौं, २७ चैत

झापाको गौरादह नगरपालिका-७, ग्वालडुब्बा, जुरोपानीमा ३३/११ केभी नयाँ सबस्टेसन सञ्चालनमा आएको छ। नेपाल विद्युत् प्राधिकरण आयोजना व्यवस्थापन निर्देशनालयअन्तर्गत वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनामार्फत उक्त सबस्टेसन निर्माण गरिएको हो। सबस्टेसनबाट विद्युत् आपूर्ति दिन थालेपछि झापाको गौरादहदेखि दक्षिणतर्फ भारतीय सीमासम्मका विद्युत् उपभोक्ताहरूले सामना गरिरहेको न्यून भोल्टेजको समस्या समाधान हुनेछ।

६/८ एमभिए क्षमताको पावर ट्रान्सफर्मरजडित जुरोपानी सबस्टेसनबाट स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ११ केभीका पाँचवटा फिडर लाइनहरू निकालिएको छ। सबस्टेसनबाट ११ केभीका गौरादह, महारानी, बैगुनधुरा र गौरीगन्ज फिडर निकालिएको छ भने थप एउटा जगेडामा राखिएको छ।

सबस्टेसनलाई आइतबार विद्युत् आपूर्ति दिई सञ्चालनमा (चार्ज) ल्याएको छ। पहिलो चरणमा महारानी फिडर सञ्चालनमा ल्याइएको छ भने बाँकी फिडर क्रमशः सञ्चालनमा ल्याइनेछ।

हाल गौरादह, जुरोपानी, महारानी, गौरीगन्जलगायतका क्षेत्रमा पाडाजुँगी (दमक) एक सय ३२ केभी सबस्टेसनबाट ११ केभी वितरण लाइनमार्फत विद्युत् आपूर्ति दिइएको थियो। ११ केभी वितरण लाइन ज्यादै लामो हुँदा त्यस क्षेत्रमा न्यून भोल्टेज, ट्रिपिङलगायतका समस्या थिए। जुरोपानी सबस्टेसनबाट विद्युत् आपूर्ति दिन थालेपछि उपभोक्ताहरूले अहिले व्यहोरिरहेको समस्या समाधान भई विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो, गुणस्तरीय भएको छ। त्यस क्षेत्रका कृषकहरूले विद्युतीय मोटरबाट पानी तानी खेतमा सिँचाइ गर्दै आएका छन्।

पहिले दुई सय ८० भोल्ट लाइन आउने गरेकोमा नयाँ सबस्टेसनबाट आपूर्ति दिन थालेपछि चार सय भोल्ट लाइन प्रवाह भई त्यस क्षेत्रमा कुटानी-पिसानी मिलका उपकरणहरू, पानी तान्ने पम्पलगायतले राम्रोसँग काम गर्न थालेको परीक्षण, सञ्चालन र चार्जिङमा संलग्न आयोजनाका सहायक इन्जिनियर दुर्गादत्त सुवेदीले बताए।

पाडाजुँगीबाट जुरोपानीसम्मको करिब १८ किलोमिटर लामो ३३ केभी लाइन निर्माणाधीन छ। केही स्थानमा स्थानीय बासिन्दाको अवरोधका कारण लाइन तान्न सकिएको छ। गौरादह क्षेत्रको विद्युत् आपूर्तिको समस्या समाधान गर्न जरुरी भएकाले वैकल्पिक व्यवस्थाका रूपमा पाडाजुँगी-गौरीगन्ज सडकको छेउछेउबाट लाइन लगेर जुरोपानी सबस्टेसन सञ्चालनमा ल्याइएको छ।

अर्थतन्त्र सुधारोन्मुख : प्रधानमन्त्री दाहाल

ब्याजदर घटाउन र आर्थिक गतिविधि बढाउन चेम्बरको माग, अर्थमन्त्री भन्छन्- लगानीमैत्री वातावरण बनाउँछौं

नयाँ पत्रिका
काठमाडौं, २७ चैत

प्रधानमन्त्री पुष्पकमल दाहालले मुलुकको अर्थतन्त्रमा केही सुधारका संकेतहरू देखिएको दाबी गरेका छन्। नेपाल चेम्बर अफ कमर्सको ७२औं वार्षिक साधारणसभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले अर्थतन्त्रको बाह्य क्षेत्र सकारात्मक, राजस्व संकलनमा वृद्धि, पुँजीगत खर्चमा सुधार देखिएको बताए। अर्थतन्त्रमा केही सुधार देखिए पनि ट्याकमा भने आइनसकेको दाहालको भनाइ छ।

'कम्तीमा १० महिनालाई पुग्ने गरी विदेशी विनिमय सञ्चिति रहेको छ। पछिल्लो समय उल्लेख्य रूपमा राजस्व संकलन हुन थालेको छ,' उनले भने, 'बैंक वित्तीय संस्थामा ब्याजदर उच्च हुँदा केही समस्या देखिएको छ। यसको समाधानका लागि पनि पहल भइरहेको छ।'

अर्थतन्त्रका वर्तमान जटिलतालाई हटाउन सरकार प्रयासरत रहेको समेत प्रधानमन्त्री दाहालले बताए। उनले आगामी बजेटमा केही नयाँ र गुणात्मक प्रकृतिका परियोजनालाई अगाडि बढाइने जानकारीसमेत दिए। 'सरकार आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट निर्माणको पूर्वसन्ध्यामा छ। परम्परागत प्रकृतिको नीति, कार्यक्रम र बजेटबाट मुलुकको समृद्धि सम्भव छैन भन्नेमा सरकार स्पष्ट छ,' उनले भने, 'त्यसैले सरकारले यसपटक विगतभन्दा भिन्न, विगतभन्दा नयाँ विगतभन्दा केही गुणात्मक नीति, कार्यक्रम र



योजनाहरू अगाडि बढाउने गृहकार्य गरिरहेको छ। जसबाट मुलुकको विकास र समृद्धिमा गुणात्मक योगदान दिन सकियोस्।'

बैंक वित्तीय संस्थामा उच्च ब्याजदरले पारेको असर न्यूनीकरणका लागि पनि पहल भइरहेको बताउँदै प्रधानमन्त्री दाहालले भने, 'पछिल्लो समय उच्च ब्यादजरले समग्र उद्यमी-व्यवसायी एवं ऋणीहरूमा परेको असरबारे मैले राष्ट्र बैंकका गभर्नरलगायत निजी क्षेत्रका प्रतिनिधिहरूसँग पनि छलफल गरिरहेको छु, केही दिनमा सकारात्मक संकेत देखिनेछ।'

सोही अवसरमा अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा समस्या देखिएको भए पनि महत्त्वपूर्ण आर्थिक सूचकांकहरू सकारात्मक रहेकाले निराश हुनुपर्ने अवस्था भने नरहेको बताए। उनले राजस्वको स्थिति चिन्ताजनक रहेको बताए। 'राजस्वको स्थिति नकारात्मक छ। चाहेजस्तो उठेको छैन। लक्ष्यभन्दा कम छ। भन्सारमा गत वर्षभन्दा २८ प्रतिशतले कम भएको छ। आन्तरिक करमा पनि समस्या देखिएको छ। राजस्वको स्थिति चिन्ताजनक छ,' उनले भने, 'तर, अन्य महत्त्वपूर्ण आर्थिक सूचकांकहरू सकारात्मक रहेकाले निराश हुनुपर्ने अवस्था भने छैन।' उद्योग-व्यवसायमा लगानीको वातावरण बन्न नसक्नु चिन्ताको विषय भएको भन्दै लगानीमैत्री वातावरण बनाउन सरकारले पहल गर्ने उनले आश्वासन दिए।

चेम्बरको वार्षिक साधारणसभालाई सम्बोधन गर्दै चेम्बर अध्यक्ष राजेन्द्र मल्लले मुलुकको बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वय नहुँदा अर्थतन्त्रले अपेक्षित गति लिन नसकेको बताए। 'राजस्व संकलन हालसम्म केवल ४५ प्रतिशतमा सीमित रहेको छ। राजस्वले चालू खर्च पनि धान्न नसक्ने अवस्था सिर्जना हुनु मुलुकका लागि सुखद संकेत होइन,' उनले भने, 'आर्थिक गतिविधि विस्तार गरी राजस्व लक्ष्य वृद्धि गर्नु आजको आवश्यकता हो।'

सीमामा हुने अवैध व्यापारलाई निरुत्साहित गरी कर राजस्वको दायरामा ल्याउनका लागि बिल लिने-दिने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्नेमा अध्यक्ष मल्लले जोड दिए। करमा नागरिकको सहभागिता वृद्धिका लागि नागरिकतासँगै प्यानकार्ड दिने व्यवस्था गर्नुपर्ने अध्यक्ष मल्लको भनाइ छ।

'उत्पादन वृद्धि, लगानीमैत्री वातावरण एवं व्यावसायिक गतिविधिलाई बढाएर अर्थतन्त्रलाई अगाडि बढाउनुपर्ने अहिलेको आवश्यकता हो,' उनले भने, 'आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि लगानीमैत्री वातावरण, कृषि, जलस्रोत, पर्यटन, सूचना प्रविधि, पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर अघि बढ्नुको विकल्प छैन।' यसका लागि सरकारले ठोस योजना बनाउनुका साथै राज्यमा सुशासन एवं पारदर्शिताको आवश्यक्ता रहेको उनले बताए। पछिल्लो समय उच्च ब्याजदरका कारण उद्यमी-व्यवसायी एवं ऋणीहरूमा निकै असर गरेको भन्दै अध्यक्ष मल्लले ब्याजदरलाई छिटोभन्दा छिटो एकल अंकमा सीमित गरिनुपर्नेमा जोड दिए।

लघु बिमाको व्यवसाय सीमा तोकियो

■ निर्जीवन बिमा कम्पनीलाई ५० लाख, लघु जीवन बिमा कम्पनीलाई पाँच लाख

■ नेपाल बिमा प्राधिकरणले 'लघु बिमा निर्देशन २०७९' जारी गर्दै लघु बिमा कम्पनीहरूको व्यवसाय सीमा

मुना कुँवर / नयाँ पत्रिका

लघु निर्जीवन बिमा कम्पनीले ५० लाख रुपैयाँबराबरको बिमा व्यवसाय गर्न पाउने भएका छन्। लघु जीवन बिमा कम्पनीले भने पाँच लाख रुपैयाँसम्मको व्यवसाय गर्न पाउनेछन्। नेपाल बिमा प्राधिकरणले 'लघु बिमा निर्देशन २०७९' जारी गर्दै लघु बिमा कम्पनीहरूको व्यवसाय सीमा तोकेको हो।

निर्देशनअनुसार लघु निर्जीवन बिमा कम्पनीले अधिकतम ५० लाख रुपैयाँसम्मको घर, सम्पत्ति तथा व्यवसाय लघु बिमा गर्न पाउने भएका छन्। मोटर लघु बिमाअन्तर्गत ट्रेलर, ट्र्याक्टर, थ्रेसर, मोटरअन्तर्गत पर्ने कृषि उपकरण, मोटरसाइकल, ट्राइसाइकल, मोपेड, ट्र्याम्पु, रिक्सा, ठेलागाडाको बिमा गर्न सक्नेछन्। त्यस्तै, ५० लाख रुपैयाँसम्मको इन्जिनियरिङ लघु बिमा गर्न सक्नेछन्। पाँच लाख रुपैयाँसम्मको दायित्व तथा मौद्रिक क्षति लघु बिमा र अन्य लघु बिमा पनि गर्न सकिने निर्देशनमा उल्लेख छ।

जीवन बिमा कम्पनीले भने पाँच लाख रुपैयाँभन्दा कम बिमांक भएको जीवनको लघु बिमा गर्न सकिनेछ। त्यस्तै, अर्थ मन्त्रालयद्वारा जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार बिक्री गरिएका सबै बिमालेखहरू लघु बिमालेख हुनेछ।

बिमकले टेलिकम, इन्टरनेट सेवाप्रदायक, भुक्तानी सेवाप्रदायक, स्टोर, होटेल, रेस्टुरेन्टलगायत आपूर्ति शृंखलामा आबद्ध संगठित संस्थाहरूसँग सहकार्य गरी लघु बिमा जारी गर्न सक्ने प्राधिकरणले व्यवस्था गरेको छ।

■ गैरसरकारी संस्थाले पनि पोलिसी बिक्री गर्न पाउने

लघु बिमा कम्पनीहरूको पोलिसी गैरसरकारी संस्थाले पनि बिक्री गर्न पाउने भएका छन्। नेपाल बिमा प्राधिकरणले जारी गरेको निर्देशनबमोजिम व्यक्तिगत लघु बिमा र संस्थागत लघु बिमा अभिकर्ता नियुक्त गर्न सकिनेछ। संस्थागत अभिकर्तातर्फ गैरसरकारी संस्था, स्वावलम्बन समूह, लघुवित्त वित्तीय संस्था, सहकारी संस्था र कानुनबमोजिम दर्ता भएका अन्य संगठित संस्थाले पनि अभिकर्ता भई कम्पनीको पोलिसी बिक्री गर्न पाउनेछन्। बिमकले संस्थागत लघु बिमा अभिकर्तासँग सम्झौता गर्नुअघि संस्थाको ख्याति, विगतको कारोबार, कार्यक्षमता, निजसँग सम्बन्धित कानुनको परिपालना आदिको अध्ययन गरी उपयुक्त ठहरिएमा मात्र सम्झौता गर्नुपर्नेछ।

लघु बिमा अभिकर्ताले जीवन बिमाको हकमा बिमा नियमावलीबमोजिम कमिसन पाउनेछन् भने निर्जीवन बिमाको हकमा ५ प्रतिशत कमिसन पाउने प्राधिकरणले व्यवस्था गरेको छ। त्यस्तै, बिमा कम्पनीहरूले सामूहिक लघु बिमा जारी गर्न पाउनेछन्। सामूहिक लघु बिमामा आबद्ध प्रत्येक बिमितको नाम सूची संलग्न गरी बिमालेख धारकको नाममा जारी गर्नुपर्नेछ।

त्यस्तै, बिमकले लघु बिमा दाबीसम्बन्धी आवश्यक कागजात प्राप्त भएको २१ दिनभित्र दायित्व यकिन गरी भुक्तानी गर्नुपर्नेछ। भुक्तानी गर्दा सामूहिक जमानीलाई आधार मानी दाबी भुक्तानी गर्न सकेनछ।

लघु बिमामा छुट दिन नपाइने

लघु बिमा कम्पनीहरूले जारी गर्ने पोलिसीमा कुनै पनि खालको छुट, बिमाशुल्क कटौती गर्न वा सहुलियत दिन पाउनेछैनन्। तर, अभिकर्ता प्रयोग नगरी सीधै बिमालेख बिक्री गरिएको अवस्थामा भने ५ प्रतिशतका दरले हुन आउने रकम छुट प्रदान गर्न सक्ने प्राधिकरणले जारी गरेको निर्देशनमा उल्लेख छ।

लघु बिमा कम्पनीले प्राधिकरणले निर्माण गरेको वा आफैंले निर्माण गरी प्राधिकरणले स्वीकृत गरेको पोलिसी बिक्री गर्न पाउनेछन्। प्राधिकरणको निर्देशनअनुसार लघु जीवन बिमा कम्पनीले आजीवन लघु जीवन बिमा, सावधिक लघु जीवन बिमा, म्यादी लघु जीवन बिमा र अन्य लघु जीवन बिमा पोलिसी बिक्री गर्न पाउनेछन्। त्यस्तै, निर्जीवन लघु बिमा कम्पनीले भने घर, सम्पत्ति तथा व्यवसाय लघु बिमा, मोटर लघु बिमा, इन्जिनियरिङ लघु बिमा, दायित्व तथा मौद्रिक क्षति लघु बिमा र अन्य लघु निर्जीवन बिमा जारी गर्न पाउनेछन्।

जीवन लघु बिमा लेखको हकमा एक वर्ष वा सोभन्दा बढीको अवधिको पोलिसी जारी गर्न पाउनेछन्। निर्जीवन लघु बिमालेखको हकमा भने एक वर्ष वा सोभन्दा कम अवधिका लागि मात्रै पोलिसी बिक्री गर्न पाउने व्यवस्था गरिएको छ। प्राधिकरणको निर्देशनअनुसार बिमितबाट पूरा बिमाशुल्क प्राप्त नगरी लघु बिमालेख जारी गर्न पाइनेछैन। तर, नेपाल सरकार वा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले बिमालेखमा अनुदान उपलब्ध गराएको रहेछ भने सोबराबरको रकम घटाई बाँकी बिमाशुल्क रकम लिई बिमा गर्न बाधा पुग्नेछैन। बिमालेखमा उल्लेख गरिएको बिमादर गणनाका आधारमा बिमाशुल्क गणना गर्नुपर्नेछ। बिमालेखअनुसार गणना गर्दा आउने बिमाशुल्कमा कुनै पनि अतिरिक्त रकम थप गर्न पाइनेछैन। एकपटक बिमालेख जारी भएपश्चात् बिमा अवधिभरि बिमादर बढाउन वा घटाउन नपाइने निर्देशनमा उल्लेख गरिएको छ।

सामूहिक जमानीमा संलग्न व्यक्ति कम्तीमा पाँचजना हुनुपर्ने र प्रत्येकको हस्ताक्षर, नाम, थर, ठेगाना, नागरिकता र सम्पर्क नम्बरसमेत स्पष्ट खुलेको हुनुपर्नेछ।

प्राधिकरणले सातवटा लघु बिमा कम्पनीलाई लघु बिमा व्यवसाय सञ्चालनका लागि पहिलो चरणको अनुमति प्रदान गरेको छ। जसमध्ये चारवटा कम्पनीले पुँजी कायम गरी दोस्रो चरणको अनुमति लिएका छन् भने तीनवटा कम्पनीले पुँजी जुटाउनका लागि समय थप गर्न प्राधिकरणसँग निवेदन गरेका छन्। प्राधिकरणका अनुसार लघु बिमा व्यवसाय सञ्चालनका लागि नयाँ कम्पनी सञ्चालनमा आउने भए हाल सञ्चालनमा रहेका बिमा कम्पनीले समेत लघु बिमा पोलिसी जारी गर्न पाउनेछन्।



निर्माण व्यवसायीहरूको भुक्तानी रोकिँदा नकारात्मक असर : गभर्नर

काठमाडौं / नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले निर्माण व्यवसायीको भुक्तानी रोकिँदा धेरै क्षेत्रमा नकारात्मक असर परेको बताएका छन्। निर्माण उद्योगलाई प्राथमिकतामा राखेर व्यवसायीहरूलाई तत्काल भुक्तानी उपलब्ध गराउन आफूले सम्बन्धित क्षेत्रको ध्यानाकर्षण गराइसकेको गभर्नर अधिकारीले जानकारी दिए।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटमा गभर्नर अधिकारीले निर्माण व्यवसायीहरूलाई भुक्तानी दिँदा तत्काल सरकारी कोष नै बलियो हुने धारणा पनि राखे। महासंघले उपलब्ध गराएको निर्माण उद्योगसँग सम्बन्धित बैंकिङ क्षेत्रको समस्याबारे राष्ट्र बैंकले गहन अध्ययन गरी जायज माग सम्बोधन गरिने प्रतिबद्धता पनि गभर्नर अधिकारीले व्यक्त गरे।

यस्तै, महासंघ अध्यक्ष रवि सिंहले गभर्नर अधिकारीलाई व्यवसायीहरूको ठूलो रकम राज्यले निकासा नगर्दा 'सप्लाई चेन'मै गम्भीर समस्या आएको जानकारी दिए। निर्माण व्यवसायीहरूको समस्या समाधानका लागि बैंकहरू लचिलो नभए समस्या अझ विकराल हुन सक्ने अध्यक्ष सिंहले बताए। क्रेडिट रेटिङ, ब्याजदर समायोजन, ठेक्का कर्जा, चालू पुँजी कर्जासम्बन्धी मागनिर्देशन, चेक बाउन्स, कालोसूची, पुनर्कर्जालगायतका विषयमा ध्यानाकर्षण गराए।

यस्तै, महासंघका वरिष्ठ उपाध्यक्ष आडदोर्जी लामा (एडी), उपाध्यक्ष रामजी पन्त 'मुकेश', नीतिगत उपमहासचिव शिवहरि घिमिरे र महासंघका कानुनी सल्लाहकार टंकबहादुर दुलाललले बैंकहरूसँग सम्बन्धित अन्य विविध समस्याबारे गभर्नर अधिकारीलाई जानकारी गराए।

सेयर बजार निरन्तर घटेपछि नियामक निकाय गुहार्दै लगानीकर्ता

नयाँ पत्रिका
काठमाडौं, २७ चैत



सेयर बजार न्यूनतम विन्दुमा आइपुगेपछि लगानीकर्ता नियामक निकायसमक्ष गुहार माग्न थालेका छन् । गत २० चैतमा अर्थमन्त्री डा. प्रकाशशरण महतसमक्ष सेयर बजार सुधारका ८९ वटा बुँदा माग राखे पनि बजारमा उल्लेख्य सुधारको छनक नदेखिएपछि सोमबार लगानीकर्ताले नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमाललाई भेटेका छन् । कार्यालयमै पुगेर लगानीकर्ताले १० वटा बुँदासहित आफ्ना माग राखेका छन् ।

गत साता अर्थमन्त्रीले बजार बढाउनका लागि पहल गर्ने र राष्ट्र बैंक, धितोपत्रसमक्ष समन्वय गर्ने बताएका थिए । तर, बजार झनै घट्दोक्रममा रहेकाले लगानीकर्ता नियामक निकायसमक्ष धाइरहेका छन् ।

लामो समयदेखि बजार निरन्तर घटिरहेको भन्दै लगानीकर्तालाई मनोवैज्ञानिक र आर्थिक दबाब परेको लगानीकर्ताको भनाइ छ ।

पुँजी बजारकै इतिहासमा सबैभन्दा बढी पुँजीकृत रकम १५ खर्ब रुपैयाँ हाराहारीभन्दा बढी गुमाइसक्दा पनि सम्बन्धित निकाय मौन रहँदा ५५ लाखभन्दा बढी लगानीकर्ता समस्यामा परेको लगानीकर्ताको दाबी छ ।

लगानीकर्ताले हालै मात्र सर्वोच्च अदालतले रिट खारेज गरेको ब्रोकर लाइसेन्स, नयाँ स्टक एक्सचेन्ज र कमोडिटी एक्सचेन्जलाई तत्काल अघि बढाउनुपर्ने, ब्रोकर कमिसन घटाउनुपर्ने र बढीमा शून्य दशमलव १५ प्रतिशतबाट नबढ्ने बनाउन माग गरेका छन् । त्यस्तै, दीर्घकालीन र अल्पकालीन लगानीकर्ताको वर्गीकरण गरी ३ प्रतिशत र ५ प्रतिशत पुँजीगत लाभकर कायम गर्नुपर्ने लगानीकर्ताको भनाइ छ ।

ब्रोकर कम्पनीमार्फत सुरु गर्ने भनिएको मार्जिन ल्यान्डिङ व्यवस्थालाई अविलम्ब सुचारु गर्नुपर्ने, नेपाल राष्ट्र बैंकले ल्याएको सेयर कर्जाको सीमा १२ करोड लागू गरिएकोमा उक्त १२ करोडको नीतिलाई तत्काल खारेजी गर्न विशेष पहल गर्नुपर्नेलगायत माग राखेका छन् ।

सोमबार नेप्से सूचक सामान्य अंकले बढेर १८ सय ४४ दशमलव शून्य २ विन्दुमा आइपुगेको छ । ९१ करोड रुपैयाँको सेयर कारोबार हुँदा सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा सानिमा मिडिल तमोर हाइड्रोपावर रहेको छ । उक्त कम्पनीको तीन सय २४ रुपैयाँ ५० पैसामा ६ करोड ६५ लाख रुपैयाँबराबरको सेयर कारोबार भएको छ ।

अटोमोबाइलका समस्या सम्बोधन गर्ने अर्थमन्त्रीको आश्वासन

नयाँ पत्रिका
काठमाडौं, २७ चैत



अटोमोबाइल व्यवसायीहरूका समस्या सम्बोधनका लागि नेपाल राष्ट्र बैंकसँग छलफल गर्ने अर्थमन्त्री प्रकाशशरण महतले बताएका छन् । अटोमोबाइल व्यवसायमा परेका समस्याहरू आगामी आर्थिक वर्षको बजेट सुझावमा समावेश गरी पठाए समाधानका लागि प्रयास गरिने उनको आश्वासन थियो ।

नाडा अटोमोबाइल एसोसिएसनको प्रतिनिधिमण्डलले आइतबार अर्थमन्त्री महतलाई भेटेर अटोमोबाइल क्षेत्रका समस्याबारे जानकारी गराएको थियो ।

अटोमोबाइल व्यवसायीले विद्युतीय सवारीसाधनको उत्पादन र बिक्रीमा यथोचित ध्यान दिनका लागि अर्थमन्त्री महतले आग्रह गरेका थिए । नाडाका अध्यक्ष ध्रुव थापाले विद्युतिय सवारीसाधनको प्रयोगलाई प्रोत्साहित गर्न त्यसमा लाग्ने भन्सार तथा अन्तःशुल्क महसुलमा थप छुट दिन अनुरोध गरे ।

छलफलका क्रममा अध्यक्ष थापाले सवारीसाधनलाई विलासिताको वस्तुको सूचीबाट हटाउन अर्थमन्त्रीसँग आग्रह गरे । अटो लोन-हायर पर्चेज कर्जामा जोखिम भारलाई १५० प्रतिशतबाट पुरानै अवस्थामा अर्थात् ७५ प्रतिशत नै कायम गरिनुपर्नेमा उनको जोड थियो । 'भाडामा चल्ने सार्वजनिक महत्त्वका सवारीसाधन आमसर्वसाधारण जनताले प्रयोग गर्ने र त्यसले उनीहरूको दैनिक जीवनमा समेत प्रभाव पार्ने भएकाले त्यस किसिमका भाडामा चल्ने सार्वजनिक महत्त्वका सवारीसाधनमा लाग्ने भन्सार तथा अन्तःशुल्क महसुल घटाउनुपर्छ,' उनको सुझाव थियो ।

अहिले अटोमोबाइल स्पेयर पार्टसको चोरी-पैठारी निकै बढेको जानकारी गराउँदै अध्यक्ष थापाले त्यसको रोकथाम गर्न सकिए राजस्व पनि बढ्ने सुझाव दिए । सार्वजनिक महत्त्वका सवारी तथा ढुवानीका साधनहरू डिजेलबाट चल्ने र हाल डिजेलको भाउ उच्च विन्दुमा पुगेका कारण त्यसको प्रत्यक्ष नकारात्मक प्रभाव बजारमा परेकाले डिजेलबाट चल्ने सवारी तथा ढुवानीका साधनहरूमा लाग्ने महसुल घटाउन नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले अर्थमन्त्रीसँग आग्रह गरे ।

विद्यार्थीको साहित्य लेखनमा रुचि बढाउन बालकथा संग्रह

काठमाडौं/ विद्यालय तहका बालबालिकाको प्रतिभाको पहिचान गरी उनीहरूको सिर्जनशीलता, भाषिक सीप र दक्षतालाई बाहिर निकाल्न इम्पेरियल वर्ल्ड स्कुलले महत्त्वपूर्ण कार्यको थालनी गरेको छ । स्कुलले नवीन पाइला र इम्याजिनेटिभ वर्ल्ड बालकथा संग्रह प्रकाशन गरेर बालबालिकाको क्षेत्रमा नवीन आयामको थालनी गरेको हो ।

शनिबार एक कार्यक्रमबीच सार्वजनिक गरिएका कृतिहरू नवीन पाइला बालकथा संग्रह नेपालीमा र इम्याजिनेटिभ वर्ल्ड अंग्रेजी भाषामा रहेका छन् । प्रमुख अतिथि बाल साहित्यकार यशु श्रेष्ठ, विद्यालयका अध्यक्ष कुमार कार्की, प्रिन्सिपल



जुनिता शाहीले संयुक्त रूपमा विमोचन गरेका थिए । बालकथा संग्रहमा कक्षा तीनदेखि कक्षा दशसम्मका बालबालिकाका कथा समेटिएका छन् ।

साहित्यकार यशु श्रेष्ठले विद्यालय बगैंचा र बालबालिका त्यसका फूल भएको बताउँदै नवीन पाइला र इम्याजिनेटिभ वर्ल्ड बालकथा संग्रहले बालबालिकालाई साहित्यमा रुचि बढाउन सहयोग पुग्ने बताए । श्रेष्ठले बाल साहित्य क्षेत्र उपेक्षित क्षेत्र रहेकाले हरेक विद्यालयले साहित्य लेखनको जग बसाल्न आवश्यक रहेको धारणा राखे ।

विद्यालयका अध्यक्ष कुमार कार्कीले विद्यालयले विद्यार्थीलाई कक्षाकोठामा मात्रै पढाएर नपुग्ने र वास्तविक जीवनमा नै पुगेर जस्ताको तस्तै उतार्न खोजिएको बताए । साहित्य बालबालिकाका लागि प्रेरणाको स्रोत हुने बताउँदै हरेक वर्ष दुईवटा पुस्तक विमोचन गर्ने तयारी गरेको जानकारी दिए । प्रिन्सिपल जुनिता शाही कार्कीले साहित्यले बालबालिकाको सिकाइमा ठूलो प्रभाव पार्ने बताइन् ।

लक्ष्मी केयर्सको अरेन्ज भाइब्स सम्पन्न

काठमाडौं/ लक्ष्मी बैंकका कर्मचारीहरूद्वारा स्थापित गैरनाफामूलक संस्था लक्ष्मी केयर्सले अरेन्ज भाइब्स नामक सांगीतिक कार्यक्रम आयोजना गरेको छ । गोकर्ण फरेस्ट रिसोर्टमा आयोजित कार्यक्रममा दीपक बज्राचार्य र रिदम ब्यान्डको सांगीतिक प्रस्तुतिका साथसाथै नेपालका विभिन्न स्थान तथा संस्कृतिको प्रतिनिधित्व गर्ने मौलिक परिकार प्रस्तुत गरिएको थियो । कार्यक्रममा विभिन्न पेसा तथा व्यवसायमा संलग्न करिब लक्ष्मी केयर्सका १२ यसभन्दा बढी हितैषीको उपस्थिति थियो । यस्तै, सेफ सन्तोष साह कार्यक्रमको विशेष अतिथिका रूपमा उपस्थित थिए ।

यस कार्यक्रमबाट संकलित रकम लक्ष्मी केयर्सको वातावरण संरक्षण तथा नवीकरणीय ऊर्जा प्रवर्द्धनलगायतका विविध सामाजिक कार्यमा उपयोग हुने बताइएको छ । यसअघि लक्ष्मी केयर्सले देशभर विभिन्न स्थानमा सौर्य बत्ती जडान गर्नुका साथै वृक्षारोपण गरेको छ ।

ला-ट्रोब विश्वविद्यालयसँग नेपालका दुई कलेजको सहकार्य

काठमाडौं/ नेपालको सफ्टेड ग्रुप अफ कम्पनीअन्तर्गत रहेका सफ्टवेरिका कलेज अफ आइटी एन्ड इ-कमर्स र सनवे कलेजले अस्ट्रेलियाको ला-ट्रोब विश्वविद्यालयसँग साझेदारी गर्ने भएका छन् । दुवै कलेजले ला-ट्रोब विश्वविद्यालयसँग साझेदारीसम्बन्धी सम्झौता गरेका हुन् ।

सम्झौताबाट सफ्टवेरिका कलेज र सनवे कलेजमा बिएस्सी (अनर्स) अध्ययन गर्ने विद्यार्थी लाभान्वित हुने जनाइएको छ । उनीहरूले स्नातक पहिलो वर्ष अध्ययन गरेर दोस्रो वर्ष ला-ट्रोब विश्वविद्यालयको मेलबर्न क्याम्पसमा सम्बन्धित कार्यक्रममा सीधा स्थानान्तरण गर्न सक्ने उल्लेख छ । सम्झौताले उल्लिखित दुई कलेजमा अध्ययन गर्ने विद्यार्थीले अस्ट्रेलियाको उक्त कलेजमा अध्ययन गर्दा आर्थिक रूपमा पनि केही राहत पुग्ने जनाइएको छ ।



विद्यार्थीलाई योग्यतामा आधारित छात्रवृत्ति उपलब्ध गराउने प्रावधान पनि यस सम्झौतामा राखिएको जनाइएको छ । ला-ट्रोब विश्वविद्यालयको मेलबर्न क्याम्पसले गरेको कार्यक्रममा सफ्टवेरिका कलेजका अध्यक्ष विज्ञान श्रेष्ठ तथा सनवे कलेजका निर्देशक प्रमोद पौडेल र ला-ट्रोब विश्वविद्यालयका प्रोफेसर प्रकाश विरा राघवनले हस्ताक्षर गरेको जनाइएको छ ।

नेपालपे क्युआरबाट भुक्तानी गर्दा १० प्रतिशत क्यासब्याक

काठमाडौं/ ग्राहकले नेपालपे क्युआर स्क्यान गरी भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम एक सय रुपैयाँसम्मको क्यासब्याक पाउने भएका छन् । उक्त अफर नेपालभरि रहेका नेपालपे क्युआरका सम्पूर्ण मर्चेन्टहरूमा वैशाख २ गतेसम्मका लागि लागू गरिएको हो ।

विभिन्न मर्चेन्टहरूमा स्ट्याटिक क्युआर, डिपार्टमेन्ट स्टोरमा डाइनामिक क्युआर इ-कमर्स पोर्टलमा क्युआर गेटवे तथा पिओएसमा उपलब्ध रहेको नेपालपे क्युआर ग्राहकले आफ्नो मोबाइल बैंकिङ, वालेट वा कनेक्ट आइपिएसबाट सजिलै स्क्यान गरी भुक्तानी गर्न सक्ने कम्पनीले जनाएको छ । नयाँ वर्षको अवसर पारेर देशभरि रहेका दुई लाख ३५ हजारभन्दा बढी नेपालपे क्युआर मर्चेन्टहरूमा लागू गरिएको उक्त अफरमार्फत नगदरहित भुक्तानीलाई थप प्रोत्साहन गर्ने विश्वास कम्पनीले गरेको छ ।

लुम्बिनी विकास बैंकको नयाँ एटिएम

काठमाडौं/ लुम्बिनी विकास बैंकले देशका विभिन्न ठाउँमा बैंकिङ सेवा पुऱ्याउने उद्देश्यसहित २७ चैतमा थप एउटा एटिएम सञ्चालनमा ल्याएको छ । बैंकले ललितपुरको गोदावरी नगरपालिका-५ स्थित लेले एक्सटेन्सन काउन्टरबाट एटिएम सेवा पनि सुरु गरेको हो ।

एटिएम काउन्टर उद्घाटन कार्यक्रममा बैंकका मुख्य प्रबन्धक दीपक खनाल, गोदावरी नगरपालिका-५ का वडा अध्यक्ष मिलन सिलवाललगायतको उपस्थिति थियो । बैंकले सोमबार थपिएका सहित देशका विभिन्न स्थानमा २० वटा एटिएममार्फत सेवा प्रदान गरिरहेको छ ।

आइएमई पेबाटै आइएमई लाइफको बिमा नवीकरण

काठमाडौं/ आइएमई ग्रुपअन्तर्गत आइएमई डिजिटल सोलुसन लिमिटेडको 'आइएमई पे'ले प्रदान गर्ने बिमा सेवा भुक्तानीअन्तर्गत अब सेवाग्राहीले सजिलै आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको बिमा पोलिसी नवीकरण गर्न सक्ने भएका छन् ।

सेवाग्राहीले आइएमई पे एपमार्फत 'इन्स्योरेन्स'को 'पे प्रिमियम'मा गई 'आइएमई लाइफ नवीकरण' क्लिक गरी मागिएको विवरण प्रदान गरेको केही सेकेन्डमै आफ्नो पोलिसी नवीकरण गर्न सक्ने जनाइएको छ । उक्त सेवाका लागि ग्राहकलाई भौतिक रूपमा बिमा कार्यालय जानुनपर्ने र समयमै बिमा नवीकरण गर्न प्रोत्साहित गर्ने उद्देश्यका साथ उपलब्ध गरिएको कम्पनीले जनाएको छ ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका
ऋणीलाई कर्जा चुक्ता गर्नेबारेको ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०७९/१२/२८ नँया पत्रिका

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको सवारी साधन, घर, व्यक्तिगत र क्रेडिटकार्ड कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईँहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्यौंट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसील

ऋणीहरूको नाम, थर र वतन	कर्जाको प्रकार
ऋणी: श्री ज्ञान बहादुर थापाको नाती, श्री टिका बहादुर थापाको छोरा सावित स्याङ्जा जिल्ला, मिल्याङकोट वडा नं २ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला,बुटवल वडा नं ११ देवीनगर बस्ने ना.प्र.न. १२३१४ (जारी मिति २०५०।०३।२९, स्याङ्जा) भएको वर्ष ४८ को **श्री लक्ष्मण थापा**	व्यक्तिगत र क्रेडिटकार्ड कर्जा समेत
ऋणी: श्री अमर ध्वज खड्काको नाती, श्री दिपक सिंह खड्काको छोरा, सावित पर्सा जिल्ला, सखुवा प्रसौनी वडा नं. १, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, सहयोगी नगर, वडा नं. ३२, कोटेश्वर बस्ने ना.प्र.न. २७१४८/१०२३५ (जारी मिति २०६०।०४।२३) भएको वर्ष ३९ को **श्री सन्तोष सिंह खड्का**	व्यक्तिगत र क्रेडिटकार्ड कर्जा समेत
ऋणी: श्री केहर सिंह भुजेलको नाती, श्री चुडामणि भुजेलको छोरा, सावित स्याङजा जिल्ला, चित्रे भञ्जाङ्, वडा नं. १, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, मैसेँपाटी, वडा नं. २५ बस्ने ना.प्र.न. ४२३६९२ (जारी मिति २०४४।१२।२९, स्याङजा) भएको वर्ष ५२ को **श्री कुल बहादुर भुजेल**	व्यक्तिगत कर्जा
ऋणी: श्री चुके बुढाथोकीको नातीनी, श्री टेक बहादुर बुढाथोकीको छोरी सावित सुर्खेत जिल्ला, मेहलकुना, वडा नं. १, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, भिमसेन गोला मार्ग, वडा नं. ३१ बस्ने ना.प्र.न. ६४१०४५/८९०५७ (जारी मिति २०६५।१०।२१, सुर्खेत) भएको वर्ष ३१ की **श्री बर्शा बुढाथोकी**	व्यक्तिगत कर्जा
ऋणी: श्री लाल बहादुर सिंहको नाती, श्री अरूण बहादुर सिंहको छोरा सावित कैलाली जिल्ला, धनगढी, वडा नं. ५, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, वडा नं. ३५, कोटेश्वर बस्ने ना.प्र.न. ६७१००६/९०१५ (जारी मिति २०६७।१२।१, कैलाली) भएको वर्ष २८ को **श्री आशिष सिंह**	व्यक्तिगत कर्जा
ऋणी: श्री पण्डवीर राईको नाती, श्री जगधन राईको छोरा सावित खोटाङ्ग जिल्ला, चौउरीडाँडा, वडा नं. ४, स्थायी ठेगाना भई हाल पाँचथर जिल्ला, फिदिम, वडा नं. ४ बस्ने ना.प्र.न. १२१०३६/३१ (जारी मिति २०६३।११।२८, खोटाङ्ग) भएको वर्ष ४५ को **श्री जय प्रसाद राई**	व्यक्तिगत कर्जा
ऋणी: नेपाल सरकार, उद्योग मन्त्रालय,कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. ६९९९/०५३/५४, कायम भै मिति २०५४/३/२६ मा दर्ता भई कास्की जिल्ला पोखरा म.न.पा, पोखरा औधोगिक क्षेत्र, मा रजिर्स्टड कार्यालय रहेको **श्री पन्थि डेरी प्रा. लि.** प्रोप्राइटर/व्यक्तिगत जमानीकर्ता: श्री तिलु पन्थीको नाती श्री नेत्रलाल पन्थीको छोरा कास्की जिल्ला,पोखरा–४, चिप्लेढुङ्गा स्थायी ठेगाना भई हाल ऐ.बस्ने ना.प्र.न.४४३८४ जारी मिति २०५३/२/२७ ,कास्की) भएको वर्ष ६० को **श्री रेशम राज पन्थी**	सवारी साधन कर्जा विवरण: दर्ता नं.: बा.१६ च.३६६९,३६८१ किसिम: भक्सबगन पोलो
ऋणी: श्री छविलाल बस्नेतको नाती, श्री खुस बहादुर बस्नेतको छोरा, सावित दाङ जिल्ला, उरहरी वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, थानकोट महादेवस्थान, वडा नं. १, गुर्जुधारा बस्ने ना.प्र.न. ९१६/१४२५ (जारी मिति २०४६।११।०८,दाङ) भएको वर्ष ३९ को **श्री तेज बहादुर बस्नेत**	घर कर्जा विवरण: थानकोट महादेवस्थान १ क कित्ता नं. ९६५ क्षे.फ.८७।४४ व.मी.
ऋणी: श्री डम्बर बहादुर थापाको नाती, श्री बम बहादुर थापाको छोरा, सावित रामेछाप जिल्ला, मन्थली वडा नं. १४, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा, वडा नं. २६, लैनचौर बस्ने ना.प्र.न. २७२–४३५३–२११०३२ (जारी मिति २०४६।०३।१६,रामेछाप) भएको वर्ष ३९ को **श्री हेम बहादुर थापा**	व्यक्तिगत कर्जा
ऋणी: श्री गंगा बहादुर बस्नेतको नाती, श्री कृष्ण बहादुर बस्नेतको छोरा, सावित दोलखा जिल्ला, शैलुङ्केश्वर वडा नं. ५, स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, म.थि.न.पा., वडा नं. २, लोकन्थली बस्ने ना.प्र.न. २२१००६/६६ (जारी मिति २०६४।१०।२१,दोलखा) भएको वर्ष ३३ को **श्री नजर बस्नेत**	व्यक्तिगत कर्जा

दोल्टी पावर कम्पनी लिमिटेड
Dolti Power Company Limited

रजिष्टार कार्यालय : थापागाँउ, नयाँ बानेश्वर १०, काठमाण्डौं
फोन नं. : ०१-४१०५०२१, ४१०५०८७, ९८०२३४४६३३
इमेल: info@doltipower.com.np वेवसाइट: www.doltipower.org.np

को

साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

दोल्टी पावर कम्पनी लिमिटेडले आफ्नो जारी पूँजी रु.५३,६४,८६,०००/- को ३०% अर्थात् १६,०९,४५८ कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेको छ । जस मध्ये जारी पूँजीको १०% अर्थात रु.५,३६,४८,६००/- रकम बराबरको रु.१०० अंकित दरका ५,३६,४८६ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी रितपुर्वक शेयर खरिद आवेदन प्राप्त १,४१,८२० कित्ता साधारण शेयर सम्बन्धित आवदेकलाई बाँडफाँड गरिएको र जारी पूँजीको २०% अर्थात रु.१००/- अंकित दरका १०,७२,९७२ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,०७,२९,८००/- रकम बराबरको रु.१०० अंकित दरका १,०७,२९८ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई निष्काशन गरिएको तथा कर्मचारीहरुलाई सुरक्षित गरिएको शेयर समेत बाँडफाँड पश्चात् ६८,०१७ कित्ता (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको ५%) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहेको रु.१०० अंकित दरका १२,७१,८६१ कित्ता साधारण शेयरहरु **आज मिति २०७९ चैत्र २८ गते मंगलबारदेखि** सर्वसाधारणहरुमा निष्कासन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० | **दरखास्त दिन पाउने अधिकतम कित्ता : १०,०००**

सि.नं.	विवरण–पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ । वेवसाइट www.nicasiacapital.com
२.	दोल्टी पावर कम्पनी लिमिटेड, थापागाँउ नयाँ बानेश्वर-१०, काठमाण्डौ । वेवसाइट www.doltipower.org.np
३.	नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ ।

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएसएण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

साधारण शेयरको बिक्री खुल्ला अवधी

निष्काशन खुल्ला हुने मिति	:	२०७९/१२/२८ गतेदेखि
निष्काशन बन्द हुने मिति (छिटोमा)	:	२०८०/०१/०३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा)	:	२०८०/०१/१२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर आम्दानी रु.	२६.८५	(११.२६)	१.८१	२.२२	३.७३	४.७७
प्रति शेयर नेटवर्थ रु.	५७	८५	८७	५३	५७	१०२
संचित नाफा/(नोक्सान) तथा जगेडा कोषहरु (रु.हजारमा)	(१२,२५४)	(५४,५४३)	(४७,७५३)	(३५,८२८)	(१५,८००)	५,८१५

विद्युत परियोजनाको नाम	:	पदम खोला साना जलविद्युत आयोजना ।
आयोजनाको कुल उत्पादन क्षमता	:	४.५ मेगावाट ।
प्रति मेगावाट लागत सम्बन्धी विवरण	:	कम्पनीले प्रवर्धन गरिरहेको पदम खोला साना जलविद्युत आयोजनाको कुल प्रति मे.वा. लागत रु.२४,०५,०८,४३३/- रहेको छ ।
विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण	:	पदम खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतीपत्र बहाल रहने अवधि मिति २०७४/०६/२५ देखि २१०५/०६/२८ गतेसम्म रहेको भएता पनि विद्युत विकास विभागबाट जारी विद्युत उत्पादन अनुमती पत्रमा तोकिएको समय अवधि बमोजिम अव जम्मा ३० वर्ष बाँकी रहेको छ ।
लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण	:	आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.८५ वर्ष र Discounted Pay Back Period २६.४५ वर्ष रहेको छ ।
जलविद्युत आयोजनाको कुल लागत विवरण:	:	पदम खोला साना जलविद्युत आयोजनाको ब्याज सहितको कुल लागत रु.१,०८,२२,५०,२००/- रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB" (pronounced ICRA NP Issuer Rating Double B) रेटिङ्ग प्राप्त गरेको छ । [ICRANP-IR] BB" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Issuers with this rating are considered to have moderate risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँदछ । इक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । सो सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०७८/१२/३० | बहाल रहने अवधि २०७९/१२/२९

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७९ चैत्र २० गतेको "अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.doltipower.org.np, नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nicasiacapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

मंगलबार २८ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/७७०

विदेशी खेलाडी भित्र्याएपछि पुलिसको जित

लिगको सातौँ चरणमा दुई विदेशीलाई मैदानमा उतारेको नेपाल पुलिस क्लबले लिगमा फ्रेन्ड्स क्लबलाई ३-१ ले हरायो । जारी सहिद स्मारक ए डिभिजन लिगमा पुलिसको यो पहिलो जित हो ।

नयाँ पत्रिका
काठमाडौं, २७ चैत

विदेशी खेलाडी अनुबन्ध गरेसँगै विभागीय टोली नेपाल पुलिस क्लबले सोमबार सहिद स्मारक ए डिभिजन लिग ०७९-८० मा पहिलो जित निकालेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको सातौँ चरणमा पुलिसले फ्रेन्ड्स क्लबलाई ३-१ ले हरायो । यसअघि पुलिसले पाँच हार र एक बराबर नतिजा निकालेको थियो । लिगमा पहिलो जितको स्वाद लिएको पुलिस साँतौँ चरणपछि १३औँ स्थानमा उक्लेको छ ।

यसअघि पुलिस छैटौँ चरणसम्म रेलिगेसन क्षेत्रमा थियो । यद्यपि, अहिले पनि रेलिगेसन क्षेत्रमै रहे पनि पुलिसले फ्रेन्ड्स क्लबलाई एक स्थान पछाडि धकेलेको छ । ए डिभिजन लिगमा तीनपटक उपाधि जितेको पुलिसले जारी लिगमा राम्रो नतिजा निकाल्न पहिलोपटक विदेशी खेलाडी अनुबन्ध गरेको हो ।

लगातारको हारसँगै दबाबमा देखिएको पुलिसले सातौँ खेलमा फ्रेन्ड्सविरुद्ध दुई विदेशी खेलाडी मैदानमा उतारेको थियो । पुलिसले घानाका मोसेज म्याम्बा वुम र जोए आल्ड्रलाई मैदानमा उतारेको थियो । दुवै खेलाडीले पहिलो खेलमा पूरा समय मैदानमा बिताए । मोसेजले एक गोल गरे । विदेशी खेलाडीको आगमनसँगै पुलिसको मिडफिल्ड र फिनिसिङ पक्ष बलियो देखियो । यसअघिका खेलमा पुलिस विपक्षीविरुद्ध फिनिसिङमा चुकेको थियो । फ्रेन्ड्सविरुद्ध पुलिसले रक्षापंक्तिमा समेत सुधारिएको प्रदर्शन गऱ्यो । मिडफिल्डर जोएले फ्रेन्ड्सलाई कुनै दबाब सिर्जना गर्न नै दिएनन् ।

पुलिसका प्रशिक्षक चेतकुमार घिमिरेले विदेशी खेलाडी अनुबन्धसँगै टोलीमा सुधार आएको बताए । 'छैटौँ म्याचपछि जित निकालेका छौँ । त्यसले टोली खुसी छ,' उनले भने, 'विदेशी खेलाडीको आगमनसँगै राम्रो भएको छ ।' प्रशिक्षक घिमिरेले विदेशी खेलाडी अनुबन्धसँगै टोलीको सन्तुलन मिलेको जनाए । 'पहिलो खेलमै खेलाडीबीच तालमेल मिलेको देखियो,' उनले भने, 'यो जितले आगामी खेलमा खेलाडीको उच्च मनोबल हुनेछ ।'

बुद्धको दुई गोल

पुलिसको जितमा युवा स्ट्राइकर बुद्धबल तामाङले दुई गोल गरे । यद्यपि, विदेशी खेलाडी मोसेजले खेलमा अग्रता लिएका थिए । फ्रेन्ड्सले पुलिसलाई पहिलो हाफमा गोलरहित बराबरीमा रोकेको थियो । पुलिसले खेलको ५१औँ मिनेटमा पहिलो गोल गऱ्यो । घानाका २० वर्षीय मोसेजले पुलिसलाई अग्रता दिलाए । बुद्धले खेलको ५९औँ मिनेटमा पुलिसलाई २-० को अग्रता दिलाएका थिए ।

खेलको ८७औँ मिनेटमा फ्रेन्ड्सका टोरिक जेब्रिनले खेललाई २-१ को स्थितिमा झारे । बुद्धले ९०औँ मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दा पुलिसले लिगमा पहिलो जित निकाल्न सफल भयो । फ्रेन्ड्स र पुलिसले सात खेलबाट समान चार अंक बटुलेका छन् ।



सात वर्षपछि श्री स्टार क्लबसँग आबद्ध भएका सन्तोष साहुखल (निलो) मनाडविरुद्ध प्रतिस्पर्धा गर्दै । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

■ सन्तोष साहुखलको गोल

जापानबाट फर्किएका सन्तोष साहुखलले श्री स्टारसँग अनुबन्धित भएको दोस्रो दिनै गोल गरेका छन् । श्री स्टारले सोमबार मनाङ मर्स्याङ्दीसँग प्रतिस्पर्धा गरेको थियो । श्री स्टारले खेलमा १-० को अग्रता लिएको थियो । सात वर्षपछि श्री स्टारसँग आबद्ध भएका सन्तोषले खेलको ७८औँ मिनेटमा लाकेन लिम्बूको पासमा आकर्षक गोल गरेका थिए । सन्तोषले प्रहार गरेको बल मनाङका गोलरक्षक तथा कप्तान दीप कार्कीले ठम्याउन सकेनन् । सन्तोष गत दुई सिजन च्यासल युथ क्लबबाट खेलेका थिए । च्यासल बी डिभिजनमा घटुवा भएको छ ।

त्यसअघि, सन्तोष श्री स्टारमै थिए । ०७२ सालको राष्ट्रिय लिग चलिरहँदा सन्तोष श्री स्टार छोडेर जापान पुगेका थिए । पछिल्लो समय उनी लिग खेल्न नेपाल फर्कने गरेका थिए । एक गोलले पछि परेको मनाङ ८४औँ मिनेटमा खेलमा फर्कियो । स्ट्राइकर कोफी कुडोले बराबरी गोल गरे । कोफीले विशोन गुरुङको पासमा हेड गोल गरेका थिए । बराबरका बाबजुद मनाङ सात खेलबाट १५ अंक जोड्दै शीर्ष स्थानमा छ । ११ अंक जोडेको श्री स्टार छैटौँ स्थानमा छ ।

चर्च ब्वाइज र एपिएफले अंक बाँडे

उपाधि दाबेदार मानिएको चर्च ब्वाइज युनाइटेडले अर्को विभागीय टोली एपिएफ फुटबल क्लबसँग गोलरहित बराबर खेलेको छ । दशरथ रंगशालामा भएको खेलमा दुवै टोलीले गोलका लागि प्रयास गरे पनि सदुपयोग गर्न सकेनन् । चर्च ब्वाइजका आधा दर्जन गोल अवसरमा एपिएफका जापानी गोलरक्षक याया कुरियामा बाधक बनेका थिए । पहिलोपटक माथिल्लो डिभिजनमा प्रतिस्पर्धा गरिरहेको चर्च ब्वाइजले एपिएफमाथि दबाब राखेको थियो । एपिएफले प्राप्त मौकामा चर्च ब्वाइजविरुद्ध गोल प्रयास गरेको देखिन्थ्यो । तर, खेलको कुनै पनि समयमा एपिएफले चर्च ब्वाइजको डिफेन्स लाइन तोड्न सकेन । चर्च ब्वाइजले अपराजित यात्रा कायम राखेको छ । चर्चको सात खेलबाट तीन जित र चार बराबरीसहित १३ अंक छ । एपिएफले समान खेलबाट तीन जित, दुई बराबरी र दुई हारसहित ११ अंक जोड्न सफल भएको छ ।

खेल संक्षेप

काँकडभिट्टालाई हराउँदै क्यापिटल सेमिफाइनलमा

काठमाडौं/ ओसन क्लबको आयोजनामा सोमबारदेखि सुरु भएको आठौँ ओसन कप यू-१३ राष्ट्रिय फुटबल प्रतियोगितामा द ओल्ड क्यापिटल माविले काँकडभिट्टालाई ३-० ले पराजित गरेको छ । अर्को खेलमा काठमाडौं किकर्समाथि एसबिसी फुटबल एकेडेमीले ५-४ को रोमाञ्चक जित निकाल्यो । नव जनजागृति युवा क्लबले द ओसन क्लबलाई ३-१ ले हरायो । समाज कल्याण खेलकुद केन्द्रले नमुना खेलकुद क्लबलाई ५-४ ले निराश पारेको छ । अर्को खेलमा लक्ष्मी सामुदायिक शिक्षा सदनले काठमाडौं किकर्सलाई ६-३ ले पाखा लगाएको छ । प्रतियोगितामा १२ उत्कृष्ट एकेडेमी टोलीबीच प्रतिस्पर्धा भइरहेको आयोजकले जनाएको छ । प्रतियोगिता चार दिनसम्म चल्नेछ ।

अभिलाषाले अस्मितालाई हराइन्

काठमाडौं/ नेपालकी अभिलाषा विष्ट डब्लुटिए २५ के टेनिस प्रतियोगिताको 'मेन ड्र' मा प्रवेश गरेकी छिन् । 'मेन ड्र'का लागि भएको छनोट प्रतिस्पर्धामा अभिलाषाले भारतकी अस्मिता इस्वारामुर्थीलाई ६-१, ०-६ र १०-७ ले पराजित गरेको नेपाल टेनिस संघका सदस्य अजय विष्टले जनाएका छन् । नेपाली टेनिसको इतिहासमा डब्लुटिए २५ के टेनिसमा कुनै पनि नेपाली खेलाडी 'मेन ड्र'मा प्रवेश गरेको यो नै पहिलोपटक हो । प्रतियोगिता बुरुन्डीमा भइरहेको छ ।

बुट्टाबारी सेमिफाइनलमा

इलाम/ बुट्टाबारी युनाइटेड तेस्रो सन्दकपुर गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको सोमबार अन्तिम क्वार्टरफाइनलमा बुट्टाबारीले साबिक उपविजेता रेड हर्स फुटबल क्लबलाई १–० गोलअन्तरले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो । बुट्टाबारीको जितमा निरोज कार्कीले निर्णायक गोल गरे । उनले खेलको २४औँ मिनेटमा टोलीलाई १-० को अग्रता दिलाएका थिए । प्रतिस्पर्धामा बुट्टाबारीले रेड हर्समाथि दबाब राखेको थियो । तर, रेड हर्सको डिफेन्स लाइन निकै बलियो हुँदा बुट्टाबारीले थप गोल गर्न सकेन । अन्ततः कार्कीको गोल नै निर्णायक बन्यो । खेलमा म्यान अफ दी म्याच हुँदै कार्कीले दुई हजार रुपैयाँ प्राप्त गरे । बुट्टाबारीले फाइनल प्रवेशका लागि २९ चैतमा बिर्तामोड युनाइटेडको सामना गर्नेछ । प्रतियोगिताको पहिलो सेमिफाइनल मंगलबार दमक फुटबल एकेडेमी र फिक्कल युनाइटेडबीच हुनेछ । दमकले आयोजक देउराली स्पोर्टिङ क्लबलाई हराउँदै सेमिफाइनल पुगेको हो । फिक्कलले सुनाकोठी एफसी ललितपुरलाई हराएको थियो ।

प्रधानसेनापति ट्रफी सुरु

काठमाडौं/ प्रधानसेनापति ट्रफी- २०७९ खेलकुद प्रतियोगिता सोमबारदेखि सैनिक मुख्यालय जंगी अड्डास्थित मैदानमा सुरु भएको छ । १० वैशाखसम्म चल्ने प्रतियोगितामा सेनाका पृतना, युद्ध मद्दती बाहिनी र विशेष फौज बाहिनीका १४ टोलीले भाग लिनेछन् । यस वर्षको प्रधानसेनापति ट्रफीमा एकसिंगे गैँडालाई मस्कटको रूपमा राखेको आयोजकले जनाएको छ । प्रतियोगिताको उद्घाटन समारोहमा खेलाडीले एकसिंगे गैँडाको मस्कटसमेत प्रदर्शन गरेका थिए । प्रतियोगिताको पहिलो दिन महिला तथा पुरुष १५ सय मिटर दौडका विजेतालाई प्रधानसेनापति प्रभुराम शर्माले पुरस्कृत गरेका छन् । प्रतियोगितामा तेक्वान्दो, बक्सिङ, पौडी, आर्चरी, एथलेटिक्स, सुटिङ, भलिबल, बास्केटबल र फुटबललगायतका खेल समावेश छन् । प्रधानसेनापति ट्रफी २०६५ बाट सुरु भएको हो ।

इंग्लिस प्रिमियर लिगमा सय गोल गर्ने सोङ पहिलो एसियन



खेलको दशौँ मिनेटमा ब्राइटनविरुद्ध गोल गर्दै सोङ इंग्लिस प्रिमियर लिगमा व्यक्तिगत सयभन्दा बढी गोल गर्ने ३४ औँ खेलाडी बने

देश : दक्षिण कोरिया

क्लब : टोटनह्याम

५६२ : क्लब खेल

२०७ : क्लब गोल

९२ : असिस्ट

३७ राष्ट्रिय टोलीमा गोल

१११ राष्ट्रिय टोलीमा खेल

उपाधि
सातपटक दक्षिण कोरियन फुटबलर

दुईपटक टोटनह्याम वर्ष खेलाडी

एकपटक प्रिमियर लिगकै सर्वाधिक गोलकर्ता

लन्डन/ दक्षिण कोरियाका स्ट्राइकर ह्युङ मिन सोङ इंग्लिस प्रिमियर लिग (इपिएल) मा सय गोल गर्ने पहिलो एसियन फुटबलर बनेका छन् । टोटनह्याममा आबद्ध सोङले ब्राइटनविरुद्ध गोल गर्दै यो उपलब्धि हात पारेका हुन् । प्रतिस्पर्धामा टोटनह्यामले ब्राइटनलाई २-१ ले हरायो । सोङले खेलको दशौँ मिनेटमा गोल गरेका थिए । उनको यही गोल नै इंग्लिस प्रिमियर लिगमा व्यक्तिगत सय गोलका रूपमा रह्यो । उनले खेलको ७९औँ मिनेटमा दोस्रो गोल थप्दा टोटनह्यामको जित पक्का भयो ।

इंग्लिस प्रिमियर लिगमा सय गोल संख्या पूरा गर्ने उनी ३४औँ खेलाडी बनेका छन् । यस सिजनमा उनको नाममा सात प्रिमियर गोल रहेको छ । अहिलेसम्म टोटनह्यामका लागि सबैखाले प्रतियोगितामा गरी सोङले तीन सय ६४ खेलमा एक सय ४२ गोल गरेका छन् ।

गत साता सोङको हजुरबुबाको निधन भएको थियो । सोङले इंग्लिस प्रिमियर लिगमा व्यक्तिगत उपलब्धि हात पारेपछि आफ्ना हजुरबुबालाई समर्पित गरेका छन् । 'यो वेला म कठिन अवस्थामा छु, मेरा हजुरबुबा गत साता मात्र बित्नुभयो,' उनले भने, 'यो सयौँ गोल हजुरबुबाप्रति समर्पित गर्न चाहन्छु ।' सोङले इंग्लिस प्रिमियर लिग एसियन खेलाडीहरूका लागि अवसर भएको बताएका छन् । प्रिमियर लिगमा राम्रो गर्ने एसियन खेलाडीहरूको भविष्य सुरक्षित भएको उनको भनाइ छ । 'बेलायतमा राम्रो गर्ने एसियन खेलाडीको भविष्य मैले राम्रो देखेको छु,' उनी भन्छन्, 'अझ धेरैभन्दा धेरै युवा खेलाडी यहाँ आऊन् भन्ने मेरो चाहना हो ।'

स्टारलाई नेपाल कप उपाधि

रोहितराज पराजुली/नयाँ पत्रिका
कास्की, २७ चैत

स्टार क्रिकेट एकेडेमीले नेपाल कप यू-१९ क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । पोखरा रंगशालाको क्रिकेट मैदानमा सोमबार भएको फाइनलमा कर्णाली क्रिकेट एकेडेमीलाई सात विकेटले पराजित गर्दै स्टारले उपाधि हात पारेको हो । टस जितेर ब्याटिङ रोजेको कर्णालीले १९.१ ओभरमा १० विकेटको क्षतिमा ७२ रन जोडेको थियो । सहज लक्ष्य पछ्याएको स्टारले ९.५ ओभरमा तीन विकेट मात्र गुमाएर ७६ रनको योगफल तयार पाऱ्यो ।

कर्णालीका विराट भण्डारीले २७ बलमा दुई चौकासहित सर्वाधिक १५ रन जोडेका थिए । रोशन शाहीले १० रन बनाए । अन्य कुनै पनि खेलाडीले दोहोरो रन बनाउन सकेनन् । स्टारका लागि ओपनर अनमोल श्रीषले ३० बलमा पाँच चौकाको सहयोगमा सर्वाधिक २५ रन बटुले ।

स्टारका अमर मिश्रले नौ बलमा समान दुई चौका र छक्काको सहयोगमा २२ रन बनाए । अंकित बिएमले नटआउट १४ र विशाल भुसालले ८ रन बनाए । खेलका म्यान अफ दी म्याच स्टारका सुमित पराजुलीले चार ओभरमा १९ रन खर्चेर ३ विकेट हात पारेका थिए । स्टारका शुभम खनालले दुई विकेट हात पारे ।



अमर म्यान अफ दी सिरिज

कर्णालीका लागि भरत क्षेत्री, आदित्यविक्रम शाह र सन्दिप ठकुरीले समान एक विकेट लिए । लिग कम नकआउटका आधारमा चलेको यू-१९ क्रिकेटमा म्यान आफ दी सिरिजको उपाधि स्टारका अमर मिश्र भए । उत्कृष्ट ब्याट्सम्यानमा विराटसिंह भण्डारी र उत्कृष्ट बलर पोखरा क्रिकेट एकेडेमीका प्रदीप अर्याल ठहरिए । ६ टोलीको सहभागिता रहेको प्रतियोगिताका विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ पाए । यसैगरी, म्यान अफ दी सिरिजले १० हजार रुपैयाँ पाए । उत्कृष्ट ब्याट्सम्यान र बलरले सात हजार रुपैयाँ पाएका छन् ।

यसैबीच, नेपाल कप यू-१९ को समापनमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका करण केसी र यू-१९ का दुईजना खेलाडीलाई जनही ३५ हजार प्रदान गरी सम्मानित गरिएको छ ।

नरपथगन्ज र एपिएफ विजयी

विराटनगर/ ऋचा स्मृति टी-२० क्रिकेट प्रतियोगितामा सोमबार भारत बिहारको राहुल ११ नरपथगन्ज र विभागीय एपिएफ विजयी भएका छन् । पहिलो खेलमा नरपथगन्जले त्रिभुवन आर्मीलाई चार विकेटले हरायो । पूर्वाञ्चल क्रिकेट एकेडेमीको आयोजनामा विराटनगर जुटमिलको खेलमैदानमा भएको उद्घाटन खेलमा एक सय २५ रनको लक्ष्य पछ्याएको नरपथगन्जले १६.४ ओभरमा ६ विकेटको क्षतिमा लक्ष्य पूरा गऱ्यो । नरपथगन्जका रवि रोयले ३० बलमा ४० रनको योगदान दिए । उनले समान तीन चौका र छक्का प्रहार गरेका थिए । भानु आन्दले ३३ रन र अमर चौधरीले २० रन जोडे ।

आर्मीका जितेन्द्र मुखिया र आकाश चन्दले समान दुई विकेट हात पारे । टस जितेर ब्याटिङ गरेको आर्मीले १७.४ ओभरमा अलआउट हुँदै एक सय २४ रन मात्र बनायो । आर्मीका हरि चौहानले ४० बलमा ६३ रनको अर्धशतकीय योगदान दिए । उनले चार छक्का र ६ चौका प्रहार गरे । राजेश पुलामीले २६ बलमा ३४ रनको योगदान गरे । नरपथगन्जका श्रवण बर्माले ४ ओभरमा १९ रन खर्चिएर ४ विकेट लिए । रबडा कुमारले २ विकेट लिए ।

अर्को खेलमा एपिएफले वाइआरसिसी क्रिकेट क्लब विराटनगरलाई चार विकेटले हरायो । एपिएफले १७.३ ओभरमा ६ विकेट गुमाएर एक सय १६ रनको लक्ष्य पूरा गऱ्यो । एपिएफका पुरन विकले २७ रन र अरुणले २६ रनको योगदान दिए । वाइआरसिसीले १८.५ ओभरमा अलआउट हुँदै एक सय १५ रन बनाएको थियो ।

आइपिएलको एकै खेलमा हिरो बने रिंकु

आइपिएलको इतिहासमै इनिङ्सको अन्तिम पाँच बलमा लगातार छक्का प्रहार गरेका रिंकु सिंह कुनै समय भुइँ पुछेर प्रशिक्षण केन्द्रमा रकम तिर्थे



नयाँदिल्ली/ कोलकत्ता नाइट राइडर्सले पाँच वर्षअघि इन्डियन प्रिमियर लिग (आइपिएल)मा रिंकु सिंहलाई ८० लाख भारुमा अनुबन्ध गरेको थियो । आइपिएलको अक्सनमा रिंकुको प्रारम्भिक बोली न्यूनतम २० लाख भारु थियो । कोलकत्ताले जोखिम उठाउँदै रिंकुमाथि ८० लाख भारु खर्चियो । अक्सनमा रिंकु कोलकत्तामा अनुबन्ध हुँदा धेरै आलोचना भएको थियो । कोलकत्ताले औसत खेलाडीमाथि ठूलो रकम खर्चिएको भनियो । तर, आइतबार आइपिएलअन्तर्गत गुजरात टाइटन्सविरुद्धको खेलमा रिंकुले आफ्नो वास्तविक परिचय दिए । उनले इनिङ्सका अन्तिम पाँच बलमा लगातार छक्का प्रहार मात्र गरेनन्, कोलकत्तालाई रोमाञ्चक जितसमेत दिलाए ।

यसै अविस्मरणीय प्रदर्शनसँगै रिंकु अहिले भारतीय मिडिया तथा आइपिएलकै 'हट केक' बनेका छन् । भारतीय सञ्चारमाध्यमहरूले उनले प्रहार गरेका पाँच छक्काको बारम्बार रिप्ले देखाइरहेका छन् । रिंकु एक सामान्य किसान परिवारमा जन्मेका व्यक्ति हुन् । भारतको उत्तरप्रदेशको अलीगढमा उनको जन्म भएको थियो । उनका बुबा ग्यास विक्रेता हुन् । रिंकुका चार दाजु छन् ।

बुबा ग्यास व्यवसायी

परिवारको आर्थिक अवस्था कमजोर हुँदा रिंकुले राम्रो अध्ययन गर्न पाएनन् । तर, बुबाको पेसामा समेत संलग्न भएका रिंकु ग्यासको सिलिन्डर बोकेर उपभोक्ताको घर-घरमा पुग्थे । वेला-वेलामा बुबा रिंकुलाई खेलमा समय खेर फालेको भनी गाली गर्थे । 'बुबाले मलाई क्रिकेट खेल्यो भनी कुटुन्जेल्हुन्थ्यो,' रिंकुले सोमबार भारतीय मिडियालाई दिएको अन्तर्वार्तामा भनेका छन् । रिंकुले सुरुमा रमाइलोका लागि क्रिकेट खेले पनि बिस्तारै आफूलाई पोख्त बनाए । एक स्थानीय क्रिकेट प्रतियोगितामा उनले उत्कृष्ट प्रदर्शन गरी जितेको मोटरसाइकल बुबालाई खुसी पार्न उपहार दिए ।

केन्द्रमा रकम तिर्न भुइँ सफा गर्थे

मोटरसाइकल पाउँदा रिंकुका बुबा दंग परे । उनले आफ्ना छोरालाई क्रिकेट खेल्न कुनै रोक लगाएनन् । रिंकुले आफ्नो स्तर राम्रो बनाउन प्रशिक्षण लिएका थिए । प्रशिक्षण केन्द्रमा प्रतिमहिना रकम तिर्नुपर्ने थियो । रिंकुले त्यही प्रशिक्षण केन्द्रमै भुइँ पुछेर पार्ट टाइम काम गरी मासिक रूपमा प्रशिक्षण केन्द्रमा रकम तिरे । 'यद्यपि, मलाई भुइँ पुछ्ने काम मन परेको थिएन,' रिंकुले भनेका छन्, 'पढाइ नहुँदा राम्रो जागिर पनि खान सकिने, फेरि क्रिकेटमा मात्र ध्यान दिनुपर्ने थियो ।' धेरै समस्याबीच उनी भारतमा भएको यू-१६ का लागि ट्रायलमा गए । दुईपटकसम्म उनी पहिलो राउन्डबाटै बाहिरिए । यसैक्रममा उनले सन् २०१४ मा उत्तरप्रदेशबाट माथिल्लो लेभलमा डेब्यु गरे । उत्तरप्रदेशबाट राम्रो प्रदर्शन गरेपछि उनी सन् २०१७ मा आइपिएलमा पन्जाबमा छनोट भए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com